# नेपालको नयाँ राजनीतिक परिदृश्य

एसिया रिपोर्ट नं. १५६ — ३ जुलाई २००८

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

# सम्पादकीय टिप्पणी

यो इन्टरन्यासनल क्राइसिस ग्रुपद्वारा प्रकाशित रिपोर्टको नेपाली अनुवाद हो। यसको आधिकारिक संस्करण अङ्ग्रेजीमा प्रकाशित छ। क्राइसिस ग्रुपका नेपालसम्बन्धी सबै रिपोर्टहरू वेबसाइट (www.crisisgroup.org) बाट डाउनलोड गर्न सकिन्छ। नयाँ रिपोर्टका प्रकाशित प्रति प्राप्त गर्न निम्न ठेगानामा सम्पर्क राख्नुहोला :

इन्टरन्यासनल क्राइसिस ग्रुप
प्रशान्ति कोलोनी, सानेपा, ललितपुर
फोन: ५५४८३२८, फ्याक्सः ५५४८९५८
nepal@crisisgroup.org

# विषयसूची


सारसङ्क्षेप र सुझाउ........ i

१. परिचय........ १

२. माओवादी : सत्तामा जाने तयारी........ २

क) आन्तरिक चुनौतीहरू........ २

ख) बाह्य सम्बन्ध........ ४

ग) नीति, सिद्धान्त तथा व्यवहारवाद........ ५

घ) सबलता र दुर्बलता........ ६

३. नयाँ प्रतिपक्ष........ ८

क) ठूला पुराना दलहरू : खाडलमा जाकिए........ ८

१. नेपाली काङ्ग्रेस........ ८

२. एमाले........ ९

३. आफूलाई सुधार्न सक्लान् त?........ १०

ख) मधेसी दलहरूको आगमन........ ११

ग) वरपर आएको परिवर्तन........ ११

४. निर्वाचन परिणाम र प्रतिक्रिया........ १२

क) काठमाडौँ : विजयको लहर........ १२

ख) भारत : ठूल्दाइलाई तीतोमीठो स्वाद........ १३

ग) अन्य अन्तर्राष्ट्रिय खेलाडीहरू........ १५

१. चीन........ १५

२. संयुक्त राज्य अमेरिका........ १६

३. संयुक्त राष्ट्र........ १६

५. सङ्क्रमणकालीन कदम........ १७

क) गणतन्त्रको घोषणा........ १७

ख) नयाँ सरकार : सहमतिको कि प्रतिस्पर्धाको?........ १९

६. अगाडि बढ्दा........ २१

क) सत्ता सङ्घर्षको कारण : सुरक्षा क्षेत्रको नियन्त्रण........ २१

१. समस्या........ २१

२. कुन बढी कालो? हाँडी कि ध्वाँसो?........ २२

३. निकास के हो त?........ २३

ख) शान्ति, शासन व्यवस्था र संविधान लेखन........ २४

६. निष्कर्ष........ २६

अनुसूचीहरू

क) नेपालको नक्सा........ २७

ख) गणतन्त्रको घोषणा........ २८

ग) इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय........ २९

घ) इन्टरन्यासनल क्राइसिस ग्रुपले सन् २००४ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू........ ३०

ङ) इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू........ ३२

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. १५६ ३ जुलाई २००८

# नेपालको नयाँ राजनीतिक परिदृश्य

## सारसङ्क्षेप र सुझाउ

भूमिगत विद्रोहबाट खुला राजनीतिमा आएका माओवादीले १० अप्रिल २००८ मा सम्पन्न संविधानसभाको निर्वाचनमा प्राप्त गरेको उल्लेखनीय जीतसँगै आफ्नो रूपान्तरणलाई प्रतिष्ठापित गरे। उनीहरूको आश्चर्यजनक विजयले अरू पार्टीलाई अलमलमा पारेको छ। मूलधारका ठूला पार्टीहरू आफ्नो पराजयलाई स्वीकार गरी माओवादीले नेतृत्व गर्ने सरकारमा सामेल हुन आनाकानी गरिरहेका छन्, यद्यपि उनीहरूले निर्वाचनअगाडि संवैधानिक रूपमै अन्तरदलीय एकता कायम गर्ने वचनबद्धता प्रकट गरेका थिए। संविधानसभाको पहिलो बैठकले लगभग सर्वसम्मतिले राजतन्त्रको अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई जन्म दियो। सरकार निर्माणका सम्बन्धमा भएको लामो र अशोभनीय खिँचातानीले के देखाउँछ भने सहमतिमा आधारित संविधान निर्माण प्रक्रिया लागू गर्न धेरै कठिन हुनेछ। स्थायी शान्तिको निर्माण र जनताले चाहेअनुसारको परिवर्तन ल्याउन सबै पार्टीहरूले नयाँ परिस्थितिलाई आत्मसात् गरी माओवादीको नेतृत्वमा बन्ने सरकारअन्तर्गत रहेर सहयोग गर्नुपर्छ। अहिलेसम्म पटक्कै ध्यान नगएको सुरक्षा क्षेत्र जस्ता विषयलाई हेर्न र केही जिल्लामा खस्किएको शान्ति सुव्यवस्था बहाल गर्न, भूमि तथा स्थानीय सरकार सम्बन्धमा ठोस कदम चाल्न पनि त्यसो गर्नुपर्छ।

जे भए पनि यसपटक नेपाली राजनीतिक परिदृश्य नउल्टिने गरी बदलिएको छ। नेपालले शान्तिपूर्ण रूपमा गणतन्त्रात्मक स्वरूप लियो। नेकपा (माओवादी) तथा अन्य क्षेत्रीय पार्टीहरू अब वास्तविकता बने। पुरानो तरिकाको राजनीतिक खेल त चलिरहला, तर राजनीतिको स्वरूप एकदमै फेरिएको छ। नयाँ संविधानसभा अहिलेसम्मका निर्वाचित संसदहरूमा सबभन्दा बढी समावेशी छ। त्यसमा जात, जाति, क्षेत्रीय समुदायहरूको प्रतिनिधित्व पहिले-पहिलेको संसदमा भन्दा धेरै छ। संविधानसभाको एकतिहाइ भाग महिलाले ओगटेको छ, जसले गर्दा यस मामिलामा यस क्षेत्रका देशहरूमा नेपाल सबभन्दा अगाडि भएको छ। तथापि यस निर्वाचनले परिवर्तनको जनादेश मात्र दिएको छैन, चिर्न गाह्रो पर्ने जटिलता पनि उब्जाएको छ।

पुराना पार्टीहरूले नयाँ वास्तविकतालाई हेर्ने प्रयास गरेका छैनन्। जनादेश एउटा पार्टीको अल्पमतको शासनका लागि नभई शान्ति तथा परिवर्तनको बाटोमा आपसी सहयोगका लागि प्राप्त भएको छ। नेपाली काङ्ग्रेस तथा नेकपा (एमाले) परिणाम जस्तोसुकै आए पनि सहमति तथा सहयोगका आधारमा अगाडि बढ्ने वचनबद्धताका साथ निर्वाचनमा गएका थिए। अगाडिको त्यस वचनबद्धतालाई पूरा गर्न उनीहरूले देखाएका अनिच्छा मोलमोलाईको निम्ति उनीहरूको दाउ हुन सक्छ। तर यसबाट शान्ति प्रक्रियालाई नोक्सानी पुग्ने र जनतामा उनीहरूको छवि झनै बिग्रने खतरा छ। जनताका नजरमा संविधान निर्माण प्रक्रियामा विभिन्न नीतिहरूमा स्वस्थ बहस चलाएर भरपर्दा तथा सिर्जनशील सहभागीका रूपमा नभई हठी विनाशकका रूपमा देखिने खतरा उनीहरू मोलिरहेका छन्। आफैँलाई बढी प्रतिनिधित्वपूर्ण बनाउनका लागि उनीहरू आन्तरिक सुधारमा जति ढिलाइ गर्छन् त्यति नै बढी आफूबाट टाढिएका समर्थकहरूसँग जोडिन उनीहरूलाई गाह्रो पर्नेछ।

माओवादी नेतृत्वले पनि यस अवसरलाई आन्तरिक रूपमा आफ्नो शक्ति परिचालित गरी निर्णायक ढङ्गले हिंसा र बल प्रयोगको राजनीति त्याग्न उपयोग गर्न सकेको छैन। आन्दोलनभित्र विवादास्पद "शान्तिपूर्ण क्रान्ति" को रणनीतिले त्यस नीतिका प्रणेताहरूले सोचेभन्दा बढी सफलता प्राप्त गरेको छ। अझै पनि उनीहरूले आन्तरिक विवाद र बाह्य दबाबको सामना गर्नुपरिरहेको छ। उनीहरू अरूसित मिलेर काम गर्न सिपालु छन्। आन्तरिक विवादलाई सहमतिपूर्वक व्यवस्थित गर्नमा माओवादी नेता प्रचण्ड, २६ जूनमा प्रधानमन्त्रीको पदबाट राजीनामाको घोषणा गर्ने नेकाका नेता गिरिजाप्रसाद कोइरालाभन्दा कुशल छन्। तर विश्वास जित्नका लागि कुराका साथै काम पनि चाहिन्छ। त्यसका लागि उनीहरूले विधिको शासनमा आफ्नो दृढ प्रतिबद्धताको प्रदर्शनका साथै योङ कम्युनिस्ट लिगलाई समानान्तर प्रहरीको कार्य गर्नबाट रोक्नुपर्दछ।

सुरक्षा क्षेत्रको प्रश्न निकै महत्त्वपूर्ण छ। दुईथरी सेनाको उपस्थिति यसै पनि अस्थिरताको परिचायक हो। माओवादी सरकारको अधीनमा नेपाली सेना तथा आफ्नै पार्टीको सेना कसरी रहन सक्छ त्यो व्यापक चासोको विषय बनेको छ। तर यो परिस्थिति ल्याउनमा नेपाली सेना र मूलधारका दलहरू नै जिम्मेवार छन्। किनभने उनीहरूले सुरक्षा क्षेत्रको भविष्यका बारेमा छलफल नगरी दुई वर्षको समय यसै खेर फाले। राष्ट्रिय सेना सारतः लोकतान्त्रिक नियन्त्रणबाहिर छ। त्यसैले शक्तिको सहज हस्तान्तरणलाई सुरक्षित तुल्याउन जुन नियन्त्रण र सन्तुलन आवश्यक छ त्योभन्दा यो बाहिर रहेको छ। सेनालाई व्यक्तिगत राजनीतिक स्वार्थसिद्धि गर्ने साधनका

रूपमा सेनाको उपयोग गर्न चाहने पूर्व प्रधानमन्त्री कोइराला र प्रधानसेनापति रुक्माङ्गद कटुवाल प्रवृत्तिको यो एउटा विरासत हो। सम्झौताका विकल्पहरूका बारेमा छलफल गर्ने माओवादी तत्परता अरण्यरोदन बनेको छ।

सुरक्षा क्षेत्रबाहेक अन्य टड्कारा चुनौतीहरूलाई पनि सम्बोधन गर्नु आवश्यक छ। खासगरी तराईका केही जिल्लामा शान्ति सुव्यवस्थाको स्थिति अत्यन्त नाजुक छ र दण्डहीनताको संस्कृति यथावत् छ। द्वन्द्वका समयमा कब्जा गरिएका जमिन फिर्ता गर्ने तथा भूमिसुधार गर्ने सम्बन्धमा केही प्रगति भएको छैन। शान्ति बहाल गर्नलाई जिल्ला तथा स्थानीय तहमा धेरै ध्यान दिनु आवश्यक छ, तर हालसम्म पनि स्थानीय निकाय गठन गर्नेबारे आधारभूत कुरामा समेत सहमति बन्न सकेको छैन।

पूर्वराजा ज्ञानेन्द्रको इज्जतपूर्ण बहिर्गमनले के देखाउँछ भने पुराना दलहरूले भन्दा बढी बरु उनले जनभावनालाई सुनेका र बुझेका रहेछन्। गणतन्त्रतर्फको सङ्क्रमणमा देखिएको यो ठूलो विडम्बना हो। घटनाक्रमले के सङ्केत गर्छ भने नेताहरूलाई संविधानसभाको सम्प्रभुताभन्दा केही व्यक्तिहरूका हातमा निर्णायक शक्ति सीमित राख्ने कुरामा बढी चासो छ। यो प्रवृत्ति संविधान लेखन प्रक्रियाको वैधानिकताका लागि घातक छ।

यस रिपोर्टसँगै प्रकाशित एउटा अर्को रिपोर्टमा संविधानसभा निर्वाचनको प्रचार अभियान तथा मतदानका बारेमा विस्तृत विवरण प्रस्तुत गर्दै निर्वाचनको विश्वसनीयताको मूल्याङ्कनका साथै निर्वाचन परिणामको विश्लेषण गरिएको छ।

## सुझाउ

### सत्ताका साझेदार सात दल तथा संविधानसभामा प्रतिनिधित्व गरेका अन्य प्रमुख पार्टीका लागि :

१. माओवादीको नेतृत्वमा सकेसम्म व्यापक सहभागिता जुटाउँदै सहमतिमा आधारित सरकार गठन गर्ने।

२. संविधानसभा निर्वाचन अदालत जस्ता स्थापित तथा औपचारिक निकायबाट निर्वाचनसम्बन्धी विवादहरूको टुङ्गो लगाउने। प्रमाणित हुन नसक्ने दोषारोपण सार्वजनिक रूपमा नगर्ने।

३. जनमुक्ति सेना तथा नेपाली सेनाको भविष्यबारेमा निम्न प्रक्रिया अपनाई छलफल सुरु गर्ने :

(क) सुरक्षा क्षेत्रको भविष्यका बारेमा छलफल गर्न अन्तरिम व्यवस्थापिकाले व्यवस्था गरेको तर अहिले मृत भइसकेको "१४६ समिति" कै लाइनमा एउटा बहुदलीय समिति गठन गर्ने;

(ख) नेपालको सुरक्षा आवश्यकता के हो र त्यसलाई पूरा गर्न कस्तो सुरक्षा व्यवस्था चाहिन्छ त्यसबारे साँच्चिकै राष्ट्रिय बहस सुरु गर्ने;

(ग) सक्षम रक्षा मन्त्रालयको निर्माण गर्ने तथा राष्ट्रिय सुरक्षा परिषद् स्थापना गर्ने विषयमा काम सुरु गर्ने; र

(घ) सेना तथा प्रहरी सङ्गठनमा विभिन्न जात, जाति तथा क्षेत्रको प्रतिनिधित्व गराउन र विगतका सम्झौताहरूमा भएका सहमतिलाई लागू गराउने योजना बनाउने।

४. द्वन्द्वका समयमा कब्जा गरिएका जग्गा फिर्ता गराउने तथा भूमिसुधार थाल्नका लागि कुनै आयोग या आवश्यक संयन्त्रको निर्माण गर्ने।

५. शान्ति प्रक्रियाका बाँकी रहेका अन्य पक्षहरूलाई अघि बढाउन निम्नानुसार गर्ने :

(क) डिसेम्बर २००७ को २३ बुँदे शान्ति सम्झौता तथा अन्य सम्झौताहरू कार्यान्वयन गर्ने;

(ख) नोभेम्बर २००६ को विस्तृत शान्ति सम्झौता तथा युद्धविरामसम्बन्धी आचारसंहिताको पालन गर्ने; र

(ग) स्थानीय तहमा शान्ति स्थापनाका लागि पर्याप्त ध्यान दिने। त्यसका लागि स्थानीय निकायको पुनर्स्थापना, सर्वदलीय प्रतिनिधि र स्थानीय समुदायबीच जिल्ला तहमा छलफल गराउने कामहरू गर्ने।

६. संयुक्त राष्ट्रको थप सहयोगको आवश्यकताका बारेमा निर्णय गरी २२ जुलाईमा म्याद सकिने अनमिनको सहज सङ्क्रमणका लागि आवश्यक कार्बाहीको अनुरोध गर्ने।

७. संविधान लेखन प्रक्रियाका लागि निम्नानुसार तयारी गर्ने :

(क) वर्तमान कामचलाउ व्यवस्थाका ठाउँमा जतिसक्दो व्यापक सहमतिका आधारमा स्थायी कार्यपद्धति स्थापित गर्ने;

(ख) संविधानसभाको निम्ति आवश्यक उपसमितिहरू गठन गरी संविधान बनाउने निकायका रूपमा र विधायिकाका रूपमा संविधानसभाको कार्यक्षेत्रका बारेमा समझदारी बनाउने;

(ग) प्रमुख पार्टीहरूले आफ्ना घोषणापत्रहरूमा विस्तारसित व्याख्या नगरी मोटामोटी प्रतिबद्धता मात्र व्यक्त गरेकाले सार्वजनिक सहभागिताका लागि स्पष्ट प्रतिबद्धता व्यक्त गर्ने।

८. दण्डहीनताको संस्कृति अन्त्य गर्न तुरुन्त निम्न कदम चाल्ने:

(क) युद्धकालीन ज्यादतीसम्बन्धी अपूर्ण अनुसन्धान कार्यहरू पूरा गर्ने। त्यसका लागि अभियुक्तहरू तथा साक्षीहरूबाट सहयोगको माग गर्ने;

(ख) महाराजगन्जमा सेनाद्वारा दिइएको यातना, अपहरण, बेपत्ता बनाइएका मुद्दाहरू तथा माडीमा माओवादीद्वारा सार्वजनिक बसमा बम विस्फोट जस्ता स्पष्ट रूपमा अभिलेख गरिएका मानवअधिकार उल्लङ्घनका विषयमा अनुसन्धान गर्ने र कारवाही चलाउने; र

(ग) बृहत् शान्ति सम्झौतामा बाचा गरिएअनुरूप द्वन्द्वकालमा बेपत्ता पारिएकाहरूको स्थितिका बारेमा अनुसन्धान गरी सम्बन्धित परिवारलाई जानकारी दिने। साथै, अझै बेपत्ता रहेका सयौं व्यक्तिहरूको स्थितिका बारेमा पत्ता लगाउने काममा सहयोग पुऱ्याउन राज्य सुरक्षा निकाय तथा नेकपा (माओवादी) लाई आदेश दिने।

९. संविधानसभाका एकतिहाइ महिला सभासदको मात्र नभई शान्ति प्रक्रियामा महिलाहरूको भूमिकालाई सम्मान र प्रोत्साहन गर्ने। महिलाको राजनीतिक प्रतिनिधित्वमा दक्षिण एसियाली क्षेत्रमै अग्रस्थान ओगटेबाट प्राप्त नयाँ प्रतिष्ठालाई अघि बढाउँदै संयुक्त राष्ट्रको सुरक्षा परिषद्द्वारा पारित १३२५ नं. को प्रस्तावमा परेका सुझाउहरू लागू गर्न भरमग्दुर प्रयत्न गर्ने।

१०. निर्वाचन हुनुअघि संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चासँग गरिएका सम्झौताहरूलाई पूर्णरूपमा कार्यान्वयन गर्ने र अन्य सशस्त्र समूहहरूसँग वार्ताका प्रयास जारी राख्ने।

११. सातदलीय गठबन्धनभन्दा बाहिर गएर संविधानसभामा प्रतिनिधित्व गर्ने सबै पार्टीहरूलाई संविधान लेखन प्रक्रियामा सामेल गराउने र सत्तारुढ सात दलको विशेष हैसियत समाप्त पार्न अन्तरिम संविधान संशोधन गर्ने।

### नेकपा (माओवादी) का लागि :

१२. निम्न कार्यहरू गरेर हिंसा, आतङ्क र अपहरण कार्य बन्द गर्ने :

(क) वाईसीएललाई नियन्त्रणमा ल्याएर एउटा अहिंसात्मक राजनीतिक दलको वैध भ्रातृ सङ्गठनले गर्न पाउने क्रियाकलापहरूमा मात्र सीमित राख्ने; र

(ख) अप्रिल २००८ मा गरिएको रामहरि श्रेष्ठको हत्या लगायत अन्य अपराध कार्यमा संलग्न माओवादी कार्यकर्ताहरूका सम्बन्धमा गरिने अनुसन्धान कार्यलाई सहयोग पुऱ्याउने तथा अभियुक्तहरूलाई राज्यको कानुनी निकायसमक्ष आत्मसमर्पण गराउने।

१३. "जनअदालत", "संयुक्त क्रान्तिकारी जनपरिषद्" र "जनसरकार" जस्ता समानान्तर शासनका संरचनाहरू भङ्ग गर्ने।

### नेपाली काङ्ग्रेस (नेका) र नेपाल कम्युनिस्ट पार्टी (एमाले) का लागि :

१४. निर्वाचनका परिणामहरूलाई स्वीकार गरी संविधानसभामा रहेको आफ्ना उल्लेखनीय सिट सङ्ख्यालाई रचनात्मक कार्यमा उपयोग गर्ने।

१५. मतदाताहरूसँग पुनःसम्बन्ध जोड्न गम्भीर संरचनागत र नीतिगत सुधारको आवश्यकता बुझेर निम्न कार्य गर्ने :

(क) पार्टीभित्र आन्तरिक प्रजातन्त्र प्रवर्द्धन गर्ने (जुन कुरा खासगरी नेकाभित्र कमजोर छ);

(ख) नेपालको विविधताअनुरूप पार्टीको संरचनालाई सबै तहमा बढी प्रतिनिधित्वमूलक बनाउने; र

(ग) पार्टीपदहरूमा महिला प्रतिनिधित्वको स्तर वृद्धि गर्दै लैजाने।

### नेपाली सेनाका लागि :

१६. लोकतन्त्रप्रति बारम्बार गरिएका प्रतिबद्धताहरू पूरा गर्नलाई निम्न कार्य गर्ने :

(क) राजनीतिबाट बाहिरै बस्ने;

(ख) सुरक्षा क्षेत्रउपर अर्थपूर्ण लोकतान्त्रिक नियन्त्रणका निम्ति चालिएका पाइलाहरूलाई सघाउने; र

(ग) भविष्यको राष्ट्रिय सुरक्षा नीतिको स्वरूपका सम्बन्धमा हुने बहसमा व्यावसायिक सुझाउहरू प्रदान गर्ने।

### अन्तर्राष्ट्रिय समुदाय, खासगरी भारत, चीन, अमेरिका, युरोपेली सङ्घ र संयुक्त राष्ट्रका लागि :

१७. निर्वाचनपछिको समयमा निम्न कार्यहरू गरेर सघाउने :

(क) निर्वाचन परिणाम स्वीकार्नुपर्छ र कुनै विशेष सिकायत भएमा त्यसको उपचारका निम्ति औपचारिक विधि उपयोग गरिनुपर्छ भन्ने कुरा सबै पार्टीहरूलाई हेक्का दिलाउने; र

(ख) शक्ति बाँडफाँडका आधारमा संयुक्त सरकार गठन गर्नलाई जोड दिने र सघाउने।

१८. संवैधानिक प्रक्रियामा जनसहभागिता सुनिश्चित गर्नका लागि संयन्त्रहरू खडा गर्न प्राविधिक तथा आर्थिक सहायता प्रदान गर्ने र संविधानसभाले चाहेको खण्डमा यसका सदस्यहरूलाई आवश्यक प्रशिक्षण र अभिमुखीकरण कार्यक्रमहरूका लागि समन्वय स्थापित गर्ने।

**काठमाडौं/ब्रसेल्स, ३ जुलाई २००८**

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. १५६ | ३ जुलाई २००८

# नेपालको नयाँ राजनीतिक परिदृश्य

## १. परिचय

नेपालको संविधानसभाको निर्वाचनले आश्चर्यलाग्दो परिणाम ल्यायो र शान्ति प्रक्रियामा एक कठिन नयाँ सङ्क्रमणकालीन चरण उद्घाटित गऱ्यो।[१] यसबाट प्रमुख पार्टीहरूको राजनीतिक धरातलको फेरबदल भएको छ। संविधानसभामा एकतिहाइभन्दा बढी सिट जितेर नेकपा (माओवादी) एउटा विद्रोही भूमिगत समूहबाट दुई वर्षको अवधिमा सबभन्दा ठूलो राष्ट्रिय पार्टीको ठाउँमा आइपुगेको छ। सन् १९९९ को पछिल्लो आमनिर्वाचनमा विजय प्राप्त गरेर अन्तरिम सरकारमा प्रभुत्व राख्दै आएको नेपाली काङ्ग्रेस भने माओवादीको भन्दा आधा सिट मात्रै प्राप्त गरेर दोस्रो स्थानमा पुगेको छ। तेस्रो स्थानमा परेको नरमपन्थी कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले चाहिँ माओवादीको विजयलाई पचाउने, आन्तरिक पार्टी संरचनालाई चुस्त-दुरुस्त राख्ने र मतदाताहरूसँगको सम्बन्धलाई फेरि जोड्ने जस्ता चुनौतीहरूको सामना गर्नुपर्ने भएको छ। तराईका क्षेत्रीय पार्टीहरूको सशक्त प्रदर्शन (खासगरी मधेसी जनअधिकार फोरमको) राजनीतिक समर्थनका जनाधारमा संरचनागत फेरबदल भएको एउटा सङ्केत हो।

यस रिपोर्टमा १० अप्रिल २००८ मा भएको संविधानसभाको निर्वाचनपछिको राजनीतिक परिदृश्यको सर्वेक्षण गरिएको छ।[२] सर्वप्रथम यस रिपोर्टमा पार्टीहरूको स्थितिको जाँच गरिएको छ : निर्वाचनको परिणामलाई पार्टीहरूले कसरी लिएका छन्, पार्टीहरूभित्र आन्तरिक बहसको अवस्था कस्तो छ, साङ्गठनिक दबाब परेको छ छैन, साथै तत्कालका लागि र निकट भविष्यमा पार्टीहरूको व्यवहारलाई निर्धारित गर्ने कारकतत्त्वहरू के-के हुन सक्छन् भनी पर्घेल्ने प्रयास गरिएको छ। पछिल्ला खण्डहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिक्रियाहरू र नयाँ सरकार बनाउने क्रममा देखिएका चुनौतीहरू, अन्तरिम राज्य संरचना र संविधान लेखन प्रक्रियाको सुरुआतका सम्बन्धमा विवेचना गर्ने काम गरिएको छ।

यस रिपोर्टमा अघि सारिएका धेरैजसो नीतिगत सुझाउहरू नयाँ होइनन्। तत्कालको प्राथमिकता स्पष्ट छ : सबै पार्टीहरूले निर्वाचनको परिणामलाई स्वीकार गरेर शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने र नयाँ संविधान लेख्ने दुईओटा प्रमुख काम पूरा गर्न संवेदनशील सहकार्य गर्दै अगाडि बढ्नुपर्छ। यी विषयहरूमा पहिले गरिएका थुप्रै सिफारिसहरू किन अझै सान्दर्भिक छन् भने शान्ति प्राप्त गर्नका निम्ति गरिनुपर्ने कठिन कार्यहरू साह्रै थोरै भएका छन्।

---

[१] निर्वाचनअघिको अवस्थाबारे र निर्वाचन तथा संक्रमणलाई व्यवस्थित गर्न तयार गरिएका संवैधानिक र कानुनी प्रावधानहरू, हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. १४९, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* २ अप्रिल २००८। अन्य ताजा रिपोर्टहरूमा क्राइसिस ग्रुपको एसिया ब्रिफिङ नं. ७२, *नेपाल : स्थगित शान्ति,* १८ डिसेम्बर २००७, एसिया ब्रिफिङ नं. ६८, *नेपालको नाजुक शान्ति प्रक्रिया,* २८ सेप्टेम्बर २००७ र एसिया रिपोर्ट नं. १३६, *हिंसाको तापमा तराई,* ९ जुलाई २००७, नं. १३२, *नेपालका माओवादी : विशुद्धतावादी कि व्यवहारवादी?*, १८ मे २००७ र नं. १२८, *नेपालको संवैधानिक प्रक्रिया,* २६ फेब्रुअरी २००७। यी रिपोर्टहरूको पूर्ण नेपाली अनुवाद र ब्रिफिङहरू www.crisisgroup.org/nepali मा पाइन्छन्।

[२] *नेपालको चुनाव : शान्तिपूर्ण क्रान्ति?*, शीर्षकमा यस रिपोर्टसँगै प्रकाशित अर्को रिपोर्टमा निर्वाचनको प्रचार अभियान र मतदानको बयान गरिनुका साथै निर्वाचनको विश्वसनीयताको आकलन तथा निर्वाचन परिणामको विश्लेषण गरिएको छ।

## २. माओवादी : सत्तामा जाने तयारी

झट्ट हेर्दा माओवादीको विजय उनीहरूको "शान्तिपूर्ण क्रान्ति" गर्ने रणनीतिको निकै पत्यारिलो प्रदर्शन थियो। नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले शान्ति प्रक्रियामा रहिरहनु नै सही हुने तर्क राख्दै यसको अत्यन्त विवादास्पद लाइनलाई अगाडि सारेका थिए।[३] तथापि वास्तविकता त्यति सरल नभएको माओवादीले पनि बुझेका छन्। प्रत्यक्ष निर्वाचनको सुरु-सुरुको परिणामले माओवादीलाई एकदमै स्पष्ट बहुमत प्राप्त हुने देखिए पनि अन्तिम परिणाममा उनीहरूलाई संविधानसभाको एकतिहाइभन्दा केही बढी मात्र सिट मिल्यो। यो सङ्ख्या संविधानसभामा अरू पार्टीको नियन्त्रण हुन नदिन मनग्गे छ, तर आफ्ना क्रान्तिकारी एजेन्डालाई एकलौटी रूपमा लागू गर्न भने अपर्याप्त छ। उनीहरूका विरोधीहरू यस कुरालाई सधैं उक्काइरहन्छन्।

नेकपा (माओवादी) को नेतृत्वले अनेकौं आन्तरिक तथा बाह्य दबाबहरू झेलिरहेको छ।[४] अन्तरपार्टी विवाद घट्नुको सट्टा केही सवालमा अझै बल्झिँदै गएको छ। उनीहरूका अन्तर्राष्ट्रिय समर्थकहरू निर्वाचन परिणामबाट एकातिर खुसी छन् भने अर्कोतिर पार्टीले अँगालेको रणनीतिप्रति मौन छन्। व्यापक जनसङ्गठनका कारण उनीहरूले सफलता पाएका हुन्। अहिले ती जनसङ्गठन ठोस प्रतिफलको माग गरिरहेका छन्। पार्टीले सङ्क्रमणकालीन सरकारको नेतृत्व लिन बाँकी नै छ। केही गरी पार्टीले सरकारको नेतृत्व गरे पनि मिलीजुली वा अल्पमतको सरकार हुनेछ र त्यसले गम्भीर समस्याहरू र (जस्तै, आकासिँदो मूल्यवृद्धि र पेट्रोलियम पदार्थको अभाव आदि) जनताका उच्च आकाङ्क्षाहरूलाई झेल्नुपर्नेछ। ती यस्ता समस्याहरू हुन् जसले बहुमतप्राप्त बलियो सरकारलाई पनि हल्लाइदिन सक्छ। अन्त्यमा, लोकतन्त्रमाथि माओवादीको प्रतिबद्धता शङ्का गर्ने स्वदेशी तथा विदेशीहरूलाई चित्त बुझाउन सक्ने खालको न उनीहरूसँग निर्वाचन परिणाम छ न त उनीहरूका सार्वजनिक अभिव्यक्तिहरू नै। उनीहरूलाई थाहा छ, उनीहरूले दाता मुलुकहरू तथा बाहिरी शक्तिहरू (खासगरी निकटतम छिमेकी भारत तथा चीन) सँग व्यवहार गर्नुपर्नेछ, जसप्रति उनीहरूले "समदुरी" को नीति लिएका छन्।

### क) आन्तरिक चुनौतीहरू

नेकपा (माओवादी) नेपालको सबैभन्दा बढी अनुशासित तथा एकताबद्ध पार्टी हो। आफ्नो आन्तरिक विवादहरूलाई व्यवस्थित गर्नमा पनि यो पार्टी उत्तिकै सक्षम छ। यसले कहिल्यै पनि ठूलो फुट बेहोर्नुपरेको छैन र ठूलो मात्रामा नेताहरू पार्टी छाडेर गएका पनि छैनन्।[५] न त प्रचण्डले सन् १९८५ मा नेकपा (माओवदी) बन्नुअघि नेकपा (मसाल) को नेतृत्व लिएपछि उनको नेतृत्वप्रति कहिल्यै कुनै गम्भीर प्रकारको चुनौती नै आएको छ।[६] शान्ति प्रक्रियाको दुष्कर समयमा पनि यो एकताबद्ध रहिरह्यो, यद्यपि यसका आन्तरिक विवादहरू पहिले हेरी बढी बाहिर आउन थालेका छन्।

यस रिपोर्टले माओवादीभित्र नीतिगत बहसको विस्तृत विश्लेषण प्रस्तुत गर्दैन। तथापि बाहिरी पर्यवेक्षकका आँखाबाट ओझेल परेका तीनओटा प्रमुख पक्षहरूको उल्लेख गर्नु चाहिँ सान्दर्भिक हुनेछ :

- मूलधारका सञ्चारमाध्यम माओवादी पार्टीभित्रका धेरै विवादलाई व्यक्तित्वको टकरावका रूपमा प्रस्तुत गर्ने गर्छन्। तर "सन्की" मातृका यादव र "हठी" मोहन वैद्यको द्विआयामिक चित्रणले धेरैजसो गम्भीर नीतिगत विषयमा आधारित विवादलाई ओझेलमा पार्ने गरेको छ, यद्यपि केही विवाद व्यक्तित्वको टकरावको कारण उत्पन्न भएको पनि हुन सक्छ। माथिल्ला तहका माओवादी नेताहरूले आफ्नो राजनीतिलाई गम्भीर रूपमा लिएका छन्। पार्टी नेताहरूदेखि लिएर जनमुक्ति सेनाका कमान्डरहरू सबै जना गम्भीर सैद्धान्तिक विषयमा बरोबर लेख्ने गर्छन् र आफ्ना लाइनका विरोधीहरूप्रति तीखो प्रहार पनि गर्छन्।[७]

---

[३]शान्ति प्रक्रियामा सहभागिता सम्बन्धमा माओवादीको परिमार्जित रणनीति तथा बहसबारे हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालका माओवादी : विशुद्धतावादी कि व्यवहारवादी?*, माथि उल्लेखित।

[४]नेकपा (माओवादी) को सङ्क्रमण सम्बन्धमा एक जना सम्मानित पर्यवेक्षकको हालैको मूल्याङ्कबारे कियोको ओगुराको "Seeking State Power: The Communist Party of Nepal (Maoist)", Berghof Research Center, बर्लिन, २००८ हेर्नुहोस्। www.berghof-center.org/uploads/download/transitions_cpnm.pdf. यस खण्डमा "आन्तरिक" भन्नाले माओवादी आन्दोलनभित्र भन्ने बुझाउँछ। माओवादी रणनीतिकारहरूले आन्तरिक चुनौतीको कुरा गर्दा प्रायः अन्तर्राष्ट्रिय समस्याको सापेक्षतामा घरेलु समस्याहरूलाई उल्लेख गर्ने गर्छन्। जस्तै, यस विश्लेषणमा "दुई प्रकारका समस्या छन् — आन्तरिक र बाह्य। आन्तरिक रूपमा सामन्तवादको प्रमुख प्रतिनिधिको पतन भए तापनि यसका राजनीतिक, आर्थिक, सांस्कृतिक रूपहरू अहिलेसम्म ज्यूँका त्यूँ छन्। यसबाहेक हामीले साँचो अर्थमा गणतन्त्रलाई संस्थागत गर्न बाँकी नै छ। यस अवस्थामा पुरातनपन्थीहरू विभिन्न रूप लिएर आउन सक्छन्। गणतन्त्रको स्थापनासँगै बाह्य रूपमा विदेशी प्रतिक्रियावादी शक्तिहरूले हस्तक्षेप गर्न प्रयास गर्नेछन्।" मोहन वैद्य "किरण" को अन्तर्वार्ता, *The Rising Nepal*, २ जून २००८।

[५]आन्दोलन छाडेर हिँड्ने माओवादीका एकमात्र उच्चपदस्थ नेता रवीन्द्र श्रेष्ठले निर्वाचन प्रचार अभियान सम्बन्धमा गरेको अनुमान सायद गलत थियो। निर्वाचनको मुखैमा ठूलो प्रचारका बीच उनले एमाले प्रवेश गरे, तर एमालेले नेकपा (माओवादी) बाट निर्वाचनमा नराम्रो हार खानुपर्‍यो। प्रचण्ड विरुद्ध श्रेष्ठको विद्रोह सम्बन्धमा हेर्नुहोस्, क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालका माओवादी : विशुद्धतावादी कि व्यवहारवादी?*, माथि उल्लेखित, पृ. ५-६।

[६]नेकपा (माओवादी) को ऐतिहासिक वृत्तान्तका लागि हेर्नुहोस्, बन्दिता सिजापति र दीपक थापाको, *A Kingdom under Siege: Nepal's Maoist Insurgency, 1996 to 2003* (काठमाडौं, २००३)। सन् २००५ को प्रारम्भमा प्रचण्ड र बाबुराम भट्टराईबीचको विवाद चर्किएर त्यसले गम्भीर रूप लिए तापनि आन्दोलनमा ठूलै फुट ल्याउने खालको भने थिएन।

[७]व्यक्तिगत राजनीति छचल्किँदै मूलधारका सञ्चारमाध्यमसम्म पुगेको सबैभन्दा ठूलो उदाहरण बाबुराम भट्टराईलाई "नयाँ पुष्पलाल"का रूपमा चित्रित

"कट्टरपन्थी" र "नरमपन्थी" भनेर गरिने सरल प्रकारको विभाजनले पनि वास्तविकतालाई झल्काउँदैन, किनभने शान्ति प्रक्रियाका पक्षधरहरू पनि वैचारिक रूपमा कदापि "नरम" छैनन्।

- परिवर्तन तथा सशस्त्र सङ्घर्षबाट पर हट्ने विषयमा माओवादी नेताहरूले आफ्नो सम्पूर्ण ध्यान दिएका भए पनि विवादको चूरो नेकपा (माओवादी) ले "सामान्य" प्रजातान्त्रिक राजनीति अँगाल्नुपर्छ कि पर्दैन भन्ने होइन। माओवादीहरू आफूलाई पूरै प्रजातान्त्रिक ठान्छन् र अन्य कुनै पनि पार्टीभन्दा आफू बढी "प्रजातान्त्रिक" भएको विश्वास गर्छन्। तर उनीहरूको "प्रजातन्त्र" को परिभाषा सन् १९९० पछिको संसदीय अभ्यास जस्तो कदापि होइन। किनभने त्यसलाई उनीहरू (साथै अरू धेरैले पनि) सम्झौतामा थिचिएको र अस्वीकृत भइसकेको ठान्दछन्। खास बहस त उनीहरूको क्रान्तिकारी उद्देश्य कसरी हासिल गर्ने भन्ने नै हो। त्यसकारण यो बहस साधनको हो, साध्यको होइन। माओवादी तथा अन्य पुराना पार्टीबीचको वैचारिक-सैद्धान्तिक खाडल धेरै नै चौडा छ र त्यो रहिरहनेछ।[८]
- कुनै पनि विवादलाई पार्टीभित्र नै किनारा लगाउने गरिन्छ। कुनै एउटा लाइनमा समझदारी बनिसकेपछि त्यसैको अनुसरण गर्ने गरिन्छ। नेतृत्व विरोधी असन्तुष्ट समूहको उदय भएको (वा कम्तीमा बाबुराम भट्टराई विरोधी) र त्यसलाई मोहन वैद्य "किरण" तथा रामबहादुर थापा "बादल"द्वारा नेतृत्व गरिएको कुरा धेरै उठाउने गरिन्छ। जनआन्दोलनपछि भएको केन्द्रीय समितिको बैठकको विवाद बाहिर नआएको होइन। तर त्यत्तिकैमा पार्टीमा फुट हुन्छ भनेर माओवादी विरोधीहरूले सोच्छन् भने त्यो उनीहरूको गलत सोचाइ हुनेछ। फुटका कारण माओवादी पार्टी लथालिङ्ग भएको भविष्यवाणी गर्नेहरू अझै त्यसको प्रतीक्षा गरिरहेका छन् र लामो समयसम्म उनीहरूले प्रतीक्षामै रहिरहनु पर्नेछ।

गम्भीर आन्तरिक चुनौतीहरू झट्ट देख्न नसकिने स-साना कुराहरूबाट उब्जन्छन्। त्यस्ता समस्यालाई लालित्यपूर्ण भाषाका प्रयोगद्वारा समाधान गर्न सकिँदैन।

पहिलो हो साङ्गठनिक। माओवादी आन्दोलनको आकार एकातिर यसको शक्ति हो भने अर्कातिर बोझ पनि हो। पुराना कार्यकर्ता तथा लडाकाहरूलगायत पार्टीको केन्द्रीय तह कुनै समस्या होइन। विगत दुई वर्षमा के स्पष्ट देखिएको छ भने जनसेना पूर्णतः पार्टीको नियन्त्रणमा रहेको छ र शिविरको जीवनलाई जनसेनाले जसरी-तसरी झेलिरहेका छन्। यङ्ग कम्युनिस्ट लिग (वाईसीएल) को कुरा बेग्लै हो। यसमा मुख्यतः भूतपूर्व जनसेनाका तालिमप्राप्त कमान्डरहरू छन् र यसको विस्तार द्रुततर भइरहेको छ।[९] माओवादी विद्रोह चलिरहेको समयमा पूर्वी क्षेत्रमा भएको पार्टीको व्यापक विस्तारबाट माओवादी स्वयम्लाई के स्पष्ट भएको छ भने व्यापक भर्तीले समस्या निम्त्याउँछ। वाईसीएलको केन्द्रीय तहमा "जन मिलिसिया"का जवान छन्। हालै भर्ती भएकाहरूको आधारभूत छनोट-जाँच गरिएको थिएन र उनीहरूलाई कुनै तालिम पनि दिइएको छैन। माओवादीलाई वाईसीएलको आवश्यकता छ तर यसलाई वैधानिक तरिकाबाट थेगिराख्न गाह्रो छ। यदि माओवादीहरूले चाहेमा वाईसीएलको अनुशासनमा सुधार आउन सक्छ, तर त्यसका निम्ति लागिपर्नु पर्छ र उल्लेख्य मात्रामा ऊर्जा लगाउनुपर्दछ। तर हालसम्म गरिएका प्रयासहरू विश्वास दिलाउने खालका छैनन्।[१०]

दोस्रो समस्या चाहिँ व्यावहारिक राजनीतिसित सम्बन्धित छ। अन्य पार्टीहरूको विरोध र आन्तरिक आशङ्का हुँदाहुँदै पनि नेकपा (माओवादी) ले केही गरी सरकार बनायो भने पनि सरकार सफलतापूर्वक चलाउनलाई यसले विभिन्न मोर्चामा लड्नैपर्ने हुन्छ। आफ्नो संवैधानिक दृष्टिकोण अगाडि सार्नुबाहेक अहिलेको प्रशासनयन्त्रले सामना गर्नुपरिरहेको अनेक समस्याहरू यसले बेहोर्नुपर्ने हुन्छ। त्यसबाहेक महत्त्वाकाङ्क्षी घोषणापत्रमा बाचा गरिएका कुराहरू पूरा गर्नुपर्ने चुनौती आफ्नो ठाउँमा छँदैछ।[११] यी

---

गरिएको उनैका एक समर्थकले लेखेको एउटा लेख हो। नेपालका पहिलो हारका कम्युनिस्ट नेतामध्ये पुष्पलाल सबैभन्दा सम्मानित नेता हुन्। विश्वदीप पाण्डे, "बाबुराम नयाँ पुष्पलाल", *कान्तिपुर,* १९ मे २००८।

[८] नेकपा (माओवादी) केन्द्रीय समिति सदस्य धर्मेन्द्र बाँस्तोलाले "नयाँ जनवादी क्रान्ति"मा प्रतिपक्षीहरूले जानी-जानी अवरोध खडा गरिरहेका छन् भनी बताएका थिए, "संसदवादी दलहरूले जुनसुकै मूल्यमा पनि अर्ध सामन्ती र अर्ध औपनिवेशिक उत्पादन पद्धति कायम राख्न चाहन्छन्, तर हाम्रो पार्टी यसलाई ध्वस्त गर्नका लागि सङ्घर्ष गर्दै आएको छ।", अन्तर्वार्ता, *The Red Star*, १ जून २००८, http://southasiarev.wordpress.com/2008/06/08/bastola-interview-achievements-gained-thru-peoples-war.

[९] वाईसीएलको सङ्ख्याका बारेमा यकिन जानकारी छैन। तैपनि त्यसको सङ्ख्या ३० हजारदेखि ४० हजार हुन सक्ने एउटा भरपर्दो अनुमान छ। (तर तीमध्ये सबै पूर्णकालीन सदस्य होइनन्)। माओवादी नेताहरूले यसको सङ्ख्या बढाएर १० लाख पुऱ्याउने भनेका छन्, तर निम्न अन्तर्वार्तामा उल्लेख भए जस्तै वाईसीएल प्रमुख त्यसको वास्तविक सङ्ख्या बताउन चाहँदैनन् : "प्रश्न : तपाईं आफ्नो सङ्गठनमा १० लाख कायकर्ता छन् भन्नुहुन्छ। यति धेरै मानिसलाई कसरी व्यवस्थित गर्नुहुन्छ नि? उत्तर : ती सबै पूर्णकालीन कार्यकर्ता होइनन्। प्रश्न : पूर्णकालीन चाहिँ कति छन् त? उत्तर : धेरै कम छन्, यस्तै सम्पूर्ण सङ्ख्याको पाँच-दस प्रतिशत। प्रश्न : अर्थात् लगभग २० हजार? उत्तर : त्यसभन्दा पनि कम। निश्चित सङ्ख्या त हामीसँग पनि छैन। ठ्याक्क १० लाख पनि भन्न सक्दैनौं। त्यस्तै सात महिनाअगाडि ६ लाखदेखि सात लाखसम्म थिए। हामीले निर्वाचनका बेला सदस्यता बिस्तार गरेका थियौं। अहिले त्यस्तै नौ लाखदेखि १० लाखसम्म सदस्यहरू होलान्।" "निर्वाचन किन सफल भयो भने हामी त्यति बेला गान्धी बनेका थियौं ..." वाईसीएलका नेता गणेशमान पुनसँगको अन्तर्वार्ता, *The Kathmandu Post*, १६ जून २००८।

[१०] "वाईसीएलले अरू विरुद्ध कारबाही नगर्ने" *The Kathmandu Post*, ३१ मे २००८। वाईसीएल प्रमुखले भने, "यो अर्धसैनिक सङ्गठन होइन, हामी व्यवहार र क्रियाकलापमा अर्धसैनिक जस्ता किन देखिन सक्छौं भने हामी समूहमा बस्छौं र समूहमै हिंड्छौं। हामी यो कुरा सच्याउँछौं भन्दै आएका पनि छौं।" ऐ.ऐ.।

[११] नेकपा (माआवादी) को निर्वाचन "प्रतिबद्धतापत्र"मा खास-खास विषयहरूमा धेरै वचन दिइएको छ। जस्तै, सबैका लागि खानेपानी, स्वास्थ्य र शिक्षा —

चुनौतीमाथि सफलता प्राप्त गर्न अरू पार्टीहरूसँग मिलेर काम गर्नुपर्ने हुन्छ र त्यस्तो कर्मचारीतन्त्रमार्फत काम गराउनु पर्नेछ जुन स्वभाव रुढिवादी तथा अप्रतिनिधिमूलक छ। यो कर्मचारीतन्त्र माओवादी नीतिहरूलाई लागू गर्न तत्परतासाथ काम गर्ने खालको छैन भन्ने कुरा माओवादी मन्त्रीहरूले सन् २००७ को अवधिमा अनुभव गरेकै हुन्।

माओवादी नेताहरू यी दुवै मोर्चामा असफल भए भने उनीहरू फेरि सडक सङ्घर्षमा फर्कने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन। प्रचण्डले १ जून २००८ मा गोरखामा गरेको भाषणमा नयाँ सरकार गठनमा अवरोध खडा गरियो भने नयाँ प्रकारको आन्दोलनमा जाने चेतावनी दिएका थिए। अरूहरूले चाहिँ “अक्टोबर क्रान्ति”को कुरा उठाएका छन्।[१२] अर्को आन्दोलन वा सङ्घर्षको सम्भावना कत्तिको छ भन्ने प्रश्नमा एक जना माओवादी नेताले यो शक्ति जनताको हातमा हस्तान्तरण गर्ने कुरासित सम्बन्धित छ, नेकपा माओवादीसँग होइन भने :

> यदि अहिलेको स्तरको सङ्घर्षबाट सत्ता हस्तान्तरण गरिँदैन भने जनतालाई अगुवाइ गर्दै राजनीतिक शक्ति कब्जा गर्नु नै हाम्रो पार्टीको भूमिका हुनेछ। यदि नेका र एमालेले जनादेशलाई बेवास्ता गर्छन् भने जनता निश्चित रूपमा अर्को तहको सङ्घर्षमा उत्रिनेछन् र राजनीतिक शक्ति जनताका हातमा हस्तान्तरण गर्न उनीहरूलाई बाध्य पार्नेछन्। जनता वैचारिक-सैद्धान्तिक र राजनीतिक रूपमा सशक्त बनेपछि संसारको कुनै पनि शक्तिले जनतालाई शक्ति प्राप्त गर्नबाट रोक्न सक्दैन, नेपाल पनि यसको अपवाद रहन सक्दैन।[१३]

## ख) बाह्य सम्बन्ध

माओवादीलाई उनीहरूले अन्तर्राष्ट्रिय समुदाय, खासगरी राजनीतिक शक्तिकेन्द्र र/अथवा दाताहरूका साथै सशङ्कित व्यापारिक समुदाय तथा सञ्चारमाध्यमलाई रिझाउनु पर्नेछ भन्ने राम्रो हेक्का छ। विजयपछि आएका माओवादी नेताका प्रतिक्रियाहरू हदैसम्म लचिला खालका थिए। प्रचण्डले एउटा निजी सञ्चारमाध्यमलाई गरेको असंयमी र व्यङ्ग्यात्मक आक्रमण जस्ता केही खास अपवादलाई छाड्ने हो भने पार्टीका प्रतिनिधिहरू यस सम्बन्धमा धेरै हदसम्म सन्तुलित देखिएका थिए।[१४] वास्तवमा यस्तो सन्तुलन निर्वाचन परिणाम आएपछिको पहिलो सार्वजनिक भाषणमा स्वयम् प्रचण्डले प्रस्तुत गरेका थिए :

> “हामी सात दलसँग मात्र होइन, यस निर्वाचनपछि स्थापित नयाँ दलहरू तथा संविधान निर्माणका बेला अस्तित्वमा रहने सबै पुराना दलहरूसँग पनि सहकार्य गर्न तयार छौँ ...सबैका आँखा हामीमाथि छन्। यो हाम्रा लागि एउटा सकारात्मक चुनौती पनि हो। म के स्पष्ट गर्न चाहन्छु भने १२ बुँदे समझदारीबाट हामीले स्थापित गरेका सहमति र सहयोग जारी रहनेछ ...। अन्तर्राष्ट्रिय समुदाय, त्यसमा पनि खासगरी हाम्रा छिमेकी भारत र चीनका सम्बन्धमा म के स्पष्ट पार्न चाहन्छु भने हाम्रो पार्टी ती सबैसँग विकास, सहयोग तथा शान्ति प्रक्रियामा सहकार्य गर्न तत्पर छ।”[१५]

माओवादी नेताहरूले अन्तर्राष्ट्रिय समुदायलाई रिझाउन प्रयास जारी राखे। यसको एउटा उल्लेख्य उदाहरण अप्रिल २४ मा बसेको दाताहरूसितको बैठकपछि संयुक्त राष्ट्रले आयोजना गरेको प्रेस सम्मेलनमा उनीहरूको सहभागिता थियो। संयुक्त राज्य अमेरिकाका कूटनीतिज्ञसँग साक्षात्कार गर्न सक्नु उनीहरूले प्राप्त गर्न सकेका केही ठोस प्रगतिको उदाहरण थिए।[१६] पटनामा भएको भारत-नेपाल सेमिनारमा पनि माओवादी प्रतिनिधिहरूले राम्रो स्वागत पाएका थिए। त्यस सेमिनारमा हिसिला यमीको प्रस्तुति र व्यवहारबाट एक जना पत्रकार यति प्रभावित भए कि उनले भने, “हाम्रा मन्त्रीबाट लज्जित हुनु नपरेको मेरो लागि यो पहिलो अवसर थियो। उहाँले रूप र सार दुवै दृष्टिले राम्रो कुरा गर्नुभयो। उहाँको प्रस्तुति साँच्चिकै प्रभावपूर्ण रह्यो।”[१७] आफूहरूलाई अन्तर्राष्ट्रिय सहयोगको खाँचो छ भन्ने कुरा माओवादीहरूले राम्ररी बुझेका छन् र बाहिरी संसारका लागि उनीहरूको सन्देश सोझो छ, “बाहिरी शक्तिसँग हाम्रो आग्रह हामीलाई एउटा मौका दिइयोस् भन्ने मात्र हो। हाम्रा गल्तीमा उनीहरूले औँला ठड्याउन्, तर पूर्वाग्रह राख्ने समय भने यो होइन। हामी साँचो अर्थमा परिवर्तन ल्याउन चाहन्छौँ र अन्तर्राष्ट्रिय मित्रहरूले हामीलाई सहयोग गर्नेछन् भन्ने आशा गर्दछौँ।”[१८]

निर्वाचनअघि तथा निर्वाचनपछि पनि माओवादीले पूर्व राजावादी “राष्ट्रवादी”सँग हात मिलाउने जस्तो एउटा विवादास्पद नीति अगाडि बढाए। पञ्चायतकालका एक जना अन्चलाधीश सूर्यबहादुर सेन ओली

---

यस्तै वचनबद्धता अर्को छुट्टै आर्थिक दृष्टिपत्रमा पनि व्यक्त गरिएको छ। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. ३।

[१२] हेर्नुहोस्, सोमत घिमिरे, “बाध्यकारी बन्दैछ, अक्टोबर क्रान्ति”, *नयाँ पत्रिका,* ५ जून २००८।

[१३] अन्तर्वार्ता, *The Red Star*, माथि उल्लेखित।

[१४] “Prachanda warns Kantipur Publications”, *The Kathmandu Post*, ३१ मे २००८। खासगरी माओवादी समर्थक मजदुर सङ्गठनले पत्रिकाका हकरहरूलाई सङ्गठित गरी उनीहरूको अधिकारको माग गर्दै *कान्तिपुर*को छापाखाना तोडफोड गरेदेखि त्यस पत्रिकाले माओवादी विरोधी अडान लिँदै आएको थियो। प्रचण्डको “धम्की” लाई *कान्तिपुर,* पत्रकार महासङ्घ, नेपाल तथा अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता वाचडगले घोर निन्दा गरेका थिए। तथापि प्रचण्डको भाषण प्रत्यक्ष सुनेका पत्रकारहरूले प्रचण्डले माओवादीको अभियान सफल पार्न *कान्तिपुर*ले गरेको “सहयोग” का लागि धन्यवाद दिएर व्यङ्ग्य मात्र गरेका थिए भनेका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकारहरू, काठमाडौँ, ९ र १८ जून २००८।

[१५] प्रचण्ड भन्छन्, “हामी दलहरू तथा अन्तर्राष्ट्रिय समुदायसँग मिलेरै अगाडि बढ्न चाहन्छौँ।” nepalnews.com, १२ अप्रिल,२००८।

[१६] तल हेर्नुहोस् खण्ड ४, परिच्छेद २।

[१७] इसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौँ, २८ अप्रिल २००८।

[१८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कृष्णबहादुर महरा, काठमाडौँ, १७ अप्रिल २००८।

जस्ता व्यक्तिलाई समानुपातिकको सूचीमा समेत राख्न पुगे। एउटा पत्यारलाग्दो हल्ला के पनि छ भने शाही शासनकालका परराष्ट्रमन्त्री रमेशनाथ पाण्डे जस्ता कट्टर राजावादीलाई पनि उनीहरूले आफूसँग मिलाउन खोजेका थिए।[१९] विभिन्न समाचारलाई विश्वास गर्ने हो भने माओवादीद्वारा नेतृत्व गरिने एउटा नयाँ राष्ट्रवादी मोर्चामा राजालाई समेत समावेश गर्न उनीहरू चाहन्थे।[२०] पहिले राजाको मुख ताक्ने र माओवादीलाई घृणा गर्नेहरू अहिले अन्यौलपूर्ण स्थितिमा छन्। उनीहरू स्वाभाविक रूपमा माओवादीले बाचा गरेका एकाधिकारवादी प्रकृतिको राष्ट्रवादी शासनसत्ताप्रति आकृष्ट छन् र उनीहरू सदैव आफूले होच्याउने गरेको तर अपदस्थ भने गर्न नसकेको मूलधारका दलहरूको पराजयप्रति प्रशन्न छन्। तर त्यसका साथै साम्यवादप्रति उनीहरूमा धेरै गहिरो आशङ्का पनि छ। त्यसैले उनीहरूबाट माओवादीहरूले शर्तयुक्त समर्थनभन्दा बढी केही प्राप्त गर्न सक्लान् जस्तो लाग्दैन।

तर उनीहरूको कूटनैतिक निसाना त व्यापारिक समुदाय रहेको प्रस्ट देखिन्छ। एउटा विश्लेषणअनुसार राजनैतिक सम्झौताबाहेक माओवादीहरूले आफ्नो अधिकांश समय र ध्यान निजी क्षेत्रका लागि दिएका छन्।[२१] नेपाल उद्योग वाणिज्य महासङ्घका नवनिर्वाचित सभापतिसँग प्रचण्ड र बाबुराम भट्टराईको बहुप्रचारित वार्ता नै निर्वाचनपछिको उनीहरूको पहिलो उच्चस्तरीय वार्ता थियो। त्यसपछि त्यस्ता अरू पनि धेरै वार्ताहरू भए।[२२]

## ग) नीति, सिद्धान्त तथा व्यवहारवाद

"नेपालका माओवादीहरूले आफ्नो रणनीति तथा कार्यनीतिलाई परिवर्तन गरे तापनि आफ्नो गन्तव्य परिवर्तन गरेका छैनन्" भन्ने निष्कर्ष सन् २००७ को सुरुतिर नेपालका माओवादीबारे क्राइसिस ग्रुपको थियो।[२३] यो निष्कर्ष सरल भए तापनि अझैसम्म सही छ। हुन त धेरै माओवादी नेताहरूले त्यो रिपोर्ट माओवादीप्रति "पूर्वाग्रही" भएको आरोप लगाएका थिए। तापनि उनीहरू क्रान्ति जारी छ भन्ने आफ्नो मूल सन्देशलाई बलियो बनाउन चाहन्छन्। "प्रचण्डपथ" छाड्ने तथा माओवादी नामलाई पनि परित्याग गरेर नयाँ छवि निर्माण गर्ने प्रयास भइरहेको कुरा अपरिपक्व लाग्छन्।[२४] निर्वाचनको पूर्वसन्ध्यामा प्रचण्डले व्याख्या गरेका थिए, "तपाईंहरूलाई थाहै छ, हाम्रो जनवादी क्रान्ति नै पूरा भइसकेको छैन, हामी अहिले जनवादी क्रान्ति सम्पन्न गर्ने प्रक्रियामा नै छौं।"[२५] हालको अवस्था बन्दुक र भोट दुवैको परिणाम हो, बन्दुकको परित्याग होइन भन्ने कुरालाई माओवादीहरूले जोड दिने गरेका छन्। बाबुराम भट्टराई जोड दिँदै भन्छन्, "हामीले सशस्त्र सङ्घर्ष त्यागेका छैनौं।" "हामी सशस्त्र सङ्घर्ष तथा जनमुक्ति सेनाबिना यहाँसम्म आइपुग्ने थिएनौं। यो त बुलेट र ब्यालेटको सम्मिश्रणको प्रतिफल हो।"[२६] माओवादी नेताहरू निरन्तर के कुरा उल्लेख गर्छन् भने राजतन्त्रको अन्त्य हुनु भनेको सामन्तवाद विरुद्धको सङ्घर्ष समाप्त हुनु कदापि होइन।[२७]

आंशिक विजय तथा बुलेट-ब्यालेटको संयोजनको औचित्यमा जोड दिनाले खास राजनीतिक तथा सैद्धान्तिक चुनौती खडा हुनेछ। उनीहरूका भारतीय समकक्षीले भनेजस्तै "वास्तविक परीक्षा त माओवादीले शासनको बागडोर सह्मालेपछि नै सुरु हुनेछ। मार्क्सवादको मूलभूत तत्त्व के हो भने पुरानो राज्य संरचनालाई ध्वस्त नगरेसम्म शासनसत्ताको क्रान्तिकारी पुनःसंरचना हुनै सक्दैन।"[२८] भाकपा (माओवादी) ले पुरानो शासक वर्गलाई सत्ता हस्तान्तरण गर्न बाध्य पार्नका लागि व्यापक जनपरिचालन नै

[१९] संविधानसभाको सदस्यका लागि माओवादीले पाण्डेलाई प्रस्ताव गर्ने तयारी गर्दैछ भन्ने एउटा साप्ताहिकको रिपोर्ट। "नेपाल : संविधानसभा सदस्यका लागि माओवादी कोटामा कट्टर राजावादी पाण्डे", *टेलिग्राफ साप्ताहिक*, १९ मे २००८, www.telegraphnepal.com/news_det.php?news_id=3447.

[२०] "प्रचण्ड पूर्वराजा ज्ञानेन्द्रलाई माओवादीको राष्ट्रवादी मोर्चामा सामेल गर्न चाहन्छन्", प्रेस ट्रस्ट अफ इन्डिया, ९ जून २००८।

[२१] मुकुल हुमागाईं र ऋषिकेश दाहाल, "नजिकिँदै नेता", *नेपाल*, १५ जून २००८।

[२२] नेपाल उद्योग वाणिज्य महासङ्घले पछि तयार पारेको आफ्नो बीस वर्षे आर्थिक योजनामा माओवादीले जोड दिँदै आएका विषयहरूको प्रतिध्वनि पाइन्छ। तर यसले निजी क्षेत्रको स्वतन्त्र नेतृत्वदायी भूमिका हुनुपर्ने कुरामा पनि जोड दिएको छ।

[२३] क्राइसिस ग्रुपको रिपोर्ट, नेपालका माओवादीहरू : विशुद्धतावादी कि व्यवहारवादी?, माथि उल्लेखित।

[२४] नेकपा (एकता केन्द्र-मसाल) का महासचिव नारायणकाजी श्रेष्ठ "प्रकाश" ले छिट्टै आफ्नो पार्टीले नेकपा (माओवादी) सँग मिसिने र माओवादीले "प्रचण्डपथ" तथा आफ्नो नामबाट "माओवादी" शब्द हटाउने बताएका थिए। उनी भन्छन्, "माओवादीले प्रचण्डपथ त्याग्नेछ", nepalnews.com, ९ जून २००८। विस्तृत अन्तर्वार्ताका लागि हेर्नुहोस् "विदेशी कूटनीतिज्ञहरू आफ्नै मर्यादामा बसुन्", *घटना र विचार*, १८ जून २००८।

[२५] Mary Des Chene र Stephen Mikesell, "An Exclusive Interview for MRZine with CPN (Maoist) Leader Prachanda", *Monthly Review*, २७ मे २००८, http://mrzine.monthlyreview.org/prachanda270508p.html.

[२६] अमित सेनगुप्ता, "It's a fusion of bullet and ballot", *Hard News*, जून २००८, www.hardnewsmedia.com/2008/06/2210. एउटा भारतीय टेलिभिजनले लिएको प्रचण्डको अन्तर्वार्ताको आलेखबाट बुलेट शब्द हटाइएकोमा नेकपा (माओवादी) का भारतीय समर्थकहरूले प्रचण्डको भनाइको सेन्सर गरिएको भनेर आक्रोश व्यक्त गरेका थिए। आनन्दस्वरूप वर्मा र गौतम नवलखा (भारत-नेपाल जनएकता मञ्चमार्फत), करण थापरलाई पत्र, नयाँ दिल्ली, १९ मे २००८। भट्टराईको अवधारणाको सम्बन्धमा राम्रो जानकारीका लागि हेर्नुहोस् Stephen Mikesell र Mary Des Chene, "बाबुराम भट्टराई : "नयाँ नेपाल" का लागि", *Economic and Political Weekly*, १० मे २००८।

[२७] उदाहरणका लागि हेर्नुहोस् हिसिला यमी, "ढल्यो राजतन्त्र, ढलेको छैन सामन्तवाद", *गोरखापत्र*, १८ जून २००८।

[२८] आजाद, प्रवक्ता, केन्द्रीय समिति, भाकपा (माओवादी), प्रेस वक्तव्य, २४ अप्रिल २००८, http://southasiarev.wordpress.com/2008/06/08/full-april-statement-indian-maoists-on-nepal/#more-226.

एकमात्र उपाय हो तर संविधानसभामा माओवादीको बहुमत आउन नसकेकाले गरिबमुखी संविधान लेख्ने जस्तो एउटा "कठिन तथा तीतो" सङ्घर्षमा विजय प्राप्त गर्न सकिँदैन भन्नेतर्फ ध्यानाकृष्ट गरेको छ। उनीहरूले कि त असैद्धान्तिक सम्झौता गर्नुपर्नेछ कि त सच्चा लोकतन्त्र तथा जनताको सत्ता स्थापित गर्नका लागि सशस्त्र विद्रोहलगायतका सम्पूर्ण उपायहरू अवलम्बन गरेर "सङ्घर्षलाई अझै घनीभूत गर्नेमध्ये कुनै एउटा विकल्प रोज्नुपर्छ, त्यसबाहेक अर्को विकल्प छैन।" कि होइन भने "सफलताले मात्तिएर" प्रतिक्रियावादीहरूको प्रहारमा पर्नुपर्छ।[२९]

नेकपा (माओवादी) ले सरकारमा सामेल नभई बाहिरबाटै जनआन्दोलनको अगुवाइ गर्नुमा नै कल्याण छ भन्ने भाकपा (माओवादी) को निष्कर्ष रहेको छ। "प्रतिक्रियावादी पार्टी तथा साम्राज्यवादी" सँगको सहकार्यको परिणामस्वरूप "नेतृत्व तथा कार्यकर्ताहरूको ह्रास हुनेछ र एउटा अर्को नोकरशाही वर्गको उदय मात्र हुनेछ। यस्तो स्थितिमा हालसम्मका उपलब्धि त्यसै खेर जानेछन् र जनताको निराशाको फाइदा उठाई प्रतिक्रियावादी दलहरू पुनः सत्तामा आउनेछन्।"[३०] यो विषय अब भित्री विवादमा मात्र सीमित रहेन : नेपालको मूलधारको सञ्चारमाध्यमले पनि सरकार बाहिर रहनु उपयुक्त हुने सन्देश प्रवाहित गरेको छ।[३१]

यस्तो मूल्याङ्कन वामपन्थको चरमपन्थी धारणा भने होइन। भारतको नरमपन्थी कम्युनिस्ट दल भाकपा (मार्क्सवादी) को नीतिले गर्दा सन् १९९७ मा आफ्ना नेता ज्योति बसुले मिलीजुली सरकारको नेतृत्व गर्न पाएनन् र भारतको यु.पी.ए .गठबन्धन सरकारलाई पनि बाहिरबाटै समर्थन गर्‍यो। सरकार चाहिँ बनाउने तर शक्तिमा नरहनाले कमजोर भइन्छ भन्ने माओवादीको त्रासले सन् १९९४ मा एमालेको अल्पमतको सरकार गठन गर्ने विषयमा एमालेभित्र भएको लामो बहस र त्यसपछिको निर्णयलाई सम्झाउँछ। यस निर्णयप्रति एमालेका धेरै नेताहरूले पछि पछुतो गरे। यद्यपि त्यति धेरैले होइन जति सन् २००४-२००५ को देउवा सरकारमा कनिष्ट साझेदारका रूपमा सहभागी भएकोमा हाल पश्चात्ताप व्यक्त गरेका छन्। तर माओवादी सरकारमा नभए पनि अहिले शक्तिमा छन् र आफ्नो हात राज्य संयन्त्रमा हुनु आवश्यक ठान्दछन्। उनीहरूको लेनिनवादी चिन्तनले उनीहरूलाई लामो समयदेखि के सुझाएको छ भने केन्द्रीय शक्तिबाट बाहिर रहेर ग्रामीण क्षेत्रमा मात्र आफ्नो वर्चस्व सीमित राखेर केही मिल्नेवाला छैन।

नेकपा (माओवादी) को विजयले अन्तर्राष्ट्रिय जगत्का माओवादीहरूलाई वर्षौंदेखि जति प्रशन्न तुल्याएको छ, त्यति नै दुःखित पनि तुल्याएको छ। भारतीय माओवादी जस्ता केही नगण्य भाइचारा सङ्गठनहरूले मात्र नेकपा (माओवादी) ले "जनयुद्ध" सुरु गर्दा त्यसका लागि सफलताको शुभकामना व्यक्त गरेका थिए। धेरैले चाहिँ जनयुद्ध थाल्ने कामलाई केटाकेटीपन र अयथार्थवादी भएको भनी आलोचना गरेका थिए।[३२] तर नयाँ प्रकारको चिन्तनका लागि आग्रह गर्दै आएका क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलन "रिम"का केही चिन्तकहरूले माओवादीको परिवर्तित नीति तथा सिद्धान्तलाई जडसूत्रवाद विरोधी भएकोमा समर्थन गरेका थिए। एक जना अमेरिकी क्रान्तिकारी कार्यकर्ताले अमेरिकी क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता बब अबाकेनको कार्यनीतिलाई तीखो आलोचना गर्दै भने :

> नेकपा (माओवादी) को साम्यवादी लक्ष्य र गैरजडसूत्रवादी पद्धतिको मिश्रणले थुप्रै वामपन्थी मान्यताउपर प्रश्न उठाएको छ। सन् १९९६ मा नेकपा (माओवादी) ले सशस्त्र विद्रोह सुरु गर्दा केही मानिसले यसलाई म्याद गुज्रिएको कार्यनीति भनेका थिए। उनीहरूले सन् २००६ मा सशस्त्र सङ्घर्ष छाडेर राजतन्त्र विरोधी मिलीजुली सरकारमा सामेल हुँदा भ्रष्टहरूको झुन्डमा आफ्नो पहिचान नराम्ररी गुमाउनेछन् भन्ने अड्कल गरेका थिए। अहिले माओवादीहरूले सामन्तवाद विरुद्धको कार्यक्रमहरू ल्याउन जोड दिँदा उनीहरू माओवादीले समाजवाद बिर्सेको आरोप लगाउँदैछन्।[३३]

यस्तो बहस नेकपा (माओवादी) भित्र र संसारभरिका आमूल क्रान्तिकारी वामहरूका बीचमा चलिरहने नै छ।[३४] मुख्य कुरा के हो भने नेकपा (माओवादी) को नेतृत्वको लाइन साहसिक हुनाका साथसाथै विवादास्पद पनि रहेको छ र रहिरहनेछ। यसको "रूपान्तरण" बेइमानीपूर्ण होइन तर यो अपरिवर्तनीय पनि होइन र समर्थकहरूले यसलाई निःशर्त रूपले स्वीकार्ने पनि छैनन्। यसबाट यो नीति फलदायीसिद्ध भएको अर्थात् माओवादीहरूको घोषित लक्ष्यहरू प्राप्त भएमा यसलाई सफल मानिनेछ। यदि त्यसो नभएमा यस नीतिलाई बदल्नुपर्ने आवाज सशक्त रूपमा उठ्नेछ।

## घ) सबलता र दुर्बलता

माओवादीहरूले आफ्नो राजनीतिक तथा साङ्गठनिक शक्ति जोडदार रूपमा प्रदर्शन गरेका छन्। उनीहरूको आफ्नै जुझारुपन तथा परिस्थिति अनुकूल काम गर्न सक्ने क्षमताहरू र विरोधीको कमजोर अवस्थाका कारणले गर्दा अर्को निर्वाचन जहिले भए पनि त्यस बेला

---

[२९] ऐ.ऐ.।

[३०] ऐ.ऐ.।

[३१] "भारतीय माओवादीद्वारा पुष्पकमललाई सत्तामा नबस्न आग्रह", *कान्तिपुर,* ११ जून।

[३२] नेकपा (माओवादी) को अन्य माओवादी सङ्गठनहरूसँगको निकट तर विवादास्पद सम्बन्धको पृष्ठभूमिका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालका माओवादीहरू : विशुद्धतावादी कि व्यवहारवादी?,* माथि उल्लेखित, पृ. १८।

[३३] Mike Ely, "Eyes on the Maobadi: 4 Reasons Nepal's Revolution Matters", ८ जून २००८, http://southasiarev.wordpress.com/2008/06/08/eyes-on-the-maobadi-4-reasons-nepal%e2%80%99s-revolution-matters/.

[३४] क्राइसिस ग्रुपले निर्वाचनपछिको माओवादी राजनीतिबारे आगामी रिपोर्टमा विवेचना प्रस्तुत गर्नेछ।

पनि उनीहरूले अहिले जस्तै राम्रो छाँट देखिन्छ। माओवादीहरूका निम्ति आगामी विजयको प्रमुख चुनौती कि नेका तथा एमालेको नाटकीय भाग्योदयबाट हुन सक्ने पुनरागमन हुनेछ, (त्यस्तो हुने सम्भावना कम छ) कि त सरकारमा उनीहरूको आफ्नै प्रकारको गम्भीर असफलता वा आन्तरिक विभाजनको स्थिति हुनेछ (जो सम्भावतः नहोला, तर हुन नसक्ने भने होइन।

उनीहरूको सबलताले आफूसँगै दुर्बलता पनि ल्याउनेछ। आफ्नो व्यवहार तथा बोली परिवर्तन नगरे आलोचकहरूलाई खुसी पार्ने उनीहरूका सम्पूर्ण प्रयत्न व्यर्थ ठहरिनेछन्। उनीहरूले देखाइरहेका खराब व्यवहारलाई भूल वा गल्ती मात्र भन्न सकिँदैन। ती व्यवहारहरूबाट अहिलेसम्म उनीहरूले जुन लोकतान्त्रिक मूल्यलाई मान्छौं भन्दै आएका छन् त्यसैलाई मान्न अनिच्छा देखाएको प्रकट हुन्छ।

निर्वाचनपछि काठमाडौंका व्यापारी रामहरि श्रेष्ठको हत्या, अपहरण र यातना त्यसको एउटा ज्वलन्त उदाहरण हो। त्यो घटना जनमुक्ति सेनाका कमान्डरहरूको ठाडो निर्देशनमा भएको देखिन्छ। आखिरमा माओवादी नेताहरूले त्यसको जिम्मेवारी लिई क्षतिपूर्ति दिने वचन दिए। तर उनीहरूले कानुनी बाटो खुला गरेका छैनन् र मुख्य अभियुक्तलाई सुम्पेका पनि छैनन्।[३५] निर्वाचनमा उनीहरूलाई मत नदिने व्यक्ति वा समुदाय विरुद्ध प्रतिशोध लिइएका धेरै घटनाहरूबारे विश्वसनीय रिपोर्टहरू प्राप्त भएका छन्।[३६] मे १८ का दिन राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घनका १० ओटा गम्भीर घटनाहरू प्रकाशन गरेको छ।[३७] त्यसको केही दिनपछि मात्र मे १६ मा कालिकोट जिल्लाका नेकाका कार्यकर्ता जयलाल बमलाई वाईसीएलले हत्या गरेको आरोप नेकाले लगायो।[३८] माओवादी नेताहरूले आफूहरूलाई कामका आधारमा मूल्याङ्कन गर्न भनेका छन् जो विवेकसम्मत छ। उनीहरूले आफ्ना व्यवहारबाट धेरै प्रश्नको उत्तर दिन बाँकी नै छ।

[३५] जनमुक्ति सेनाका नायव कमान्डर प्रभाकरले मुख्य अभियुक्त कालीबहादुर खाममगर "विविध" को निलम्बनको घोषणा गर्दै पार्टीको आफ्नै अनुसन्धान समितिले श्रेष्ठको मृत्युको बारेमा "सत्य-तथ्य" पत्ता लगाई छाड्ने घोषणा गरेका थिए। उनले प्रहरीलाई सहयोग गर्ने, अभियुक्तलाई जिम्मा लगाउने वा यस अपराधप्रति जिम्मेवार पाइएका जोसुकैलाई कारबाही गर्ने सम्बन्धमा भने केही उल्लेख गरेनन्। प्रेस वक्तव्य, जनमुक्ति सेना डेपुटी हेडक्वार्टर, २३ मे २००८।

[३६] उदाहरणका लागि, बगरकोट, डडेलधुरामा स्थानीय जनताले भोट दिएनन् भनी माओवादीले पानीको पाइप काटिदिएको खबर विभिन्न सञ्चारमाध्यमहरूले दिए। "भोट नदिएको भन्दै पानीको मुहानमा अवरोध", *कान्तिपुर*, ११ जून २००८।

[३७] १८ मे २००८ मा नेपाल मानवअधिकार आयोगले माओवादीमाथि लागेका १० ओटा अभियोगहरूको सूची प्रकाशित गऱ्यो : अपहरणपछि रामहरि श्रेष्ठको हत्या, कुलुङ, भोजपुरमा एमाले कार्यकर्ता रामसिंह राई, खगेन्द्र कुमार राई, डेडराज बस्नेत र कुलबहादुर राईलाई कुटपिट गरी घाइते पारेको। उनीहरूको अहिले त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको छ। निर्वाचनमा उनीहरूलाई मत नदिएको तथा उनीहरू विरुद्ध लागेको भनी ओखरपौवा, नुवाकोटका चन्द्र बहादुर श्रेष्ठको घरको विनाश, उनीहरूलाई मत नदिएको भनी नेपाने माध्यमिक विद्यालय, गोरखाका शिक्षक रामेश्वर पोखरेललाई कुटपिट गरी घाइते तुल्याएको गाउँलेहरूले माओवादीलाई भोट नदिएको र सडक निर्माणमा चन्दा नदिएको भनी नवलपुर, सिन्धुपाल्चोकमा पानीको पाइप काटी खानेपानी आपूर्ति अवरुद्ध गरेको। वाईसीएलले ज्यान मार्ने धम्की दिएकाले चाङथपु, पाँचथरका नरबहादुर गुरुङको पाँच जनाको परिवार घर छोड्न बाध्य हुनु, काशीकोट कास्कीका पाँच भाइलाई निर्घात कुटपिट, अर्घाखाँचीमा गुल्मेली होटल चलाउँदै आएका राम बन्जाडेलाई हातपात गरेको, नेकालाई भोट दिएको भनी होक्से, काभ्रेका प्रतापसिंह तामाङलाई धम्की दिएको, रामेश्वर उच्च मावि, चितवनका शिक्षक कृष्णप्रसाद पाठक र रामनाथ तिवारीलाई कुटपिट गरेको।

[३८] "माओवादीले कालिकोटका नेका कार्यकर्ता मारेको भन्ने नेकाको आरोप", nepalnews.com, २१ मे २००८।

# ३. नयाँ प्रतिपक्ष

## क) ठूला पुराना दलहरू : खाडलमा जाकिए

मूलधारका मुख्य दुई दल नेका र एमालेका नेताहरूले सार्वजनिक रूपमा व्यक्त गरेभन्दा ती दलहरू बढी सङ्कटको अवस्थामा छन्। मतदाता र आफ्नै कार्यकर्ताहरूका कुरा सुन्न उनीहरू त्यति इच्छुक देखिँदैनन्। आफ्नो पराजयलाई स्वीकारी जनतासँग फेरि जोडिन र आफूलाई सुधार्नका लागि तुरुन्त पाइला नचाल्ने हो भने उनीहरू राजनीतिको अरन्य यात्रामा भौँतारिनेछन्। निर्वाचनको सन्देशलाई बेवास्ता गर्दै नेका आन्तरिक झैझगडामा अल्झिरहेको सङ्केतहरू पाइएका छन्। एमाले बढी अनुशासित र यथार्थपरक देखिएको छ। तापनि यसले वाम नेतृत्वका लागि माओवादीसँग सङ्घर्ष गर्ने कि एउटा मध्यमार्गी सोसल डमोक्र्याटिक पार्टीमा ढालेर आफूलाई नयाँ रूप दिने भनेर निर्णय गर्नुपर्ने अवस्था छ। आफ्नै महत्त्व र स्थानबारे यी स्थापित दलहरूको सोचाइ त्यति गलत होइन, किनभने निर्वाचनमा पूरै नामेट भएका छैनन्, न त पूरै लोप नै हुनेछन्। तर तिनीहरूका व्यवहारबाट तिनीहरू आपसी आरोप-प्रत्यारोपको आत्मघाती चक्रमा परेका देखिन्छन्।

नेका तथा एमाले दुवैका लागि निर्वाचन परिणामहरू सुरुमा देखा परेभन्दा राम्रा र नराम्रा दुवै हुन पुगेका छन्। बढी राम्रा यस अर्थमा कि प्रत्यक्ष निर्वाचनको परिणाममा सुरुमा देखिएको माओवादी लहरलाई समानुपातिक निर्वाचनको परिणामले सन्तुलनमा ल्यायो। नराम्रा यस अर्थमा कि उनीहरूले जित्छन् भनी ठानिएका स्थानहरूको परिणाम साधारण मतदाता, बलिया समर्थक तथा कार्यकर्ताहरूसँगको उनीहरूको सम्बन्ध-सेतु टुटेको सन्देशका रूपमा आए। दुवै दलहरू मतदाता नागरिकहरूलाई भन्दा बाहिरी शक्तिलाई रिझाउनमा बढी तल्लिन देखिए। उनीहरू राज्यशक्ति मतपेटिकाबाट नभई माथिबाट अर्थात् दरबार, दिल्ली वा बन्द कोठाभित्रको मोलतोलबाट आउँछ भन्ने मान्यतामा टाँसिएका थिए। यी दुई दलले आफूलाई बढी समावेशी तथा प्रतिनिधिमूलक बनाउने प्रयास ठ्याम्मै गरेनन्। न त उनीहरूले स्थापित ढ्याके नेताहरूका ठाउँमा नयाँ अनुहार ल्याउन नै खोजे।

यी दुई दलहरूका राजनीतिक विश्वासका आधारहरू पनि प्रस्ट छैनन्। नेकाको राजनीतिक बहुलवादप्रतिको बहुप्रचारित प्रतिबद्धता अब नेकाको पेवा रहेन। दलभित्र लोकतान्त्रिक अभ्यास अँगाल्न नसक्नाले यो दाबी लगातार कमजोर बन्दै गएको छ। नेका जस्तै एमालेले पनि दोधारे मनस्थितिमा नै माओवादीले नेतृत्व गरेको गणतान्त्रिक एजेन्डामा हस्ताक्षर गर्‍यो। तर त्यसो गर्दा न त पर्याप्त मात्रामा प्रगतिशील उत्साह आएको देखियो न त खासखास मुद्दामा आफ्नो स्पष्ट वैकल्पिक अडान राख्न सक्यो। माओवादीले लगाएको "यी त्यस्ता डाँका दलका सरदार मात्र हुन् जो बहुसङ्ख्यक गरिब जनतालाई लुटेर आफू मोटाउँछन्" भन्ने जस्तो अभियोग यिनीहरूलाई लगाइहाल्न त्यति मिल्दैन, तर यसबाट निस्केको निष्कर्षलाई भने उनीहरूले मनन गर्नैपर्छ : "यो परिणाम ती शक्तिहरू विरुद्ध एउटा त्यस्तो अभियोगपत्र हो जसले महिला, दलित, अल्पसङ्ख्यक र आदिवासीहरूको दमन, शोषण र उत्पीडन गरेका थिए।"[३९]

### १. नेपाली काङ्ग्रेस

नेकाले बचेखुचेको आफ्नो शक्तिलाई बेवास्ता गरेमा यसको नाटकीय पतन हुने छाँट देखिन्छ। यो दल नाउँमा मात्र एकीकृत भएको थियो र यसको एकीकरण नामको मात्रै रहनेछ। अहिले पनि माउ पार्टी र देउवाको नेका (प्रजातान्त्रिक) बीच विभाजन स्पष्ट रूपमा देख्न सकिन्छ। भूतपूर्व प्रधानमन्त्री कोइरालाले नेकाको पराजयको कारण पार्टी पुनःएकीकरण नै हो भनेर एकीकरण गर्ने कामलाई "भयानक गल्ती" भनेको बताइन्छ।[४०] निर्वाचनअघिको समयमा गणतन्त्र समर्थक धार र गणतन्त्र विरोधी धारबीचको खिँचातानीले स्थितिलाई झनै बिगार्‍यो। गणतन्त्र विरोधी धारमा प्रधानमन्त्रीकी छोरी सुजाता कोइरालाको नाम उल्लेख्य छ। मनोनयन गरी टपक्क टिपेर अन्तरिम व्यवस्थापिका-संसदमा ल्याइएकी सुजाताले मधेसी जनअधिकार फोरम विरुद्धको आफ्नो चुनावी अभियान गृहमन्त्री कृष्णप्रसाद सिटौलाको खेदो खन्नुमा र आफूलाई सार्वजनिक रूपमा नै पार्टी नीतिबाट अलग्याउने काममा खर्च गरिन्।[४१]

माओवादी एजेन्डालाई खुला हृदयले र विश्वासिलो हिसाबले नगरी मन नलागी-नलागी स्वीकार गरेकाले नेका उही पुरानो घिसे-पिटे बहुदलीय राजनीतिबाहेक अरू नौलो कुरा केही चाहँदैन भन्ने प्रभाव पर्न गयो। फेरि पार्टीको आफ्नै व्यवहारबाटै बहुदलीय राजनीति झल्कन नसकेको अवस्था थियो। राजाका समर्थकहरूले राजाको प्रत्यक्ष शासनकालमा भन्दा धेरै बढी मान्छे देउवाको प्रधानमन्त्रीत्व कालमा मारिएका थिए भनी दोष लगाउन कहिल्यै छाडेनन्। त्यस भनाइमा केही दम नभएको होइन। नेपाली काङ्ग्रेसको निर्देशनमा सन् १९९५ मा "अपरेसन रोमियो" लागू गरेर सरकारले नृशंस प्रहरी दमन गर्नाले मध्य-पश्चिममा चर्को आक्रोश बढाई माओवादी "जनयुद्ध" नजिक्याएको तथ्य धेरै मतदाताले बिर्सेका थिएनन्। कट्टरपन्थी पूर्व गृहमन्त्री खुमबहादुर खड्का र गोविन्दराज जोशीको पराजयको आंशिक कारण त्यो पनि हो। मधेसी जनअधिकार फोरम र अन्य दलहरूको क्रियाकलाप कस्तो हुनेछ त्यो हेर्नु छ, तर तिनका कारणले तराईमा पार्टीको जनाधार स्थायी रूपमा कमजोर हुन सक्छ।

नेकाले आफ्नो पराजयलाई आत्मसात् गरी आफूलाई नयाँ स्वरूप दिन एउटा निर्क्योल निकाल्नु आवश्यक छ। तर दलको नेतृत्व पङ्क्तिमा सुधारवादी आवाज अनुपस्थित भएको तथ्य ध्यानयोग्य छ। गणतन्त्रवादका पक्षधर उदारवादी नरहरि आचार्य पार्टीमा एक्ला

---

[३९] आजाद, प्रवक्ता, ऐ.ऐ.।

[४०] "पार्टी एकीकरण ब्लन्डर थियो", *नयाँ पत्रिका*, १८ जून २००८।

[४१] पार्टीले अनुमोदन गरिसकेको छैन भनेर सुजाता कोइरालाले नेकाको एउटै चुनावी घोषणापत्र आफ्नो निर्वाचन क्षेत्रमा नबाँडेको समाचार आएको थियो। "NC meet put off yet again", *The Himalayan Times*, २९ अप्रिल २००८।

छन्। गगन थापा जस्ता क्रान्तिकारी विद्यार्थी नेताहरू पनि दलको नेतृत्वबाट किनारा लगाइएका छन्। पार्टीभित्र आन्तरिक बहसको थालनी हुने कुनै सङ्केत देखिँदैन। धेरैजसो प्रभावशाली कार्यकर्ताहरू माओवादीलाई सहयोग गर्ने कमजोरी देखाएकाले आफ्नो पार्टीको पराजय भएको र पार्टी पुरानै अनुदारवादी मान्यतामा फर्कनुपर्छ भन्ने ठान्दछन्। पार्टीका युवाहरू पनि त्यत्तिकै कट्टर छन्। नेविसङ्घ तथा तरुण दल दुवैले प्रधानमन्त्रीलाई हार स्वीकार नगरी आफ्नो ठाउँ नछोड्न आग्रह गरेका थिए।[४२] उनीहरूले वाईसीएलसित टक्कर लिन "तरुण सेना" गठन गर्ने खरा कुरा गरे पनि उनीहरूसँग परिचालन क्षमता र माओवादीसँग लड्न सक्ने अवस्था पनि उनीहरूको छैन। लड्ने अवस्थामै भए पनि यस्तो गतिविधिले अहिंसा र लोकतन्त्रको जुन सिद्धान्त उनीहरूले अङ्गीकार गरेका छन् त्यसमा धक्का पर्न जानेछ।

नेकाको एउटा ठूलो र स्वाभाविक फाइदा के हो भने ऊ वाम बहुमतको एउटा स्पष्ट प्रतिपक्षको स्थितिमा रहेको छ। माओवादीको जस्तै यसको पनि आफ्नै खालको वर्गीय तथा आर्थिक समुदायको ठोस समर्थन छ। यसको जस्तोसुकै नीतिगत ढुलमुल तथा वैचारिक-सैद्धान्तिक कमजोरी भए पनि यो कदापि हराएर जान सक्दैन। वाम खेमाको राजनीतिबाट तर्सिनेहरूका लागि यो स्वाभाविक आश्रयस्थल हो। अन्य दक्षिणपन्थी दलहरूको स्थिति पनि गतिलो छैन। किनभने विगतमा राजावादी रुझान देखिएकाले उनीहरूको साख गिरेको छ। त्यसैले नेकाले त्यस क्षेत्रका मतदाताहरूमा आफ्नो पकड बलियो पार्न सक्छ। तर आफ्नो स्थिति बढाउनलाई यतिले मात्रै पुग्दैन र मिलीजुली सरकारमा बाहेक पार्टीलाई सरकारमा फर्काउन पनि सक्दैन (खासगरी भविष्यमा पनि समानुपातिक प्रतिनिधित्वको व्यवस्था कायमै रहेमा)। मिलीजुली सरकार बनाउने कुरा पनि दुईओटा तत्त्वमा निर्भर गर्छ। एक, एमालेले वैचारिक-सैद्धान्तिक रूपमा आफूलाई कस्तो स्थानमा राख्छ तथा दुई, तराईमा नेकाको पुरानो जनाधारमा खडा भएका नयाँ मधेसी शक्तिहरूसँग नेकाले कसरी तालमेल कायम गर्छ।

निकट भविष्यमा नेकाले दीर्घकालीन रणनीतिपट्टि धेरै ध्यान देलाजस्तो लाग्दैन। यसको तत्कालको आवश्यकता भनेको सरकारमा जसरी भए पनि टिकिरहने हो, भलै माओवादी नेतृत्वको सरकारमा कनिष्ट साझेदारकै रूपमा किन नहोस्। स्वभावैले यो सरकारमा रहने पार्टी हो, प्रतिपक्षमा रहने यसको स्वभावै छैन। सत्ता ओगट्नु नै यसको आधारभूत उद्देश्य र आफूलाई थेगिराख्ने सिद्धान्त हो। सत्ताको संरक्षकत्वमा रहन यसलाई बानी परिसकेको छ। त्यो बिना यसले न कार्यकर्ताहरूलाई आकर्षित गर्न सक्छ न त कर्मचारीतन्त्र र प्रहरी जस्ता राज्य संयन्त्रमा नै आफ्नो पकड राख्न सक्छ।

## २. एमाले

आफूले विगतमा गरेको गलत निर्णयको असर र हाल नभएको तर भविष्यका लागि आवश्यक पर्ने जुझारुपनको बीचमा एमाले अल्झिएको छ। धेरै परम्परावादी, शिक्षित, सहरिया एमाले मतदाताले एमाले वास्तविक कम्युनिस्ट पार्टी नरहेकाले आफूहरूले माओवादीलाई समर्थन गरेको कुरा क्राइसिस ग्रुपलाई बताए। यो आंशिक रूपमा प्रधानमन्त्री पदका लागि राजामा बिन्ती चढाएको र पछि देउवाको मिलीजुली सरकारमा सहभागी बनेको फल पनि हो। एमालेले सहरी श्रमिक र बेरोजगारहरू तथा ग्रामीण गरिबहरूलाई पूरै बेवास्ता गरेको र उनीहरूलाई माओवादीको पोल्टामा हालिदिएको तथ्य यसबाट प्रतिबिम्बित हुन्छ।

तर आफ्नो असफलतालाई सच्याउन नेकाभन्दा एमाले धेरै राम्रो स्थितिमा छ। यो आन्तरिक रूपमा निकै प्रजातान्त्रिक छ। यसले आन्तरिक बहसलाई प्रोत्साहित गर्छ र यसका समर्पित स्थानीय सङ्गठनकर्ताहरू धेरै छन्। निर्वाचनको खराब नतिजा आउनेबित्तिकै सरकारबाट आफ्ना मन्त्रीहरूलाई फिर्ता बोलाउने यसको निर्णयलाई एउटा घुर्कीका रूपमा हेरियो तापनि महासचिव माधव नेपालले पार्टी प्रमुखका रूपमा पराजयको उत्तरदायित्व वहन गरी राजीनामा दिनु चाहिँ शालीन र सैद्धान्तिक देखियो।[४३] त्यसको लगत्तै एमालेले झलनाथ खनाललाई नयाँ नेतृत्व सुम्पने जस्तो एउटा प्रजातान्त्रिक, सामयिक र चुस्त निर्णय गऱ्यो। यस्तो प्रकारको परिपक्वता नेकाले कहिल्यै देखाउन नसक्ला। (नेका सभापति कोइरालाले आफ्नो राजीनामाबारे नसोचेको मात्र होइन, कार्यकारी सभापति आफ्ना भतिजा सुशील कोइरालाको राजीनामासमेत उनले अस्वीकार गरे।)

एमालेले माओवादीतिर लागेका आफ्ना कार्यकर्ताहरूलाई फेरि कसरी फर्काउने त्यसतिर सोच्नुपर्छ। तर एमालेका समस्या आन्तरिक होइनन्। मुख्य कुरा त यसले नेकपा (माओवादी) को सैद्धान्तिक विचार र आफ्नो सैद्धान्तिक प्रस्तावना के कुरामा भिन्न छ त्यो देखाउन सक्नुपरेको छ। दुवै पार्टीहरू लगभग समान प्रकारको राजनीतिक मैदान र मतदाताका निम्ति सङ्घर्ष गरिरहेका छन्। नयाँ नेतृत्वअन्तर्गत एमालेले बढी आक्रामक रूपमा माओवादी विरोधी नीति लिएको छ।[४४] महासचिव खनालले संविधानसभामा

[४२] "नेकाको पूर्वशर्तका आधारमा राजनीतिक सहमति स्थापित गर", विद्यार्थी समूह, ekantipur.com, २६ मे २००८, "शर्त पूरा नभएमा बाहिरै रहनका लागि प्रधानमन्त्रीलाई तरुण दलको सुझाउ", nepalnews.com, २ जून २००८।

[४३] पराजित हुने ठूला नेताहरूमध्ये माधव नेपाल किन फरक छन् भने उनका सार्वजनिक टिप्पणीहरूमा उनले आफूलाई विनित राखेर सिर्जनात्मक सुझाउ दिनमा मात्रै सीमित राखेका छन्। उदाहरणका लागि, हेर्नुहोस् "No one can turn back rapid change, says Madhav Nepal", ekantipur.com, १२ जून २००८।

[४४] महासचिव खनालले कुनै पनि आक्रमणको तुरुन्त प्रतिरोध गर्न पार्टीमा आदेश दिए। "आइलाग्नेमाथि तत्काल जाइलाग्नुस्", *बुधबार साप्ताहिक*, १८ जून २००८।

माओवादीको प्रतिरोध गर्न निर्देशन दिएका छन्। त्यस्तै, एमालेको युवा सङ्गठनले “युवा, जनसाधारण तथा संरक्षणको आवश्यकता पर्ने अन्य समुदायलाई हिंसात्मक क्रियाकलापबाट सुरक्षा प्रदान गर्न राष्ट्रव्यापी रूपमा नयाँ शक्तिको गठन गर्ने घोषणा गरेको थियो।”[४५]

वाम समूहबीच आफ्नो प्रभुत्व स्थापित गर्ने प्रयास असफल भएपछि एमाले सामुन्ने विकल्पहरू छैनन् भन्दा हुन्छ।[४६] वामदेव गौतम सधैं पार्टीको मूलधारको पक्षमा बोल्दैनन्, तैपनि पार्टीले माओवादी अतिवादको विरोध गर्नुपर्छ तर यसलाई दक्षिणपन्थतिर लाग्नबाट रोक्नुपर्छ भन्ने उनको तर्कमा एमालेको सहज धारणा प्रतिबिम्बित भएको पाइन्छ।[४७] तर माओवादीसँगको यस चुनौतीलाई नीतिगत ध्रुवीकरणका रूपमा नलिई सैद्धान्तिक अडानका रूपमा मात्र लिइनुपर्दछ भन्ने उनको विश्लेषणबाट गुमेका मतदाता फर्काउन सकिन्न। वास्तवमा एमालेको लामो समयदेखि नाममा बाहेक (केही परम्परागत कम्युनिस्ट कार्य-व्यवहारहरूबाहेक) एउटा सोसल डेमोक्र्याटिक पार्टीको चरित्र रहेको छ। यसले आफूलाई नयाँ ब्रान्ड दिएमा यसको भविष्य बलियो हुन सक्छ। तर त्यसका लागि आवश्यक मनोवैज्ञानिक फड्को यसले मार्ने सम्भावना निकट भविष्यमा देखा पर्दैन।

### ३. आफूलाई सुधार्न सक्लान् त?

मुख्य दलहरू पुनःस्फूर्ति प्राप्त गरी मतदातासँगको सम्बन्धलाई फेरि जोड्दै अर्को निर्वाचनमा सशक्त रूपमा आउन सक्छन् र त्यसो गर्ने पर्याप्त आन्तरिक क्षमता उनीहरूसँग छ। तर त्यसका लागि उनीहरूले परिवर्तनको सन्देश सुन्न तयार हुनैपर्छ। होइन भने आगामी धेरै वर्षसम्म सत्ता प्राप्त गर्ने प्रतिस्पर्धाबाट उनीहरू टाढा रहनेछन्। पुराना पार्टी भईकन पनि वर्षौंसम्म सत्ताबाहिर भौंतारिन परेको उदाहरण भारतको काङ्ग्रेसदेखि बेलायतका दुवै पार्टी र फ्रान्सेली समाजवादी पार्टीले प्रस्तुत गरेका छन्। नेपाली मतदाताले लामो समयदेखि परिवर्तनको चाहना देखाउँदै आएका छन्। तर दुई पार्टीको दबदबाले गर्दा त्यस चाहनालाई आमूल रूपान्तरणका अभिव्यक्तिका रूपमा नभई क्षणिक र सत्तासीन पार्टी विरोधी भावनाका रूपमा हेर्ने गरियो।

तर अर्थपूर्ण सुधार ठूलाठूला नीतिगत निर्णयमा मात्रै निर्भर गर्दैन। यसमा ठूलो भूमिका साना कुराहरूले खेलेका हुन्छन्। पार्टीभित्र राम्रो अनुशासन र आन्तरिक प्रजातन्त्र रहनेमा त्यसले (जुन कुरा नेपाली काङ्ग्रेसभित्र खट्किएको छ) परस्परको विनाशकारी मारामारलाई घटाउन सक्छ। पार्टीको निर्णय प्रक्रियामा स्थानीय कार्यकर्ताहरूलाई सामेल गर्न सके स्थानीय तहमा सङ्गठन सुदृढ हुन सक्छ। पार्टीलाई बढी प्रतिनिधित्वमूलक बनाउनु बढी प्रगतिशील प्रतिपक्षीका बलमा लागू गरिएको कोटा पूरा गर्नु मात्र होइन। ठूल्ठूला सैद्धान्तिक विचारबारे निर्णय लिन लामो समय लाग्न सक्ला। तर दुवै पार्टीले त्यस्ता ठूला उद्देश्य प्राप्त गर्न धेरै स-साना पाइला चालिहाल्न सक्छन्। दुवै पार्टीका लागि निर्वाचन परिणाम निस्सन्देह लज्जास्पद थियो तापनि यदि नेताहरू मतदाताको विश्वास पुनः जित्न चाहन्छन् भने अहिलेको निर्वाचन परिणामलाई उनीहरूले आफूलाई जगाउनका निम्ति मतदाताहरूले दिएका अन्तिम झट्काका रूपमा लिनुपर्ने हुन्छ।

अन्तर्राष्ट्रिय समुदायले पनि सहयोग गर्न त सक्छ, तर त्यसका लागि पार्टीका प्रमुख खेलाडीहरूले पार्टीलाई यस अवस्थामा पुऱ्याउनुमा आफू जिम्मेवार रहेको सकार्नै पर्ने हुन्छ। बाहिरी शक्तिहरूले नेका र एमालेलाई राजाका अगाडि निहुरिन र माओवादीका “आमूल परिवर्तनकारी” एजेन्डाबाट टाढै रहनका लागि वर्षौंदेखि सल्लाह दिँदै आएका थिए। यही कारणले यी दलहरू मतदाताबाट टाढिँदै गए। यसैले उनीहरूलाई जनमुखी नीतिहरू निर्माण गर्नुको साटो उच्च शक्तिकेन्द्रहरू (राजा, अन्तर्राष्ट्रिय शक्ति, सेना) तर्फ बढी ध्यान दिने उनीहरूको सहज प्रवृत्तिले बढावा पायो र नागरिकहरूप्रति उनीहरूले ध्यान दिएनन्, जसका प्रतिनिधिका रूपमा उनीहरू चुनिएका थिए। विगतको निर्वाचन र भविष्यमा हुने निर्वाचनबीचको दूरी टाढिँदै गएपछि जनताको आकाङ्क्षालाई पन्छाएर तत्कालको शक्ति राजनीतिलाई उनीहरूले प्रश्रय दिनु आश्चर्यको कुरा होइन।

मूलधारका पार्टीहरूले पुनःस्फूर्ति प्राप्त गरेमा त्यसबाट देशले दुई कुरामा ठूलो लाभ प्राप्त गर्न सक्छ। पहिलो, संविधान निर्माण प्रक्रियामा आलोचनात्मक एवम् रचनात्मक भूमिका खेल्ने काम। दोस्रो, आगामी निर्वाचनमा वास्तविक प्रतिस्पर्धा प्रस्तुत गरेर आफूलाई सबल विकल्पका रूपमा खडा गर्ने। माओवादीहरूले पनि गतिशीलता ल्याउन तथा भ्रष्टाचार हटाउन वास्तविक अर्थको प्रतिस्पर्धात्मक राजनीति अपरिहार्य छ भनेर बारम्बार भन्दै आएका छन्। जनताको ठूलो हिस्साले माओवादीलाई मतदान गरेन। त्यो हिस्सा आफ्नो हित प्रतिनिधित्व गर्ने अन्य कुनै पार्टीलाई मतदान गर्न इच्छुक हुन सक्छ। यदि यी मूलधारका पार्टीले जनचाहनाअनुरूप काम नगरेमा त्यो त्यस्ता मतदातालाई धोका दिएसरह हुनेछ। त्यस्तो अवस्थामा ती माओवादीतिर आकर्षित हुन सक्छन्, खासगरी माओवादीले लोकतन्त्रप्रतिको प्रतिबद्धता प्रमाणित गरेमा अथवा त्यस्ता मतदाताहरू मधेसी जनअधिकार फोरम जस्ता अन्य कुनै पार्टीपट्टि ढल्किन सक्छन्।

---

[४५] “संविधानसभामा नेकपा (एमाले) माओवादी विरुद्ध खडा हुने”, *The Kathmandu Post*, जून २००८।

[४६] एमालेको भविष्यका बारेमा माओवादी नेता बाबुराम भट्टराईको कटु मूल्याङ्कन आत्मपरक हुन सक्छ, तर पनि विचारणीय छ : “नेपालमा दुईओटा मात्र प्रमुख राजनीतिक दल रहनेछन्। एकातिर पुँजीवादी तथा सम्पन्नहरूको नेतृत्व गर्ने नेपाली काङ्ग्रेस, अर्कातिर प्रगतिशील तथा गरिबको नेतृत्व गर्ने माओवादी। एमालेमा न गरिबको नेतृत्व गर्ने विशेषता छ न सम्पन्न वर्गको।” “We will lead next govt: Dr Bhattarai”, ekantipur.com, १३ अप्रिल २००८।

[४७] “इतिहासको कसीमा एमाले”, *कान्तिपुर*, ६ जून २००८।

## ख) मधेसी दलहरूको आगमन

मधेसी दलहरूको आगमन भइसकेको छ र अब ती कतै जानेवाला छैनन्। यद्यपि भविष्यमा उनीहरूको आकार-प्रकार कस्तो रहनेछ त्यसबारेमा यकिन गर्ने समय भइसकेको छैन। मधेसी जनअधिकार फोरमले सुरुमै उल्लेख्य उपलब्धि हासिल गरेर देखायो। तमलोपा र सद्भावना पार्टीले पनि आउँदा दिनहरूमा कडा प्रतिद्वन्द्विता प्रस्तुत गर्ने कुरालाई इन्कार गर्न सकिँदैन। दलहरूको यो गठन प्रक्रिया प्रतिनिधित्वका लागि लडिएको लडाइँको पहिलो चक्र जस्तो देखिन्छ। दलित, मुसलमान तथा तराईका अल्पसङ्ख्यकहरूले आफ्नै दल गठन गरेका छैनन् र आफ्नो हितको प्रतिनिधित्व गर्ने खालका दल अहिलेसम्म फेला पारेका छैनन्। (तर नेकपा (माओवादी) ले यसका लागि पहल सुरु गरेको छ।) छिमेकी भारतका राज्यहरूका अनुभवको आधारमा भन्ने हो भने दलहरूमा उथलपुथलको प्रक्रिया अझै चलिरहन अवश्यम्भावी छ।

मधेसी जनअधिकार फोरमले बृहत् मोर्चा बनाउन नमानेकाले मधेसीहरूको समग्र सिट सङ्ख्यामा केही असर नपरेको होइन, तर त्यति होइन जति धेरै विश्लेषकहरूले गरेका थिए। यसले गर्दा एक हिसाबले फलदायी प्रतिद्वन्द्वितालाई प्रश्रय मिलेको छ। तमलोपालाई दिल्लीले सृजना गरेको पार्टीका रूपमा हेर्ने गरिन्छ। त्यस पार्टीको कमजोर प्रदर्शनबाट दिल्लीले सजिलो ठानेका क्षेत्रमा पनि उसको दाल नगल्ने रहेछ भन्ने एउटा बलियो सन्देश गएको छ। यी सबै कुराले पुराना पार्टीहरूलाई एउटा स्पष्ट सन्देश दिन्छन्। त्यो के हो भने प्रतिफल नदिईकन यसै समर्थन मिल्ने दिन अब गए। मधेसी लहरले गर्दा जनजाति तथा क्षेत्रीय समूहहरूलाई पनि आफ्नो एजेन्डा अगाडि बढाउनका लागि बाटो मिलेको छ। पहिचानको राजनीति पनि सितिमिति हराउनेवाला छैन।

जून १ तारिखका दिन बसेको केन्द्रीय समितिको बैठकपछि मधेसी जनअधिकार फोरमले स्वशासित एक मधेस एक प्रदेशको मागलाई नै जोड दियो। यसले बहुदलीय प्रतिस्पर्धाका आधारमा निर्वाचित कार्यकारी राष्ट्रपति तथा प्रान्तीय मुख्यमन्त्रीहरू प्रत्यक्ष रूपमा निर्वाचित हुनुपर्ने प्रस्ताव राख्दै सेना, प्रहरी तथा सरकारका सबै निकायहरूमा जनसङ्ख्याका अनुपातमा मधेसीहरूको सामूहिक प्रवेशको पुरानो माग पनि दोहोऱ्यायो।[४८] यसका नीतिलाई अन्य मधेसी पार्टीहरूले पनि समर्थन जनाउने सम्भावना छ।[४९]

मधेसी जनअधिकार फोरमको अल्पकालीन विकास यस पार्टीले आफ्नो निर्णायक भूमिका कसरी निर्वाह गर्छ भन्ने कुरामा निर्भर गर्दछ। यो किनारा लाग्न पनि सक्छ। तर ठूला दलहरू विभाजित अवस्थामा रहेका बेला यसको मतले महत्त्वपूर्ण भूमिका खेल्न पनि सक्छ। यसले बहुमतका आधारमा सरकार गठन गर्ने प्रस्ताव अघि सारेको अकारण होइन। यसो भएमा यस पार्टीको हात माथि रहन जानेछ। त्यसो नभए पनि संविधानसभामा यसले पाएको सिट सङ्ख्याले गर्दा अरूलाई घुमाउन सक्ने शक्ति यसमा पर्याप्त छ। साथै सरकारमा प्रतिनिधित्वका लागि यसले दाबी गर्ने ठाउँ पनि छ। यसबाहेक अन्तरिम संविधानमा व्यवस्था भएको सात दलको सहमतिलाई मान्नुपर्ने प्रावधानलाई व्यवहारका साथसाथै अन्तरिम संविधानबाटै पनि हटाउनका लागि यसले जोड दिइरहेको छ।[५०]

## ग) वरपर आएको परिवर्तन

राजावादी दलहरूले प्रत्यक्ष निर्वाचनमा एक सिट पनि जित्न सकेनन्। उनीहरूले कति नराम्रो पराजय बेहोर्नुपऱ्यो भन्ने कुरा पशुपतिशमशेर राणा (राप्रपा), सूर्यबहादुर थापा (राजपा) र कमल थापा (राप्रपा (नेपाल)) जस्ता हस्तीहरूको हारले पनि उजागर गर्दछ।[५१] वास्तवमा भन्ने हो भने "राजावादीहरू"ले राजाको साथ छाड्नलाई बेर गरेनन्। आफ्ना घोषणापत्रहरूमा राजाको भविष्यबारे जनताले निर्णय गर्न पाउनुपर्छ भन्ने आग्रह राखिएको भए तापनि संविधानसभाको पहिलो बैठकमा राप्रपा र राजपा दुवैले गणतन्त्रको प्रस्तावको पक्षमा मतदान गरे।[५२] राप्रपा (नेपाल) ले मात्र प्रस्तावको विपक्षमा मतदान गरेर आफ्नो विश्वासको दृढता देखाउने आँट गऱ्यो। तर यसको अडानमा पनि परिवर्तन आउन लागेको देखिन्छ। गणतन्त्र कार्यान्वयन पछि बसेको यस पार्टीको केन्द्रीय समितिको बैठकमा कमल थापाको कडा आलोचना गरियो र पार्टीले लिनुपर्ने बाटोबारे पुनर्विचार गरिनुपर्ने जोड दिइयो।[५३] संविधानसभाको बैठकमा आफ्नो विरोध दर्ता गराउने चन्द्रबहादुर गुरुङ भन्छन्, "राप्रपा (नेपाल) एउटा

---

[४८] "MPRF for autonomous province", *The Rising Nepal*, ४ जून २००८।

[४९] निर्वाचनपछि तमलोपा तथा मधेसी जनअधिकार फोरमको दृष्टिकोणका बारेमा हेर्नुहोस् हृदयेश त्रिपाठीको अन्तर्वार्ता, "Keep out of Tarai affairs", *The Kathmandu Post*, ९ जून २००८, फोरमका जयप्रकाश गुप्ताको अन्तर्वार्ता, "Nothing except one Madhes", *The Rising Nepal*, ९ जून २००८।

[५०] यस रिपोर्टमा "सात दल" भन्नाले सत्ताका साझेदार छओटा संसदीय दल तथा नेकपा (माओवादी) लाई बुझाउँछ। नेपाली काङ्ग्रेस र नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) एक भएपछि एक दल घटेर "६ दल" बन्न पुगेको हो। क्राइसिस ग्रुपका यसअघिका रिपोर्टहरूमा यी सात दलको गठबन्धनलाई SPA भनिन्थ्यो। तर अहिले SPA भन्नाले ६ दल र माओवादीको संयुक्त समूहलाई बुझाउँछ, यद्यपि उनीहरूलाई बाँध्ने कुनै गठबन्धन छैन। यी ६ दल हुन् : नेपाली काङ्ग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी तथा संयुक्त वाममोर्चा।

[५१] राजपा नेता सूर्यबहादुर थापालाई यसको पूर्वानुमान थियो। निर्वाचनअघि नै उनले सजग गराएका थिए : "जनता हामी राजपा, राप्रपा तथा राप्रपा (नेपाल) बेग्लाबेग्लै चुनाव लडेकामा खुसी छैनन्। हामी जनताको चाहना पूरा गर्न सक्ने छैनौं। निर्वाचनमा जित-हार त हुन्छ नै। तर म डराउन्न, म पहिले पनि हारिसकेको मानिस हुँ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, १६ मार्च २००८।

[५२] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर*, माथि उल्लेखित, पृ. ४।

[५३] "राप्रपा नेपालद्वारा गणतन्त्र स्वीकार", *नयाँ पत्रिका*, ४ जून २००८।

प्रजातान्त्रिक पार्टी हो र यसले जनादेशको सम्मान गर्दछ। ...साथै हाम्रा लागि गणतन्त्रलाई स्वीकार गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ।"[५४]

पच्चीसओटा दलको प्रतिनिधित्व भएको संविधानसभामा पहिले कहिल्यै नदेखिएको राजनीतिक विविधता छ, तर यसबाट देशको राष्ट्रिय राजनीतिको ढाँचा कति बदलिन्छ त्यो हेर्न बाँकी नै छ। १३ ठूला दलहरूले आफ्नो एउटा छुट्टै समूह बनाएकाले[५५] ससाना १२ दलले उनीहरूको वर्चस्वलाई चुनौती दिँदै अर्को समूह बनाए।[५६] साना दलहरूका दुईओटा चारित्रिक विशेषता देखिन्छन्। पहिलो, ससाना कम्युनिस्ट घटकहरूले आश्चर्यजनक रूपमा आफ्नो जीवट रूप देखाएका छन् र अनेकौं चिरा परेका भए पनि उनीहरूको प्रतिनिधित्व संविधानसभामा रहेको छ। दोस्रो, राष्ट्रिय जनमुक्ति पार्टी जस्ता केही जातीय तथा क्षेत्रीय दलहरूको उपस्थितिले के देखाउँछ भने अब पहिचानको राजनीति तराईमा मात्र सीमित रहने छैन। पहिचानको राजनीतिले सङ्घीयताको कार्यान्वयनपछि राष्ट्रिय तथा क्षेत्रीय तहमा अझै सघनता प्राप्त गर्नेछ। यी दलहरूले कोटा तथा आरक्षणतर्फ ध्यान नदिई धर दिने छैनन् र पुराना दलहरूलाई परिवर्तनका लागि पनि दबाब दिइरहनेछन्।

## ४. र्वाचन परिणाम र प्रतिक्रिया

### क) काठमाडौं : विजयको लहर

सन् २००८ अप्रिल १२ को बिहानसम्ममा माओवादी जितको सम्भावना स्पष्ट भइसकेको थियो। त्यतिन्जेल एमालेको दुई र नेकाको एक सिटको तुलनामा माओवादीले पाँच सिट जितिसकेका थिए। माओवादीहरू काठमाडौंका पाँच सिटमा र अन्यत्र ४० भन्दा बढी सिटमा स्पष्ट रूपमा अगाडि थिए जसको आंशिक नतिजा आइरहेका थिए। त्यसको तुलनामा नेका र एमाले एक दर्जन सिटमा मात्र अगाडि थिए। निर्वाचन आयोगले बिहान पत्रकार सम्मेलन गर्दासम्ममा त मतगणना चलिरहेका १०२ निर्वाचन क्षेत्रमध्ये ५६ सिटमा माओवादीहरू अगाडि थिए। रात पर्नु अगाडिसम्ममा प्रचण्डले काठमाडौं-१० बाट जितिसकेका थिए र बर्दिया, दाङ तथा मकवानपुर जिल्लामा पूरै विजयपताका फहराएर माओवादीहरूले २६ सिट हात पारिसकेका थिए।

अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूबाट (निर्वाचनको परिणामको) अनुमोदन आउने काम जारी थियो (यी संस्थाहरूमा नेका सदस्य रहेको सोसलिस्ट इन्टरनेसनल पनि सामेल थियो) अनि घटनाले अप्रत्यासित मोड लिएकाले राजनीतिक दलहरू र चुनावी टिप्पणीकारहरू आफूहरूलाई सह्माल्न खोज्दै थिए। एमालेको महासचिव पदबाट माधवकुमार नेपालले राजीनामा दिए भने सुशील कोइरालाले नेकाको कार्यवाहक सभापतिबाट। तर सुशील कोइरालाको राजीनामा नेकाका नेता गिरिजाप्रसाद कोइरालाले अस्वीकार गरे। पहिले माओवादी विरोधी रहेका समाचारपत्रहरूले पनि "माओवादी लहर" भनेर खबर दिए।[५७] कट्टर राजावादी *पिपुल्स रिभ्यु*का टिप्पणीकारहरूसमते जय मनाउन पछि परेनन्। माओवादीहरू नराम्ररी हार्ने भनेर ठोकुवा गर्ने टिप्पणीकारहरूका गल्तीको स्वीकारोक्तिबाट सञ्चारमाध्यम गुञ्जायमान भयो। माओवादीले आफ्नो विजयप्रति शालीनता देखाउँदै तत्काल व्यापारिक जमात तथा अन्तर्राष्ट्रिय शक्तिहरूलाई आफूहरू मिलेर साझेदारीमा काम गर्न तयार रहेको आश्वासन दिए।

तर जब नेकपा (माओवादी) ले जितेको सिट सङ्ख्या बढ्न थाल्यो, पराजय बेहोर्नेहरूले भने शालीनता त्यागेर अमिलो मुख पार्न थाले। मतदानपछिको छैटौं दिन बिहान एमालेका नेता माधवकुमार नेपाल प्रत्यासी रहेको दोस्रो निर्वाचन क्षेत्रबाट पनि हारे। उनको पार्टीले सरकार छाड्यो र प्रचण्डले प्रधानमन्त्रीलाई मिलेर जान अनुरोध

[५४] "Seven parties reluctant to accept the shift: Chandra Bahadur Gurung", *People's Review*, १९ जून २००८।

[५५] ठूला १३ दलको समूहमा नेका, एमाले, नेकपा माओवादी, जनमोर्चा नेपाल, मधेसी जनअधिकार फोरम, तमलोपा, सद्भावना पार्टी, नेकपा (माले), राप्रपा, राष्ट्रिय जनमोर्चा, नेकपा (एकीकृत), नेमकिपा तथा नेसपा (आनन्दीदेवी) पर्दछन्।

[५६] हेर्नुहोस् "Stop playing power games, 12 fringe parties tell bigger parties", ekantipur.com, ६ जून २००८।

[५७] १३ अप्रिल २००८ मा *The Kathmandu Post* को ब्यानर शीर्षक "Groundswell for Maoists"; त्यसको सहप्रकाशन नेपालमा सबैभन्दा बिक्री हुने दैनिक *कान्तिपुर*ले चाहिँ १२ अप्रिल २००८ मा "माओवादीको पक्षमा जनलहर" भनेर छापेको थियो। अर्को अखबारले कसरी माओवादी "जितको लहर जारी छ ...र कैयौंलाई निरास पार्ने उपलब्धि हासिल गर्न सक्यो" भन्ने व्याख्या गरेको थियो। "Maoists poised for landslide win", *Himalayan Times*, १३ अप्रिल २००८।

गर्दागर्दै पनि नेकाका नेताहरूले सार्वजनिक रूपमा नै आफ्नो पार्टीलाई माओवादीको नेतृत्वको सरकारमा नजान आह्वान गर्न थाले।[५८] पहिलेदेखि नै माओवादीको विरोधी रहेका टिप्पणीकारहरू आफ्ना पुराना अडानमा फर्किएर माओवादीले सत्ताका लागि आफू योग्य छु भनेर प्रमाणित गर्न अझै केही परीक्षामा उतीर्ण हुनुपर्छ भन्न लागे। माओवादी हिंसाका केही घटनाबाट पनि उनीहरूलाई त्यस्तो टिप्पणी गर्न प्रेरित गरेको हुनुपर्छ।

निर्वाचनको परिणामप्रति काठमाडौंले देखाएको प्रतिक्रिया काठमाडौंको स्वाभाविक चरित्रको प्रदर्शन थियो। पहिले आफ्नो हारलाई स्वीकार गरिसकेका पराजित नेताहरूले पनि तथ्याङ्कलाई फरक किसिमले व्याख्या गरेर आफ्नो दुनो सोझ्याउन सकिने रहेछ भन्ने आभाष पाए। माओवादीले ३० प्रतिशत मत ल्याएका थिए, त्यो पनि ६० प्रतिशत मतदान भएको अवस्थामा। यसको अर्थ गैरमाओवादीहरूले ८० प्रतिशत जनसङ्ख्याको प्रतिनिधित्व गरेको दावा गर्न सक्ने भए। यस्तो परिस्थितिमा नेका र एमालेका नेताहरूले माओवादीले धाँधली गरेर चुनाव जितेका हुन् भनेर तीतो पोख्न थाले।[५९] राजनीतिक दल र सञ्चारमाध्यममा रहेका तिनका समर्थकहरूले घडीलाई उल्टो घुमाउन थाले र सरकारमा जानका लागि माओवादीहरूले पूरा गर्नुपर्ने नयाँ-नयाँ शर्तहरू थप्न थाले।[६०] माओवादीका प्रतिद्वन्द्वीहरूले जनादेशको महत्त्वलाई एकातिर पन्छाउँदै मतदाताको साटो नयाँ दिल्ली र अन्य सम्भावित शक्तिकेन्द्रहरूलाई पुकार्ने पुरानै ताल झिक्न थाले।

## ख) भारत : ठूल्दाइलाई तीतोमीठो स्वाद

भारतका लागि यो निर्वाचनको स्वाद मीठो पनि रह्यो र तीतो पनि। निर्वाचन सम्पन्न हुनु आफ्नो सहयोगमा तयार भएको शान्ति प्रक्रियाको सफलता थियो र आफूले निर्वाचन सम्पन्न हुनुपर्छ भनेर सार्वजनिक रूपमा व्यक्त गरेको चाहना पूरा भएको थियो। तर नयाँ दिल्लीको धाप पाएका र धेरैले जित्छन् भन्ने ठानेका राजनीतिक दलहरूका लागि भने चुनाव परिणाम लज्जास्पद हारका रूपमा आयो।[६१] वरिष्ठ भारतीय अधिकारीहरूले यस अप्रत्यासित नतिजालाई मनमा जेसुकै भए तापनि सहजताका साथ स्वीकार गरेको देखाए। प्रधानमन्त्रीका विशेष दूत तथा नेपालका लागि पूर्व राजदूत श्याम शरणका शब्दमा :

> निर्वाचनको परिणाम सरकारका लागि अनेपक्षित भएकाले यसबाट भारतको नेपाल नीतिमा धक्का पुग्यो कि भनेर भारतमा धेरै मानिसले सोधेका छन्। निर्वाचन परिणामबाट हामी अचम्ममा नपरेका होइनौं, तर मानिसहरूले हामी अचम्ममा पर्नुलाई असहज किसिमको छ भनेर सोचेकामा मलाई अचम्म लागेको छ। भारत सरकारले खास किसिमको निर्वाचन परिणाम चाहेको र घोडा दौडमा च्याँखे थाप्ने जुवाडेले झैं च्याँखे थापेको भन्ने मानिसको अनुमान रहेछ। म स्पष्ट पार्न चाहन्छु। नेपालको शान्ति प्रक्रियाको समग्र अवधिमा भारतले एउटा वा अर्को दललाई प्राथमिकता दिएको थिएन। हाम्रो अडान त आफूमाथि कसले शासन कसरी गर्ने भन्ने कुरा निष्पक्ष र स्वतन्त्र निर्वाचनका माध्यमबाट नेपाली जनताले नै निर्णय गर्नुपर्छ भन्ने रहँदै आएको छ।[६२]

यस स्पष्ट मूल्याङ्कनमा कुनै नौलो कुरा छैन। शान्ति प्रक्रिया सुरु भएदेखि नै उनको र अन्य कूटनीतिज्ञहरूको सार्वजनिक र व्यक्तिगत टिप्पणीको सार यही रहँदै आएको छ।[६३] "नेपाललाई निर्वाचन चाहिएको छ, परिणाम चाहे जेसुकै होस्", निवर्तमान भारतीय राजदूत शिवशङ्कर मुखर्जीको निर्वाचनअगाडिको टिप्पणी थियो। "भारत सरकार लोकतान्त्रिक सरकार देख्न चाहन्छ, चाहे त्यो चरम वामपन्थीको सरकार किन नहोस्।"[६४] तर पनि परिणामलाई पचाउन नयाँ दिल्लीलाई निकै कठिन भयो।[६५]

नयाँ राजनीतिक परिस्थितिप्रति भारतको सार्वजनिक प्रतिक्रिया सौम्य र रचनात्मक थियो। परिणाम स्वीकारेर माओवादीको नेतृत्वमा सहमतिको सरकार बन्नुपर्नेमा भारतको जोड थियो।[६६] तर सूक्ष्म

---

[५८] "Party shouldn't join new govt: NC leaders", ekantipur.com, १६ अप्रिल २००८।

[५९] उदाहरणका लागि, हेर्नुहोस् "Maoists' threats affected free and fair polls, says Deuba", ekantipur.com, १६ अप्रिल २००८।

[६०] विरोधी भए पनि सञ्चारमाध्यम माओवादीप्रति पूरै नकारात्मक भने थिएन। गणतन्त्र घोषणा भएपछिको बिहानको *The Kathmandu Post* को पहिलो पृष्ठमा छापिएको सम्पादकीयमा उदारतापूर्वक लेखिएको थियो, "गणतन्त्र घोषणाको पहिलो र मुख्य श्रेय माओवादीलाई नै जान्छ। माओवादीले अङ्गीकार गरेको हिंसामा *पोस्ट* कहिल्यै सहमत नभए पनि यो दिन ल्याउनमा उनीहरूले निर्वाह गरेको भूमिकालाई बेवास्ता गर्नु अन्याय हुन्छ। "Republic at last!", *The Kathmandu Post*, २९ मे २००८।

[६१] अति नै विवादास्पद रूपमा भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार एम.के. नारायननले चुनावअघि एक टेलिभिजन अन्तर्वार्तामा नयाँ दिल्लीको प्राथमिकतामा नेपाली काङ्ग्रेस भएको बताएका थिए। हेर्नुहोस् ध्रुव अधिकारी, "A Maoist in Nepal's Palace", *Asia Times*, १९ अप्रिल २००८।

[६२] Shyam Saran, "Nepal's Political Transformation and Future of India-Nepal Relations", भारत-नेपाल सम्बन्धमा विकसित हुँदै गरेको धारणा विषयक गोष्ठीमा प्रस्तुत भाषण, पटना, २६ अप्रिल २००८, www.meaindia.nic.in/speech/2008/04/26ss01.htm.

[६३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विभिन्न ठाउँ।

[६४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, १४ मार्च २००८।

[६५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भारतका नीति निर्माता, सेवा निवृत्त कर्मचारी र नेपाल विश्लेषकहरू, नयाँ दिल्ली, १८ अप्रिल २००८।

[६६] भारतका प्रधानमन्त्री डा. मनमोहन सिंहले मुख्य राजनीतिक मुद्दाहरूमा सहमतीका आधारमा अगाडि बढ्न नेपालका राजनीतिक दलहरूलाई आग्रह गरेका छन्। नेपालका राजदूत डा. दुर्गेशमान सिंहसँग नयाँ दिल्लीमा भेट्ने क्रममा भारतका प्रधानमन्त्रीले मुलुकका राजनीतिक मुद्दाहरू जुन ढङ्गबाट समाधान भइरहेका छन् त्यसप्रति सन्तुष्टि व्यक्त गरे। "नेपालका दलहरू

व्यवस्थापनमा हस्तक्षेप गर्ने भारतको भोक यथावत् रहेको देखिन्छ साथै नेपाली सेनाभित्र लोकतान्त्रिक सुधार हुनबाट रोक्नमा भारतको रुचि देखियो। धेरै नेपालीले लामो समयदेखि भारतपक्षीय ठान्दै आएको सन् १९५० को शान्ति तथा मैत्री सन्धिमा पुनरावलोकन गर्ने माओवादीको मागप्रति भारतले शान्तसँग प्रतिक्रिया दियो।[६७] द्वीपक्षीय सम्बन्ध सुधारका लागि ठन्डा दिमागले काम गर्नुपर्नेमा पहिलेका राजदूतहरूले जोड दिँदै आएका छन्। "पहिले जस्तो व्यक्तिगत र व्यक्तिकेन्द्रित नभई हाम्रो भूमिका जनताकेन्द्रित हुनुपर्छ", नयाँ दिल्लीमा आयोजित एक गोष्ठीमा पूर्व राजदूत देव मुखर्जीले भनेका थिए। "भारत सरकारले अब नेपालसँग उच्च पारदर्शिताका साथ राष्ट्रको तहमा व्यवहार गर्नुपर्छ। यसले दुई राष्ट्रबीचको सम्बन्धमा सुधार ल्याउनेछ।"[६८]

नेपालप्रति भारतका विभिन्न क्षेत्रका आ-आफ्नै चासो र अडान भएको सन्दर्भमा भारतीय नीतिका आफ्नै आन्तरिक असरहरू छन्। सन् २००५ को मध्यदेखि नै नेकपा (माओवादी) लाई खुला राजनीतिमा आउन प्रोत्साहित गर्ने दिल्लीको नीति भारतका माओवादीहरूले आक्रामक गतिविधि बढाएको बेलामा विशेष संवेदनशील बन्न पुगेको छ। नेकपा (माओवादी) ले संयुक्त क्रान्तिकारी जनपरिषद् स्थापना गरे जसरी नै छत्तीसगढ राज्यमा उनीहरूले समानान्तर "क्रान्तिकारी सरकार" स्थापना गरिएको घोषणा पहिलोपटक गरे।[६९] नेकपा (माओवादी) को पदचिह्न अनुसरण गर्दै उनीहरूले पनि गाउँमा आधारित आन्दोलनलाई सहरकेन्द्रित बनाउन थालेका छन्, उनीहरूका एक जना वरिष्ठ नेताले यसो भनेको बताइन्छ, "हाम्रो आन्दोलनलाई हामीले सहरमा ल्याउन सकेनौं भने क्रान्तिको कुरा एउटा सपना मात्र रहनेछ।"[७०]

माओवादीको विजयलाई भारतका वामपन्थीले स्वागत गरे। भारतको सत्तारुढ गठबन्धनलाई सरकारबाहिर बसेर समर्थन दिँदै आएको तथा नेपालको शान्ति प्रक्रियामा नजिकबाट संलग्न रहँदै आएको सबैभन्दा महत्त्वपूर्ण वामपन्थी दल भाकपा (मार्क्सवादी) ले यस विजयलाई "राजतन्त्र विरुद्ध र लोकतान्त्रिक गणतन्त्रको पक्षमा स्पष्ट जनादेश" भनेर स्वागत गरेको थियो। नेकपा (माओवादी) को विजयलाई "प्रभावकारी प्रदर्शन" बताउँदै उक्त दलले भारत सरकारलाई "माओवादीलाई आतङ्ककारी सङ्गठन घोषणा गर्ने संयुक्त राज्य अमेरिकाको जस्तो नकारात्मक र शत्रुतापूर्ण नीतिसित आफ्नो कुनै सरोकार नभएको स्पष्ट पार्न" अह्वान गरेको थियो।[७१] भारतका वामपन्थीहरू माओवादीको नेतृत्वमा सरकार बनाउनका लागि प्रोत्साहित गर्न सरकारलाई दबाब दिनका लागि एकजुट भए।[७२]

उता दक्षिणपन्थी हिन्दूहरू भने रिसले चूर थिए। प्रमुख प्रतिपक्षी दल भारतीय जनता पार्टी (भाजपा) ले सरकार "कर्तव्यपालन गर्नबाट चुकेको, सरकारले राष्ट्रिय स्वार्थको रक्षा गर्नका लागि लिएको शपथलाई लत्याएको र परराष्ट्र तथा सुरक्षा नीति कम्युनिस्टहरूलाई जिम्मा लगाएर आफ्नो दायित्वबाट पन्छिएको" आरोप लगाएको थियो। नेपालमा निर्वाचन सम्पन्न भएकामा "सन्तोष" व्यक्त गर्दागर्दै पनि भाजपाले "नेकपा (माओवादी) ले एकतिहाइ मत मात्र पाएको र त्यो पनि धम्काएर पाएकाले माओवादीको क्रियाकलाप तथा अभिव्यक्तिमा नियन्त्रण आवश्यक छ" भन्न चुकेन।[७३] नेपालको राजनीतिले आन्तरिक तथा क्षेत्रीय स्थायित्वमा असर गर्न सक्छ भन्ने मान्यताले भाजपाको चासोलाई बढाएको छ। पार्टीका नेता एल.के. आडवानीको शब्दमा :

> भारत विरोधी शक्तिहरूले हाम्रो छिमेकमा आतङ्कवाद र धार्मिक अतिवादलाई प्रोत्साहित गरिरहेका छन्। सरकारको कमजोर नीतिले गर्दा तिनलाई झनै बल पुगेको छ। हिंसामा विश्वास गर्ने र हाम्रो मुलुकको सांस्कृतिक तथा आध्यात्मिक धरोहरप्रति गहिरो वितृष्णा जगाउने राजनीतिक विचारधाराबाट युवाहरूको एउटा वर्गलाई दिग्भ्रमित पारिएको छ। ठूलो भौगोलिक क्षेत्रमा फैलिएको नक्सलवादी समूहलाई हेर्दा पनि यो कुरा थाहा हुन्छ। नेपालमा माओवादीको विजय भारतका लागि चिन्ताको विषय हो।[७४]

---

रचनात्मक ढङ्गबाट अघि बढेकामा भारत सन्तुष्ट छ", प्रधानमन्त्रीलाई उद्धृत गर्दै नेपाली राजदूतले भन्नुभयो। नेपाली राजदूतका अनुसार राजनीतिक दलहरूले पूर्ण समावेशी नेपाल बनाउन प्रयास गर्नुपर्छ, nepalnews.com, १० जून २००८।

[६७]उक्त सन्धिले हातहतियार आयात गर्नबाट नेपाललाई रोकेको छ। सन्धिमा नेपालले हातहतियार आयात गर्न पाउने भनेको छ तर कसरी झिकाउने भन्नेबारे दुवै सरकारले आपसी परामर्शमा व्यवस्था मिलाउनेछ भन्ने प्रावधानले नेपाललाई आफ्नो सुरक्षा छाताभित्र पार्ने भारतको रणनीतिलाई प्रतिबिम्बित गर्छ। सन्धिको पूर्ण पाठ www.nepaldemocracy.org/documents/treaties_agreements/indo-nepal_treaty_peace.htm मा उपलब्ध छ। भारतको भूमिकाबारे नेपालीको विचार जान्न हेर्नुहोस् मञ्जुश्री थापाको "India in its Nepali backyard", *Open Democracy*, २ मे २००८, www.opendemocracy.net/article/india_in_its_nepali_backyard_0.

[६८]"Nepal at a critical juncture", अब्जर्भर रिसर्च फाउन्डेसनको सेमिनारको प्रतिवेदन, नयाँ दिल्ली, १७ मे २००८, www.observerindia.com/cms/sites/orfonline/modules/report/ReportDetail.html?cmaid=14579&mmacmaid=14580.

[६९] Sanjay Basak, "Maoists proclaim own 'govt'", *The Asian Age*, ३१ मे २००८।

[७०] Sanjay Basak, "Maoist rebels begin urban push", *The Asian Age*, ११ जून २००८।

[७१]प्रेस वक्तव्य, भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) १६ अप्रिल २००८।

[७२]गोपाल खनाल, "दाहाललाई प्रधानमन्त्री बनाउन दबाब समिति", *कान्तिपुर*, १३ जून २००८। उक्त समितिको सदस्यमा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का नेता सीताराम यचुरी, नेस्नलिस्ट काङ्ग्रेसका महासचिव डी.पी. त्रिपाठी र भारतीय कम्युनिस्ट पार्टीका राष्ट्रिय सचिव डी. राजा भएको जनाइएको थियो। यी सबैले लामो समयदेखि नेपालको शान्ति प्रक्रियामा व्यक्तिगत रूपमा चासो राख्दै आएका थिए।

[७३]"Foreign Policy – National Security and UPA's Disastrous Governance", भारतीय जनता पार्टी राष्ट्रिय कार्यकारी, संसदीय प्रतिवेदन, १-२ जून २००८, www.bjp.org/Press/june_2008/june_0208_p.htm.

[७४]एल.के. आडवानी, गुरुकुल काँग्री विश्वविद्यालय, हरिद्वारमा दीक्षान्त समारोहमा दिइएको भाषण, ७ जून २००८, www.bjp.org/Press/june_2008/june_0708_p.htm.

यो होहल्लाको कारण चीनको बढ्दो शक्तिउपरको डर पनि हो। दक्षिणपन्थी हिन्दूत्वको चिन्तालाई अभिव्यक्त गर्दै एक स्तम्भकारले राष्ट्रिय स्वयम्सेवक सङ्घको मुखपत्रमा लेखेका थिए, "विकासको हरेक गतिविधिमा नेपाललाई सहयोग गर्न भारत पहिलो, अन्तिम र सदैव इच्छुक छिमेकी हुनुपर्छ जसले गर्दा जुनसुकै परिस्थितिमा चीनलाई पर राख्न सकियोस्। चीनसित अत्यन्त नजिकको मित्रता रहेको पाकिस्तान भारतको छिमेकी हुनु नै दुर्भाग्य हो। पहिले हिन्दू राज्य रहेको र हालै मात्र धर्मनिरपेक्ष बनेको नेपाल चीनलाई प्रयोग गरेर भारतलाई लज्जित बनाउँछ भने त्यो हाम्रा लागि झनै दुर्भाग्यपूर्ण हुनेछ।"[७५]

यसो हुँदाहुँदै पनि हिन्दूवादीहरूमा पनि यथार्थवादी कोण रहेको देखियो। राजा ज्ञानेन्द्रको सबैभन्दा ठूलो समर्थक विश्व हिन्दू महासङ्घले जनताको निर्णय राजाले नै स्वीकार गरेको अवस्थामा आफू राजावादी नरहेको घोषणा गर्दै अब धर्मनिरपेक्षता विरुद्धको सङ्घर्षमा आफ्नो ध्यान केन्द्रित गर्ने बतायो।[७६] भाजपाका पक्का सहयोगी तथा विहारका मुख्यमन्त्री नितिश कुमारले आफ्नो राज्यको राजधानीमा आयोजित भारत-नेपाल गोष्ठीमा भाग लिन आएका सहभागीहरूको स्वागतमा संविधानसभाको चुनावलाई "नेपालको ऐतिहासिक मोड" भनी टिप्पणी गरेका थिए। उनको टिप्पणीको जोड व्यावहारिक, आपसी हित र जलस्रोतको विकासमा भारतसँग मिलेर नेपाल अघि बढोस् भन्नेमा थियो : "भारत-नेपालको आपसी सहयोग जलस्रोतको उच्चतम उपयोग र यस क्षेत्रको समग्र विकासका लागि अत्यन्त महत्त्वपूर्ण छ।"[७७]

नेपालको राजनीतिको हरेक पक्षमा भारतको गहिरो संलग्नता घट्ने कुनै सङ्केत छैन र निर्वाचनले यसको प्रभाव क्षेत्रलाई न त घटाउने काम गऱ्यो न त बढाउने।[७८] अनेक खालका टिप्पणी र विश्लेषणहरू आए पनि नेपाल-भारतको भावी सम्बन्ध पहिलेभन्दा रत्ति फरक हुने देखिँदैन।

## ग) अन्य अन्तर्राष्ट्रिय खेलाडीहरू

### १. चीन

नेपालको अर्को ठूलो छिमेकी नेपालसँगको सम्बन्धमा कम बोल्ने र बाहिर कम देखा पर्ने खालको छ। तर आफ्नो राष्ट्रिय स्वार्थलाई जोगाउन कम चासो राख्दैन। नेकपा (माओवादी) प्रति लामो समयदेखि सशङ्कित रहेको र "माओवादी" नामले गर्दा असजिलो अनुभव गरिरहेको चीनले अप्रिल २००६ को जनआन्दोलनपछि भने आफ्नो नीतिमा परिवर्तन ल्यायो र सम्बन्ध बढाउनेतिर लाग्यो। माओवादीका प्रवक्ता कृष्णबहादुर महराले जून २००८ मा बेजिङको भ्रमण गरे र चीन सरकार एवम् पार्टीका अधिकारीहरूसँगको भेटघाटबाट प्रोत्साहित भएको बताए। तर यसको अर्थ अन्य दलहरूसँगको सम्बन्धलाई असर पर्ने गरी चीन नेकपा (माओवादी) लाई अँगालो हाल्न तत्पर छ भन्ने चाहिँ होइन।[७९] राजदूत जेन जङलिनले चीनको नीति यथावत् रहने कुरामा जोड दिँदै यसो भनेका थिए :

> नेपालप्रतिको चीनको सच्चा छिमेकी र मित्रवत् व्यवहारको नीति कायम रहनेछ। नेपालको असल छिमेकी र मित्रको हैसियतले नेपालको शान्ति प्रक्रिया अगाडि बढोस् र नेपालले राजनीतिक स्थायित्व र आर्थिक प्रगति गरोस् भन्ने हामी आशा गर्छौं। अन्य मुलुकको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने चीन सरकारको नीति रहेको छ र आफ्नो मुलुकको अवस्था अनुकूल नेपाली जनताले रोजेको सामाजिक संरचना र विकास मार्गको सम्मान गर्छ। द्विपक्षीय मैत्री सम्बन्ध र सहयोगलाई बढाउन नेपालसँग मिलेर काम गर्न हामी तयार छौं ... चीन नेपाली जनताको निर्णयको सम्मान गर्छ र नेकपा (माओवादी) सहित सबै राजनीतिक दलहरूसँग मैत्री सम्बन्ध बढाउन चाहन्छ।[८०]

तिब्बतीहरूद्वारा काठमाडौंमा भएका प्रदर्शनहरूका सन्दर्भमा नेकपा (माओवादी) ले खुला रूपमा बेजिङमुखी धार समातेको थियो। यो अपवाद भने होइन। सबै मुख्य राजनीतिक दलहरू चीनलाई अप्रसन्न बनाउन चाहँदैनन्। एमाले जस्ता बेजिङमुखी वामपन्थी पार्टीले पनि यस्तै खालको वक्तव्य दिएको थियो। प्रचण्ड चीनको भ्रमण गर्न इच्छुक छन् र "प्रेरणा" प्राप्त गर्न माओको गाँउमा पनि जान चाहन्छन्। उनको भनाइमा महराको भ्रमण उनको आफ्नो भ्रमणको तयारीका लागि थियो। अन्तर्राष्ट्रिय सम्बन्धमा विचारधारा "बाधक

---

[७५] M.V. Kamath, "Nepal's tryst with destiny", *Organiser*, १ जून २००८, www.organiser.org/dynamic/modules.php?name=Content&pa=showpage&pid=239&page=12.

[७६] "Hindu group deserts king, but rejects secular state", *The Kathmandu Post*, ४ जून २००८।

[७७] नितिश कुमार, "Emerging Trends in India-Nepal Relations" विषयक गोष्ठीमा उद्घाटन भाषण, पटना, २६ अप्रिल २००८, www.meaindia.nic.in/speech/2008/05/01ss01.pdf.

[७८] निर्वाचनपछिको कूटनीतिक क्रियाकलाप तथा राजदूत राकेश सुदले मुख्य राजनीतिक पात्रहरूसँग गरेको छलफलबारेमा हेर्नुहोस् तिलक पाठकको लेख "माओवादीतिर ढल्कियो दिल्ली", *नेपाल,* २२ जून २००८। भारतीय दूतावासले आफ्ना राजदूतले कूटनीतिक सीमा उल्लङ्घन गरेको भन्ने सञ्चारमाध्यमका आरोपको खण्डन गरेको थियो। हेर्नुहोस् letters, *The Kathmandu Post*, २० जून २००८।

[७९] एक टिप्पणीकारले महराको कूटनीतिले "उल्टो फल" दिएको टिप्पणी गरेका छन्। त्यसअनुसार थप माओवादी नेताहरू बोलाउनुभन्दा बेजिङले एमालेका वरिष्ठ नेताहरूको प्रतिनिधिमण्डल बोलाउने योजना बनाइरहेको छ। सुशील शर्मा, "Picture imperfect", *Spotlight*, १३ जून २००८।

[८०] "Nepal, China trust and respect each other: Ambassador Zheng", *The Rising Nepal*, १६ जून २००८।

नहुने" पनि उनी बताउँछन्।[८१] राजनीतिक पद्धति र "विकासको मार्ग" रोज्ने काम नेपालको आफ्नो हो भनेर चीनले लगातार भन्दै आएको छ र महरालाई बेजिङमा पनि चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागका प्रमुख वाङ जियारुईले पनि दोहोऱ्याएको बताइन्छ।[८२]

## २. संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकाले सधैं नै राजनीतिक बहुलवादलाई बलियो समर्थन गर्दै आएको छ र साथै माओवादीसँग पनि बिस्तारै सम्बन्ध बढाउन लागेको छ। अमेरिकाले निर्वाचन सम्पन्न भएकामा र गणतन्त्र घोषणा दुवैको स्वागत गऱ्यो।[८३] पूर्व राष्ट्रपति कार्टरले आफ्ना धारणा परिवर्तन गर्नमा वासिङ्टनले गरेको ढिलाइको आलोचना गरेका थिए : "राजनीतिक समाजमा समान भूमिका निर्वाह गर्ने प्रयासमा लडाइँ र विद्रोहबाट टाढिएर महत्त्वपूर्ण कदम चालिरहेका माओवादीसँग संयुक्त राष्ट्रसहित संसारका अन्य मुलुकहरूले व्यवहार अगाडि बढाउँदा पनि संयुक्त राज्य अमेरिकाले त्यसो गर्न अस्वीकार गर्नु मेरा लागि दिक्दारी र लाजको विषय हो।"[८४]

तर संयुक्त राज्य अमेरिकाले आफ्ना नीति बदल्न भित्रभित्रै कदम चालेको छ। अनौपचारिक सम्बन्ध बनाएपछि अमेरिकी राजदूत न्यान्सी पावेलको माओवादी नेतृत्वसँग १ मे २००८ मा पहिलो भेट भयो। दक्षिण तथा मध्य एसियाली मामिलाका उपसहायक मन्त्री डा. इभान ए. फेगेनवामले मे २४-२६ को दुईदिने नेपाल भ्रमणका क्रममा प्रचण्डसँग भेटे र बताइएअनुसार त्यो वार्ता उपलब्धिपूर्ण रह्यो। प्रचण्डले संयुक्त राज्य अमेरिकासँग नेपाललाई आर्थिक सहयोग दिइरहन र "विकासको नयाँ मोडल" तयार गर्ने माओवादीको प्रयासमा सहायता गर्न अनुरोध गरे।[८५] लोकतन्त्रलाई बढावा दिने संयुक्त राज्य अमेरिकाको मुख्य नीतिका प्राथमिकताहरू स्पष्ट छन् : "शान्ति प्रक्रियामा हासिल भएका उपलब्धिलाई सुदृढ गर्ने, सुरक्षा क्षेत्रको सुधारलाई अघि बढाउने, विधिको शासनलाई प्रोत्साहित गर्ने र लोकतान्त्रिक संस्थाहरूलाई सबल बनाउने।"[८६]

## ३. संयुक्त राष्ट्र

निर्वाचन सफलतासाथ सम्पन्न भएको सम्बन्धमा मुलुकभित्र गरिएका टिप्पणीहरूमा नेपालस्थित राष्ट्रसङ्घीय मिसन (अनमिन) को उल्लेख प्रायः यसको कार्यावधि सकिने सन्दर्भमा मात्र गरियो। यो न न्यायपूर्ण छ न रचनात्मक नै। अनमिनले आफ्नै कारणले खराब प्रचार निम्त्याएको हो। यसले पाएको साँघुरो कार्यक्षेत्रको तुलनामा यसका कर्मचारी र स्रोत ज्यादै बढी छ भन्ने गुनासोमा सत्यता छ। तर त्यसको निर्धारण नेपालका राजनीतिक नेताको निर्णयबाटै भएको हो र निर्वाचन सम्पन्न गराउनमा अनमिनको भूमिका अतिशय महत्त्वको थियो। यसले उपलब्ध गराएको प्राविधिक सहयोगलाई धेरै निर्वाचन अधिकृतहरूले निजी तवरमा प्रशंसा गरेका थिए।[८७] त्यसबाहेक यसले राजनीतिक प्रक्रियालाई अगाडि बढाउनका लागि निष्पक्ष मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नुका साथै अन्तर्राष्ट्रिय सहयोगलाई अझै बढी समन्वय गर्न सघायो। "समग्रमा अनमिनबाट राम्रो सहयोग मिल्यो जुन बेला ओएचसीएचआर (मानवअधिकारका लागि उच्चायुक्तको नेपाल कार्यालय) खडा भएको थियो त्यस बेला यो अहिलेको अनमिनभन्दा धेरै उपयोगी र प्रभावशाली थियो", नेकाका एक वरिष्ठ नेताको टिप्पणी यस्तो थियो। "नेपालले स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन गरेकामा अन्तर्राष्ट्रिय पात्रहरूलाई जस दिनैपर्छ तर तिनीहरू साह्रै ठूला आकारका भए — यहाँ खर्च गरिएको पैसाको हिसाब गर्दा तिनको उपलब्धि के रह्यो त?"[८८]

अनावश्यक बाह्य दबाब वा हस्तक्षेपको प्रसङ्ग चल्दा नेपालका मन्त्री तथा निजामती कर्मचारीहरू स्वाभाविक रूपमा प्रतिरोध जनाउँछन्, तर राष्ट्रसङ्घीय योगदानबारे भने उनीहरू अनुगृहीत नभएका थिएनन्। परराष्ट्र सचिव ज्ञानचन्द्र आचार्यले भनेझैं, "अन्तर्राष्ट्रिय समुदायको नैतिक समर्थन सधैं नै उपयोगी रहेको छ। तर आफूलाई चाहिएको प्रगति, पद्धति र गति चाहिं नेपालीले नै तय गर्न पाउनुपर्छ। हामीकहाँ जुन राज्य संरचना छ बाहिरियाहरूले त्यसको सम्मान गर्नुपर्छ।"[८९] यही दृष्टिकोणले राष्ट्रसङ्घको भूमिकालाई निरन्तरता दिने-नदिने कुरालाई निर्देशित गर्छ। सुरक्षा परिषद्ले दिएको कार्यादेश २३ जुलाई २००८ मा सकिने भएकाले अनमिनले आफ्ना क्रियाकलाप बन्द गर्ने तयारी गरिरहेको छ। तर केही यस्ता क्षेत्र

---

[८१] "Nepal leader eager to visit China", *China News*, १३ जून २००८, www.chinadaily.com.cn/china/2008-06/13/content_6758302.htm.

[८२] "China says it respects Nepal's choice of political system", nepalnews.com, ३ जून २००८।

[८३] "United States Congratulates People of Nepal", अमेरिकी दूतावास, काठमाडौं, ११ अप्रिल २००८। अमेरिकाले "मे २८ मा गणतन्त्रको घोषणासँगै संविधानसभा नयाँ र लोकतान्त्रिक नेपाल बनाउनेतर्फको पहिलो कदम" भनी स्वागत गऱ्यो, प्रेस वक्तव्य, अमेरिकी दूतावास, काठमाडौं, २९ मे २००८।

[८४] "Nepal's Maoists gain first seats", BBC News, १२ अप्रिल २००८।

[८५] "U.S. official meets Prachanda", ekantipur.com, २६ मे २००८। अमेरिकाको विचारलाई प्रतिबिम्बित गर्दै भ्वाइस अफ अमेरिका (VOA) को एउटा सम्पादकीयमा Feigenbaum का भनाइलाई उद्धृत गर्दै संविधानसभाको गठन र राजतन्त्रको अन्त्य गर्ने निर्णयलाई "ऐतिहासिक छलाङ" भनिएको थियो। उनले भावी सरकारले निर्वाचनमार्फत अभिव्यक्त जनआकाङ्क्षालाई प्रतिबिम्बित गर्नुपर्ने बताए। "Milestone for Nepal", VOA News, ९ जून २००८।

[८६] "Advancing Freedom and Democracy Reports – 2008", अमेरिकी विदेश मन्त्रालय, प्रजातन्त्र, मानवअधिकार तथा श्रमसम्बन्धी कार्यालय, २३ मे २००८, www.state.gov/g/drl/rls/afdr/2008/104861.htm.

[८७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जिल्ला निर्वाचन अधिकृत तथा अन्य अधिकारीहरू, विभिन्न जिल्ला, मार्च-अप्रिल २००८।

[८८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका नेता, १२ मार्च २००८।

[८९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, १३ मार्च २००८।

छन् जहाँ यसको भूमिका अझै आवश्यक छ र कुनै अर्को निकायले त्यो भूमिका निर्वाह गर्न सक्दैन। त्यसमध्येको सबैभन्दा महत्त्वपूर्ण चाहिँ हतियार र सेनाको अनुगमन कार्य हो। जनसेनाको समायोजन गर्ने काम पूर्णरूपले नभएसम्म अनमिनको बहिर्गमन सम्भव छैन भन्ने पहिले जति टड्कारो थियो अहिले पनि त्यति नै छ (तल हेनुहोस्)। माओवादी नेताहरूले निजी कुराकानीमा राष्ट्रसङ्घको उपस्थिति अझै आवश्यक भएको बताउने गरेका छन् र कहिलेकाहीं त्यो कुरा सार्वजनिक रूपमा पनि भन्ने गरेका छन्।[९०]

[९०] "Bhattarai sees UNMIN's role until NA-PLA integration", nepalnews.com, 12 June 2008, १२ मार्च २००८।

## ५. ङ्क्रमणकालीन कदम

निर्वाचनपछिको सङ्क्रमण लामो समय तन्काइएको र विवादपूर्ण थियो। यसका पछाडि तीनओटा कारणहरू थिए : सङ्क्रमणकालीन व्यवस्था सम्बन्धमा अन्तरिम संविधानका प्रावधानहरू अस्पष्ट र अधुरा थिए, जसले गर्दा गतिरोधका लागि प्रशस्त ठाउँ उपलब्ध भयो। यो समग्रमा सातदलीय सहमतिको अनुमानमा आधारित थियो, यस्तो अवधारणा विशिष्ट र पकडमा नआउने दुवै थियो। अनि नेकपा (माओवादी) बाहेक सबै राजनीतिक दलका चुनावअघिको अड्कल माओवादीको पराजय हुन्छ भन्ने आधारमा गरिएको थियो र आफैंले लेखेका नियमहरूको पालना गर्न कोही पनि तयार थिएन। किनभने शासनको बागडोर फेरि पनि आफ्नै हातमा हुनेछ भन्ने उनीहरूको सोचाइ थियो।

### क) गणतन्त्रको घोषणा

अन्तरिम संविधानको प्रावधानअनुसार प्रधानमन्त्रीले चुनावको अन्तिम नतिजा घोषणा गरिएको २१ दिनभित्र संविधानसभाको बैठक आह्वान गर्नुपर्ने थियो।[९१] "अन्तिम नतिजा" लाई व्याख्या गर्नेबारे केही अन्योल रह्यो। तर निर्वाचन आयोगले अन्तिम नतिजा घोषणा गरेको दिन २५ अप्रिललाई नमानी समानुपातिक निर्वाचनका लागि राजनीतिक दलहरूले छानेका उम्मेदवारहरूको सूची स्वीकृत भएको दिनलाई मान्ने (अनौपचारिक) सहमति भयो। त्यो काम मे ८ मा सम्पन्न भयो र मे २८ मा पहिलो बैठक बस्ने प्रधानमन्त्रीले आह्वान गरे।

गणतन्त्रको उदय त भयो, तर रात धेरै बितिसकेपछि मात्र भयो। बैठक बस्ने समय बिहान ११ बजे तोकिएको थियो, तर पार्टीका नेताहरू संविधानसभामा प्रस्तुत गर्नुपर्ने प्रस्ताव र अन्तरिम राज्य संरचनाको सम्बन्धमा सम्झौतावार्तामा नै व्यस्त थिए। आखिरमा संविधानसभाको बैठक राती ९ बजे सुरु भयो र मतदानको नतिजा राती ११ बजेपछि मात्र बाहिर आयो। २६ जना सदस्यको मनोनयन हुन बाँकी नै थियो। यो सानो कुरा हो, तर यसले सहमतिको अभाव र कार्यविधिप्रतिको बेवास्तालाई सङ्केत गर्दछ।[९२]

[९१] अन्तरिम संविधान, धारा ६९(१)। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर*, माथि उल्लेखित, पृ. १७, २०।

[९२] संविधानसभामा चुनिएर जान नसकेका जनजातिहरूलाई मनोनयन गरिने २६ जनामा पारिने भनेर दिएको वचन राजनीतिक दलहरूले बिर्सेको भन्ने गुनासो रहेको छ। "NEFIN [Nepal Federation of Indigenous Nationalities] disgruntled over parties' sharing 26 CA seats", nepalnews.com, २७ मे २००८. डिसेम्बर २००७ को २३ बुँदे समझदारीमा भनिएको छ, "२६ जनामा निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिहरूको प्रतिनिधि समावेश हुनेगरी (अन्तरिम संविधानमा) संशोधन गरिनेछ।" धारा २, अनौपचारिक अङ्ग्रेजी अनुवाद, www.unmin.org.np/downloads/keydocs/2007-12-24-23.Point.Agreement.SPA.Eng.pdf. राजनीतिक दलहरूले समानुपातिक तर्फबाट चुनिएका उम्मेदवारहरूको नाम

विदेशबाट आएको एउटा मात्र बधाई सन्देश पढेर सुनाइयो, त्यो भारतीय लोकसभाका सभामुख सोमनाथ चटर्जीको सन्देश थियो। मतदानको नतिजा आयो। त्यसअनुसार (४६०-४) मत परिणाम रह्यो, तर त्यसका लागि अपनाइएको कार्यविधि भने उदेकलाग्दो थियो। वेस्टमिन्स्टर शैलीमा "हुन्छ" र "हुन्न" भन्ने सदस्यहरूलाई दुई छुट्टै ठाउँमा लाइन लगाउने प्रक्रियामा एक घण्टा खेर फालियो। प्रस्तावको विपक्षमा रहेकाहरूलाई मतदान भइसकेपछि र नतिजा आउनुअगाडि मात्र आफ्ना असहमति दर्ता गर्न दिइयो।[९३]

गणतन्त्रको प्रस्ताव छोटो र सरल थियो।[९४] यसले ज्ञानेन्द्रलाई सत्ताच्युत गर्नुका साथै उनी र उनका परिवारको सामान्य नागरिकसरह मात्र अधिकार हुने निश्चित गऱ्यो। प्रस्तावअनुरूप नारायणहिटी राजदरबारलाई राष्ट्रिय सङग्रहालय बनाउने र नेपाल अब सङ्घीय लोकतान्त्रिक गणतन्त्रका रूपमा चिनिने घोषणा गरियो। यससम्बन्धी अन्य विवरणबारे प्रस्तावमा उल्लेख थिएन। संविधान-सभाले अन्तरिम कार्यविधि र आलङ्कारिक राष्ट्रपतिका लागि बाटो खोल्न संविधानको संशोधनलाई अनुमोदन गऱ्यो तर अरू थप विवरणबारे कुनै निर्णय गरेन।[९५]

आफूलाई सत्ताच्युत गरिएको निर्णयलाई राजाले कसरी लिन्छन् भन्ने स्पष्ट थिएन। उनका भक्तमध्येका एक जनाको टिप्पणी, "उक्त घटनालाई नियालिरहेका पर्यवेक्षकहरूमध्ये कसैका लागि यो स्थिति दुःखदायी थियो त कसैका लागि हर्षोल्लासपूर्ण थियो। तर परिस्थितिले कता कोल्टे फेर्छ भन्ने कुरामा चाहिँ सबै अनभिज्ञ थिए।"[९६] राजनीतिको विपरीत ध्रुवका अर्का एक जना टिप्पणीकारको अनुभूति पनि उस्तै खालको थियो : "यो संवैधानिक प्रावधानको कार्यान्वयनमा आशङ्का र अनिश्चितता थियो। यो आशङ्का हुनु ठीक थियो किनभने केही दल राजतन्त्रको अन्त्य चाहँदैन थिए।"[९७] पछि बाहिर आएको एउटा अत्यन्त विश्वसनीय समाचारअनुसार अन्तिम समयसम्म पनि राजाका लागि केही भूमिका बचाउने सम्बन्धमा दरबार, सेना र प्रधानमन्त्रीबीच सम्झौताको प्रयास चलेको थियो।[९८]

अन्त्यमा राजासँग कुनै विकल्प बाँकी रहेन। उनले भविष्यमा आफूले पाउने सुविधामा सौदाबाजी गरेर तथा श्रीपेच र राजदण्ड हस्तान्तरण गर्न नमानेर आफ्नो बहिर्गमनलाई लजास्पद र हठी आख्यानमा परिणत गर्न लागेको जस्तो देखियो। उनको यस व्यवहार देखेर पश्चिमी मुलुकको कट्टर राजतन्त्रवादी दैनिक समाचारपत्रले समेत सम्मानका साथ उनलाई दरबार छाड्न आग्रह गऱ्यो।[९९] विज्ञहरूको जानकारीका आधारमा सञ्चारमाध्यमले गरेको अनुमानअनुसार राजदरबारमा ऐतिहासिक महत्त्वका दस्तावेज र अन्य प्राचीन सम्पदाका वस्तुहरू रहेका छन्।[१००] तर ढिलो गरी खुलेको दरबारभित्र लुकाइएको एउटा गोप्यता भनेको त्रिभुवनकी भित्र्येनी र ज्ञानेन्द्रकी हजुरआमा नाता पर्ने महिला त्यहाँ रहेको खुलासा मात्र थियो। तिनलाई र ज्ञानेन्द्रकी सौतेनी आमालाई दरबारभित्रका भवनमा बस्ने अनुमति दिइयो।

११ जूनमा ज्ञानेन्द्र सरकारले उपलब्ध गराएको गृष्मकालीन आवासमा बस्न गए। उनले दरबार छाड्नअघि आयोजना गरेको पत्रकार सम्मेलनमा सन् २००१ को जूनमा भएको दरबार हत्याकाण्डको गलत आरोप आफूमाथि लगाइएकोमा दुःख व्यक्त गरे। मुलुकका लागि आफूले गरेका प्रयासको प्रतिरक्षा गर्दै जनताको निर्णय शिरोपर गर्ने बताए। अनि सकारात्मक भूमिका निर्वाह गर्दै मुलुकमा नै बस्ने जानकारी दिए।[१०१] शिष्टाचारको पालना नगर्ने पत्रकारहरूको उत्तेजित भीडका सामु दिइएको उनको वक्तव्य शाहवंशीय शासनको दुःखदायी पटाक्षेप थियो।

---

दिएपछि जनजाति महासङ्घले गरेको गणनाअनुसार २० ओटा समूहको प्रतिनिधित्व अझै हुन सकेको छैन। "Ethnic groups not represented in the CA", http://nefin.org.np/content/view/314/.

[९३] यस प्रक्रियामा मिचिएका कार्यविधिहरूको सही मूल्याङ्कनका लागि हेर्नुहोस् शिव गाउँलेको "विधिको उपेक्षा" *कान्तिपुर,* जून १ २००८।

[९४] पूरै पाठका लागि, हेर्नुहोस् अनुसूची ग।

[९५] "संविधानसभा बैठक अन्तरिम कार्यविधी २०६५" र "नेपालको अन्तरिम संविधान २०६३ को चौथो संशोधन" संसद सचिवालय, २९ मे २००८। यसको अनौपचारिक अनुवाद www.unmin.org.np/downloads/keydocs/2008-05-28-Interim.Constitution.Fourth.Amendment.ENG.pdf. मा उपलब्ध छ।

[९६] M.R. Josse, "The enigma of G. Shah's 'graceful' exit", *People's Review*, १२ जून २००८।

[९७] Yuba Nath Lamsal, "Republic of Nepal: People Are Masters of Their Destiny", *The Rising Nepal*, ४ जून २००८।

[९८] सुधीर शर्मा "नभएको रक्तपात" *नेपाल,* १५ जून २००८।

[९९] "गत महिना नेपाललाई गणतन्त्र घोषणा गरियो र राजपरिवारलाई हटाउने कुरा पनि सम्मानजनक हिसाबले तय गरिएको थियो। नयाँ बन्ने सरकारले हिंसाबाट नभई मतपेटिकाबाट शक्ति पाएको हो र (संसदमा भएको मतदान पछि) राजा ज्ञानेन्द्रलाई काठमाडौँको दरबार खाली गर्न दुई हप्ताको समय दिइयो। तर अहिले यस प्रक्रियाले नै नमीठो मोड लिन खोज्दैछ। सरकारले राजाको श्रीपेच मागिरहेको छ (उनको टाउको होइन)। ज्ञानेन्द्र चिढचिढाहटमा देखिएका छन् र श्रीपेच फर्काइए पनि सक्कली हीराका ठाउँमा नक्कली हीरा हालिने आशङ्का गरिँदैछ। यस प्रकरणले साह्रै नराम्रो किसिमको पारपाचुकेको रूप लिन थालेको छ र यो सन् १७६९ मा स्थापित शाहवंशको गरिमाविहीन अन्त्य हुनेछ। हामी संवैधानिक राजतन्त्रको पक्षधर हौं तर नेपाली जनताले बोलिसकेको अवस्था छ, यस्तोमा सत्ताबाट हटाइएका राजपरिवारले कसरी सम्मानपूर्वक जानुपर्छ त्यो सिक्न जरुरी छ।" "King Gyanendra of Nepal should go with grace", *Daily Telegraph,* १० जून २००८ www.telegraph.co.uk/opinion/main.jhtml?xml=/opinion/2008/06/10/dl1003.xml.

[१००] दरबारका कर्मचारीले अभिलेखहरू नष्ट गरेका खबरहरू पनि आएका थिए। ("जलाइएका दरबारका कागजपत्र", *नयाँ पत्रिका,* १ जून २००८), तर पछि यसको खण्डन गरियो। यद्यपि केही इतिहासकारहरू दरबारमा ऐतिहासिक दस्तावेज र वस्तुहरू भएको विश्वास गर्छन्। हेर्नुहोस् वालकृष्ण बस्नेत, "नारायणहिटीमा के के छ?", *कान्तिपुर,* १ जून २००८।

[१०१] वक्तव्यको अनौपचारिक अङ्ग्रेजी अनुवाद १२ जून २००८ मा *The Himalayan Times* मा छापिएको थियो।

### ख) नयाँ सरकार : सहमतिको कि प्रतिस्पर्धाको?

सङ्क्रमणकाल व्यवस्थापनमा अन्तरिम संविधान अस्पष्ट हुँदाहुँदै पनि निर्वाचनपछि आवश्यक अन्य कदम चालिनुपर्ने थियो।[१०२] सबै मुख्य दलहरूले सार्वजनिक रूपमै सहमतिलाई निरन्तरता दिने वाचा गरेका थिए। एमालेले स्पष्ट रूपमा समानुपातिक हिसाबले पर्याप्त सिट सङ्ख्या जित्ने दलहरूले मन्त्रिपरिषद्मा स्थान पाउनुपर्ने र त्यस्तो अपेक्षा स्वीकार्नुपर्ने ठहऱ्याउँदै आफ्नो घोषणापत्रमा "समानुपातिक प्रतिनिधित्वका आधारमा ठूलो दलको नेतृत्वमा सरकार बन्नेछ" भनेको थियो।[१०३] यस्तै किसिमले काङ्ग्रेसले पनि निर्वाचनसम्मका लागि सातदलीय गठबन्धनको सहकार्यको निरन्तरतामा जोड दिएको थियो। आफू नहारुन्जेल नेकाले अन्य दलहरूलाई संविधानसभाको निर्वाचन "जित वा हारको विषय नभएको" भन्दै सुनाउने गरेको थियो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाली काङ्ग्रेसले बहुमत ल्याएर जिते पनि संयुक्त सरकार हुनुपर्नेमा जोड दिँदै अन्य दललाई त्यस्तो सरकारमा सहभागी हुन आह्वान गरेका थिए।[१०४] हो, उनले काङ्ग्रेसले दोस्रो स्थान पाएर पछि परेको अवस्थामा के होला त्यो चाहिँ विचार गरेका थिएनन्।

निर्वाचन सकिएको केही हप्तासम्मै स्थिति आशलाग्दो थियो। अब के गर्ने भन्ने विषयमा घमासान पर्दापर्दै पनि दलहरूबीचको वार्ता पूरै टुटिसकेको थिएन। राजीनामा पेस नगरेसम्म वा अर्को सरकार नबनेसम्म रहने अन्तरिम सरकारले नगरी नहुने तर विवादास्पदसमेत हुने केही संवेदनशील निर्णय गर्ने आँट गऱ्यो। उदाहरणका रूपमा ९ जूनका दिन सरकारले तेलको भाउ बढायो। सबै दलहरूले व्यवहारमा कडाइ र लचिलोपन दुवै देखाए। यस किसिमको व्यवहारलाई शान्ति प्रक्रियाको एक विशेषता नै मान्नुपर्छ। यस्तो व्यवहारले कहिलेकाहीँ अवरोध सिर्जना गरे पनि सहमति हुनबाट ठ्याम्मै रोकेको चाहिँ थिएन।

पहिले अनुमान गरिएझैं मुख्य समस्या निर्वाचनमा पराजित शक्तिहरूले निर्वाचनको परिणाम स्वीकार्न तयार नहुनाले खडा भयो। आश्चर्यको कुरो त के मात्र थियो भने हार्ने शक्तिहरूमा माओवादी (चुनाव जितेको) वा राजा (हारे पनि हार स्वीकार गरेका) थिएनन्, जसको अनुमान गरिएको थियो)। हार्नेमा काङ्ग्रेस र एमाले परे।[१०५] यस हारले उनीहरूमा सरकारमाथिको स्वामित्वभाव झनै बढाइदियो। जनआन्दोलनपछिको अवस्थामा कार्यवाहक राष्ट्राध्यक्ष, प्रधानमन्त्री जस्ता पद तथा अन्य सबै महत्त्वपूर्ण मन्त्रालय ओगट्न पाएकामा काङ्ग्रेस खासगरी प्रसन्न थियो। तर जित्ने आशामा पहिले आफैँले लेखेका नियमलाई पुनर्लेखन गर्नुपर्ने निर्णय नेकाले गऱ्यो। खेलको नियमलाई नै बदल्न सकेमा खेलमा हार्नु नपर्ने नेकालाई लाग्यो।

विवाद दुई मूल विषयमा केन्द्रित हुन गयो। पहिलो थियो, सरकारको गठन गर्ने र सरकारलाई हटाउने कुरा। निर्वाचनभन्दा पहिले सहमतिका आधारमा बनेको अन्तरिम संविधानले दुईतिहाइ बहुमत अनिवार्य बनाएको थियो। संविधानसभामा एकतिहाइभन्दा बढी सिट सङ्ख्या जितेको नेकपा (माओवादी) एकपटक सरकारमा गयो भने कसैले पनि उसलाई हटाउन नसक्ने ठानेर अन्य पार्टी डराउन पुगे। माओवादीले अनपेक्षित परिणाम आएकै कारण संविधान संशोधन गर्न सैद्धान्तिक आधारले नमिल्ने विचार व्यक्त गऱ्यो। सामान्य बहुमतबाटै सरकारलाई हटाउन सकिने प्रावधानले आफूले नेतृत्व गर्ने सरकार विरुद्ध अविश्वासको प्रस्ताव सजिलै ल्याउन सकिन्छ भन्ने उनीहरूलाई डर थियो। दुवै बुँदामा सायद उनीहरूको अडान जायज थियो, तैपनि उनीहरूले एक हदसम्म लचिलोपन नै देखाएका हुन् भन्नुपर्छ।

दोस्रो विषय राष्ट्रप्रमुखबारे थियो। माओवादीसँग एकतिहाइ मत मात्र भएकाले राष्ट्रप्रमुख र प्रधानमन्त्री दुवै पदमा उनीहरूले दाबी गर्न नमिल्ने विचार गैरमाओवादी दलहरूको थियो।[१०६] माओवादीअन्तर्गत अझै जनमुक्ति सेना रहिरहेको हुनाले माओवादीले नेपाली सेनाको कमान्ड सह्माल्न नसक्नेसमेत उनीहरूको जिकिर थियो। दुवै भनाइ तर्कपूर्ण थिए। आलङ्कारिक नै भए पनि अवशिष्ट शक्ति भएको राष्ट्रप्रमुखले निश्चित अवस्थामा सैनिक कमान्ड लिने हुनाले वा सङ्कटकालीन अधिकारको अभ्यास गर्ने हुनाले माओवादी तल पर्न जान्छ कि भन्ने माओवादीको चिन्ता पनि आफ्नो ठाउँमा उचित थियो। यस गतिरोधलाई हल गर्न नसकिने थिएन। तर त्यस पदमा को आसीन हुने भन्ने प्रश्न पनि यससित गाँसिएको थियो।

प्रचण्डलाई नै राष्ट्रपति बनाउने भनेर नेकपा (माओवादी) ले चुनाव प्रचार अभियान सञ्चालन गरेको थियो। त्यसकारण माओवादीले लोकप्रिय जनादेशको दाबी गर्नु स्वाभाविक थियो। काङ्ग्रेसले पहिलेदेखि नै सो पदमा कुनै उम्मेदवार अघि सारेको थिएन। नेकाले पूर्व उपसभामुख चित्रलेखा यादव जस्तालाई वैकल्पिक उम्मेदवारका रूपमा प्रस्ताव गरेर माओवादीलाई अप्ठेरोमा पार्न सक्थ्यो। तर त्यसो गरेन। यसबाट सो पदमा कोइरालाले आँखा गाडेको स्पष्ट देखिन गयो, यद्यपि उनले राष्ट्रपतिको पद आफ्ना लागि "फाटेका

---

[१०२] निर्वाचनपछि सरकार गठन गर्ने सम्बन्धमा अन्तरिम संविधानका प्रावधानहरू धेरै नै अस्पष्ट थिए। क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. १९-२०।

[१०३] एमालेको घोषणापत्र, पृ. ३८।

[१०४] नेपाली काङ्ग्रेसको घोषणापत्र सार्वजनिक गर्ने क्रममा गिरिजाप्रसाद कोइरालाको भाषण, नेपाली काङ्ग्रेस केन्द्रीय कार्यालय, ललितपुर, १३ मार्च २००८।

[१०५] प्रजातान्त्रिक युगका दुई प्रमुख दलहरू नेका र एमालेले निर्वाचनको परिणाम स्वीकार गर्ने विश्वासिलो प्रतिबद्धता व्यक्त गरेका छन्। त्यति हुँदाहुँदै पनि उनीहरूले उदेकलाग्दो ढङ्गले थोरै मत प्राप्त गरेमा वातावरण अनुकूल नभएको वा प्राविधिक अनियमितताहरू भएको उजुरी गर्न सक्नेछन्। *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. १८।

[१०६] नेपाली काङ्ग्रेसले सन् १९९९ को निर्वाचनमा ३६ प्रतिशत मत ल्याएर पूर्ण बहुमत पाएको थियो। त्यसैकारण राजाको हस्तक्षेप भएको बेला दुईपटक बाहेक नेपाली काङ्ग्रेसले अरू सबै सरकारको नेतृत्व गर्दै आएको छ। पहिलेका निर्वाचन परिणामहरूका लागि हेर्नुहोस् www.election.gov.np/EN/prevelection.html.

लुगा" सरह भएकाले त्यसका लागि बिन्तीभाउ नगर्ने बताएका थिए।[१०७] संविधानसभाको पहिलो बैठकमा संक्षिप्त भाषण दिंदै कोइरालाले "म अहिलेलाई तपाईंहरूसँग बिदा लिन्छु, तर सधैंभरिलाई भने होइन, म अन्तिमसम्म तपाईंहरूको साथमा रहनेछु" भन्नुअघि "आज मेरो सपना पूरा भएको छ" (धन्न उनले त्यो सपना अरूको पनि हो भनेर थप्ने उदारता देखाए) भनेका थिए।[१०८] कोइरालाले सत्ता छाड्ने कुनै छाँट थिएन। बल्ल २६ जूनमा गएर राष्ट्रप्रमुख छानिनेबित्तिकै आफूले औपचारिक रूपमा राजीनामा गर्ने बताए।

माओवादीलाई सहयोग गर्नका लागि काङ्ग्रेस र एमालेले पूर्वशर्तहरू अघि सारेर यस प्रक्रियामाथिको आफ्नो नियन्त्रण कायमै राखे। तीमध्ये केही जायज थिए (माओवादीलाई आफ्ना पुराना प्रतिबद्धता कायम राख्न आग्रह गर्नु) र अरू भने जायज थिएनन्।[१०९] तर त्यसको चुरो कुरो भने स्पष्ट थियो, निर्वाचनमा विजय हासिल गर्दैमा मात्र माओवादीलाई सरकारको नेतृत्व गर्ने वैधता मिल्दैन भन्ने त्यसको आशय थियो।[११०] यो कुरा माओवादी समर्थकहरूले राम्रैसँग बुझेका थिए। "राजतन्त्रका बेला संसदमाथि नियन्त्रण गर्ने दुई दलले नेकपा (माओवादी) लाई छेउ लगाउन विद्यमान राज्यका खास-खास प्रमुख अङ्गमा आफ्नै नियन्त्रण हुनुपर्ने किसिमको अवस्था स्वीकार गराउन बल गर्दैछन्।"[१११]

तानातानी चल्दै रह्यो र कुनै कुरामा प्रगति हुन सकेन। ६ जूनमा संविधानसभाको बैठक दोस्रोपटक बस्यो। तर दलका नेताहरूको संवाद प्रक्रिया चालु राख्न तत्कालै बैठक स्थगित गरियो। ११ जूनको बैठकमा पनि छलफल गर्नुपर्ने कुनै विषय थिएन। साना दलका सभासदहरूले संविधानसभालाई "रबरछाप" बनाइएको गुनासो गरे। १८ जूनको अर्को बैठकमा पनि कुनै कार्यसूची नभएको भन्दै बैठक अनिश्चित कालका लागि स्थगित गरियो। त्यसपछि बस्ने भनिएका बैठकहरू बरोबर स्थगित भए।

[१०७] "अरू (राष्ट्रपति) पदको कुरा गर्छन्। मेरा लागि पद भन्ने कुरो फाटेको लुगा हो। मलाई त्यो लगाउनु छैन।" "सहकार्य अनिवार्य : प्रधानमन्त्री", *कान्तिपुर,* ९ जून २००८। उनले आफू "बरु शक्ति भएको पदमा रहने" बताए। "Republic not any party's victory: PM", *The Kathmandu Post,* ९ जून २००८।

[१०८] गिरिजाप्रसाद कोइराला, संविधानसभाको पहिलो बैठकलाई सम्बोधन, काठमाडौं, २८ मे २००८।

[१०९] नेपाली काङ्ग्रेसले माओवादी नेतृत्वको सरकारलाई समर्थन गर्नका लागि सातओटा पूर्वशर्त अघि सार्‍यो। यसमा निम्न कुरा थिए : माओवादी जनमुक्ति सेनाको विघटन, जनअदालत, जनसरकार, वाईसीएलको सैनिक संरचनाको विघटन, कब्जा गरिएको र लुटिएको सम्पत्ति फिर्ता गर्ने, विस्थापितको पुनर्स्थापना र डर, धम्की तथा जबर्जस्ती चन्दा असूली रोक्नुपर्ने। नेपाली काङ्ग्रेसका सात शर्तहरू : प्रेस विज्ञप्ति, १२ मे २००८। नेपाली काङ्ग्रेस केन्द्रीय समितिको बैठक २४ अप्रिलदेखि प्रधानमन्त्री निवासमा चलेको थियो। प्रेस विज्ञप्तिमा त्यही बैठकको निर्णय प्रकाशित गरिएको थियो। नेकपा (एमाले) ले पनि उस्तै खालको माग राख्यो। मधेसी जनअधिकार फोरमले पनि शर्तहरु राख्यो : मुख्यतया पहिले गरिएका सम्झौताहरू कार्यान्वयन हुनुपर्ने, कुनै पनि अन्तरिम संविधानको संशोधनले मधेसीसँगका सम्झौतालाई प्रतिबिम्बित गर्नुपर्ने र माओवादीले मधेसमा खोजेको सङ्घात्मक एकाइहरूको स्वरूपबारे प्रस्ट पार्नुपर्ने। "MPRF forwards preconditions for joining Maoist-led govt", ४ जून २००८।

[११०] "NC, UML to give Maoists 7 days to prove eligibility", *The Kathmandu Post,* ४ जून २००८।

[१११] "Federal Democratic Republic of Nepal declared, Assembly deadlocked", A World To Win News Service, २ जून २००८।

## ६. गाडि बढ्दा

### क) सत्ता सङ्घर्षको कारण : सुरक्षा क्षेत्रको नियन्त्रण

#### १. समस्या

सत्ता सङ्घर्षको जुन केन्द्रीय विषय हो त्यसउपर कुनै नीति बनेको थिएन। त्यो विषय थियो सुरक्षा क्षेत्र। काङ्ग्रेस र एमालेले अमिलो अङ्गुरको महानाटक मात्र मञ्चन गरेका होइनन्। माओवादी विजयले त्यस विषयलाई अगाडि ल्याइदियो र जसउपर कहिल्यै कुनै प्रकारको छलफल भएको थिएन। दुवै नेपाली सेना र जनमुक्ति सेना यथावत् छन्, जसले गर्दा धान्न नसकिने र अस्थीर खालको अवस्था उत्पन्न भएको छ। पुनर्स्थापित संसदको मे २००६ को घोषणामा एउटा नयाँ राष्ट्रिय सुरक्षा परिषद्को स्थापना गरिने र त्यसका लागि सचिवालयसमेत खडा गरिने कुरा त परेको थियो तर त्यसको कार्यान्वयन गरिएन।[११२] न्यून दरबन्दी भएको रक्षा मन्त्रालयलाई सेनाको पत्राचारको ठेगाना जस्तो गरेर मात्र राखिएको छ, त्यसलाई विकसित गर्ने कुनै प्रयास भएन।[११३] अन्तरिम व्यवस्थापिका संसदको "१४६ समिति" को बैठक पनि बसेन, जुन समिति दुवै सेनाको भविष्यबारे छलफल गर्न बृहत् शान्ति सम्झौताअन्तर्गत बनेको थियो।[११४]

माओवादीको जनमुक्ति सेना एक क्रान्तिकारी पार्टीको नियन्त्रणमा रहेको निजी र राजनीतिकरण गरिएको शक्ति हो भन्ने आलोचकहरूको भनाइ गलत छैन। यस्तो अवस्था रहनु उचित होइन। जनमुक्ति सेना अरू पार्टीहरूसितको सम्बन्धमा झगडाको गुँड मात्र हुनेछ र यसको मारमा परेकाहरूका लागि यो शङ्काको स्रोत बनिरहनेछ। जे भए पनि जनमुक्ति सेना "चेन अफ कमान्ड" र राजनीतिक अनुशासनअन्तर्गत रहेको छ र यो नेपाली सेनाभन्दा धेरै पारदर्शी तथा प्रभावकारी पनि छ। त्यसको तुलनामा नेपाली सेना स्वायत्त शक्तिका रूपमा रहेको छ र यसले आफ्नो राजनीतिक शक्ति प्रयोग गर्ने उम्मेद साँचेको छ।

नेपाली सेना र सरकारबीचको सम्पर्क भनेको प्रधानमन्त्री र प्रधानसेनापति रुक्माङ्गद कटवालका बीच यदाकदा हुने निजी भेटघाट मात्र हुन्। यस्ता भेटघाट प्रशासनिक वा मन्त्रिपरिषद्को दायरा बाहिर हुने गर्छन्। एक्लाएक्लै बसेर गरिने त्यस्ता भेटघाटको कुनै लिखत राखिँदैन। तैपनि त्यस्तो भेटघाट हुने कारण चाहिँ प्रस्टै छ — सरकारप्रमुख र सेनाप्रमुख दुवै एकअर्कालाई आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्ने, नियन्त्रण गर्ने, प्रभावमा पार्ने र अँचेट्ने प्रयास गर्छन्। सामान्यतः प्रधानसेनापति कटवालको हात माथि छ र प्रधानमन्त्रीले सेना राज्यको अति नै शक्तिशाली संस्था हो भन्ने कुरा राम्रोसित बुझेका छन्। तर उनले राजतन्त्रको अन्त्य गर्ने विषयमा भने सेनालाई सुताइदिए।

शान्ति प्रक्रियाको सबैभन्दा विडम्बनापूर्ण पक्ष के हो भने सेना जबसम्म दरबारको नियन्त्रणमा थियो तबसम्म यसको व्यवहारलाई सन्तुलित राख्ने केही आधार थियो। उति बेला जस्तोसुकै भए पनि प्रधानसेनापतिले राजाका प्रमुख सैनिक सचिवको अनुमतिबिना केही गर्न सक्तैनथे। सेनाको सर्वोच्च कमान्ड नेपाली काङ्ग्रेसका सभापतिमा सरेपछि त्यो आधारभूत नियन्त्रण पनि समाप्त हुन पुग्यो। चाहे राणाकालमा होस् चाहे शाहकालमा, नेपाली सेनाको पूरै इतिहासमा यसउपर राजनीतिक नियन्त्रण यति कमजोर कहिल्यै थिएन।

मूलधारका राजनीतिक दलहरू सुरक्षा क्षेत्रको भविष्यबारे छलफल गर्न अनिच्छुक हुने मुख्य दुई कारण थिए। पहिलो, सेनाको मामिलामा हात हाल्न डर मान्थे (यस्तो गर्ने कोसिस गरे त्यस्तालाई सिध्याइदिने धम्की सेनाबाट पाएका थिए)[११५] दोस्रो चाहिँ उनीहरूले आफूसित बडो गतिलो योजना रहेको ठानेका थिए। उनीहरूका विचारमा माओवादीले चुनाव हारिहाल्छन् र यो विषय आफैं हराएर जानेछ त्यसउपर कुनै नीति नै बनाउनुपर्ने छैन भन्ने थियो। यही उनीहरूको नीति थियो उनीहरूको सोचाइमा माओवादी आफ्नो लज्जाजनक हारबाट यति कमजोर हुनेछन् कि तिनीहरू "वैधानिक" सेनाले जे भन्यो त्यही मान्नुपर्ने अवस्थामा आउनेछन् अथवा जनमुक्ति सेना निराश भएर शिविर छाडी जानेछन् र त्यसबाट माओवादी सम्राट एक्लो र नाङ्गै हुनेछन्। जे होस्, माओवादीको हार सम्भवतः

---

[११२] घोषणामा भनिएको छ : "राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी हालको व्यवस्था खारेज गरिएको छ। नेपाली सेनालाई नियन्त्रण, परिचालन र प्रयोग गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद् गठन गरिनेछ।" प्रतिनिधिसभाको घोषणा, १९ मे २००६, खण्ड ३.२, www.nepalnews.com/archive/2006/may/may19/hor_proclamation.php.

[११३] रक्षा मन्त्रालयका काम-कर्तव्यका बारेमा एक पृष्ठ लामो विवरण अनलाइनमा उपलब्ध छ। वास्तवमा मन्त्रालयको अधीनमा सेना हुनुपर्नेमा मन्त्रालयको युआरएलले नै यसलाई सेनाअन्तर्गत रहेको देखाउँछ। www.nepalarmy.mil.np/mod.php?hdng=ministry of defence MOD&pg=1.

[११४] बृहत् शान्ति सम्झौतामा उल्लेख गरिएको माओवादी सेनाका लडाकाहरूको समायोजन र पुनर्स्थापनसम्बन्धी विशेष समिति (१४६ समिति) अन्ततः २१ मे २००७ का दिन मात्र स्थापित भयो। तर यसको विघटन आफैँले गर्नुअघि यस समितिको बैठक एकपटक मात्र बस्यो। २२ अगस्त २००७ मा स्थापना गरिएको नयाँ राष्ट्रिय सुरक्षा परिषद् कागजमा मात्र सीमित छ। सरकारले विस्तृत शान्ति सम्झौताले निर्देश गरेबमोजिम नेपाली सेनाको लोकतान्त्रिकरण गर्ने र त्यसको आकारबारे पुनरावलोकनका लागि "विस्तृत कार्ययोजना" तयार गर्ने काम गरेन। त्यस्तो विस्तृत योजनामा "नेपाली सेनाको उचित सङ्ख्या निर्धारण गर्ने, राष्ट्रिय र समावेशी चरित्रको देखिने गरी सेनाको लोकतान्त्रिक संरचना तयार पार्ने, सेनालाई लोकतन्त्रका सिद्धान्तहरू तथा मानव अधिकारको मूल्यबारे दीक्षित पार्ने कार्यहरू समाविष्ट हुनुपर्छ भनिएको थियो।" विस्तृत शान्ति सम्झौता ४.७। माथि उल्लेखित वाक्यहरू क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपाल : स्थगित शान्ति*, पृ. ९ बाट उद्धृत गरिएका हुन्।

[११५] उदाहरणका लागि, हेर्नुहोस् अज्ञात व्यक्तिले दलहरूलाई पठाएका रहस्यमय 'सुझावहरू' जसले नेपाली सेनाको राजनीतिक प्राथमिकता देखाउँछन्। "यी सुझाव कसका होलान्?", *बुधबार*, १८ जून २००६।

राजतन्त्रलाई बचाइराख्ने आधार बन्ने थियो र राजाले सेनाको कमाण्ड सह्यालिराखेर आफ्ना प्रजाहरूलाई दुःखबाट जोगाउन सक्ने थिए। वास्तवमा यो कुनै गतिलो नीति थिएन। त्यसैले गर्दा कुनै पनि दल माओवादी विजयबाट उत्पन्न परिणामलाई साक्षात्कार गर्ने अवस्थामा थिएनन्।

मधेसीहरूलाई नेपाली सेनामा सामूहिक प्रवेश गराउने सहमति फेब्रुअरी २००८ को आठ बुँदे सम्झौताअन्तर्गत मधेसी दलहरूले गराउन सकेकाले यो मुद्दा झनै जटिल बनेको छ। मधेसी जनअधिकार फोरमका उपेन्द्र यादवलगायत धेरै मधेसी नेताहरू जनमुक्ति सेनाका लडाकाहरूलाई सेनामा समायोजन गर्ने कुराको जोडदार विरोध गर्दै आएका छन् र पहिले सहमति भएका विषयको कार्यान्वयन नभई अन्य मामिलामा प्रवेश गर्न दिन चाहँदैनन्।। सेनाले चाहिँ आठ बुँदे सहमतिअनुसारको सामूहिक भर्तीको अवधारणालाई स्वीकार्न नसकिने बताएको छ। नेपाली सेनाले एकसाथ दुइटा मोर्चामा लडनुपर्ने भएको छ।

## २. कुन बढी कालो? हाँडी कि ध्वाँसो?

यस अति संवेदनशील विषयमा “एकातिर नेपाली सेना... अर्कोतिर जनमुक्ति सेना...” भनेर लेखियो भने यो रिपोर्ट सन्तुलित बन्नेछ। तर यथार्थ भने यस किसिमले सन्तुलित छैन। सैन्य एकीकरण सम्बन्धमा माओवादीको अडान एकनासे रहेको र सम्झौतामूलक रहँदै आएको छ अनि त्यसबारे उनीहरूले जनतालाई बरोबर जानकारी दिँदै आएका पनि छन्।[११६] यो सबैलाई चित्तबुझ्दो खालको छैन र अन्य दलहरूले यसलाई थोकमै स्वीकार्नुपर्छ भन्ने कुनै कारण पनि छैन।[११७] यो माओवादीको प्रारम्भिक भनाइ हो, जो सम्झौतावार्ताका बेला परिमार्जन हुन सक्छ। जुन कुरा माओवादीले बुझेका छन्। यसै बेला, नेकपा (माओवादी) ले जनमुक्ति सेनालाई शान्ति प्रक्रियाको सुरुमै सरकारको कमान्डमा राख्न भन्दाभन्दै पनि जनमुक्ति सेनालाई समायोजन गरी आफ्नो अधीनमा ल्याउन राज्यले नै नचाहेको गुनासो गरेका छन्।[११८] जनमुक्ति सेनालाई समायोजनअघि राज्यको अधीनमा ल्याउन सकिने जोड कमान्डरहरूको छ।[११९]

अर्कोतिर “राज्यपक्ष” पक्ष छ। यसलाई एकताका “राजापक्ष” भनियो अनि (राज्यको नेतृत्व गर्ने हैसियतमा माओवादी नआउँदासम्म) “‘राज्यपक्ष” मानियो। मूलधारका दलहरूले यसलाई आफ्नो जिम्मेवारी ठानेको खण्डमा यो “मूलधारको पक्ष” पनि हुन सक्थ्यो। अहिले सेनाको निजी स्वामित्व भएको “नेपाली सेनाको पक्ष” भएको छ। जे भने पनि यस पक्षसित कुनै अडान रहेको देखिँदैन। जति नै प्रगतिमूलक र प्रजातान्त्रिक भए पनि नेपाली सेनाको नेतृत्वले परिवर्तनको आवश्यकतालाई स्वीकार गर्न नसक्ने भएकाले सार्थक वार्ताको तयारी सेनाको नेतृत्वबाट हुन सक्तैन। यस विषयमा नेपाली सेनालाई खासगरी भारत जस्ता शक्तिशाली सहयोगीको रक्षाकवच मिलेको छ।[१२०]

आफूले चाहेको बेला र आफूखुसी बोल्ने नेपाली सेनाले निर्वाचनबारे कुनै प्रकारको टिप्पणी गरेन। शातिपूर्ण कदमको स्वागत अनमिन समर्थित संयुक्त अनुगमन समितिको बैठकमा नेपाली सेनाका प्रतिनिधि मेजर-जनरल शिवराम प्रधानको मुखबाट आएको थियो।[१२१]

---

[११६] तिनका अडानबारे मूलधारका मिडियाले बराबर समाचार छाप्ने गरेका छन्। जस्तै, “नेपाली सेनामा जनमुक्ति सेनाको समायोजनका बारेमा बोल्दै उनले (प्रचण्डले) त्यस्तो समायोजन विस्तृत शान्ति सम्झौताअनुरूप हुने र सबै जनालाई सेनामा नमिसाइने बताए। व्यावसायिक र शारीरिक रूपमा योग्य व्यक्तिहरू मात्र सेनामा लिइनेछन्। कोही प्रहरीमा मिसाइनेछन् वा छुट्टै औद्योगिक सुरक्षा बल सिर्जना गर्न पनि सकिन्छ।”, “Prachanda Rejects NC, UML Pre-conditions to Join Govt”, *The Himalayan Times*, १९ मे २००८। माओवादी नेताहरूका भनाइ पनि एकनासे देखिन्नन्। जस्तै, जनमुक्ति सेनाका डेपुटी कमान्डर वर्षमान पुन “अनन्त” ले जनमुक्ति सेना राष्ट्रिय सेनामा गाभिनुभन्दा सरकारको नियन्त्रणमा रहने गरी छुट्टै सेनाका रूपमा रहन सक्छ भनेका थिए। “PLA to be separate security force: Pun”, *The Kathmandu Post*, १४ जून २००८।

[११७] माओवादीहरूको सुरक्षासम्बन्धी योजनाले विपक्षीहरूलाई झक्झक्याउन सक्छ तर यस सम्बन्धमा सार्वजनिक छलफल र बहस गरिएको छैन। उनीहरूका योजनामा सङ्ख्या घटाएर पातलो बनाइएको राष्ट्रिय सेनामा जनमुक्ति सेनाका केही लडाकाहरूको समायोजन गर्ने नभई सबै वयस्कलाई अनिवार्य सैनिक तालिम दिने र अवकाशप्राप्त गरुन्जेल नियमित रूपमा पुनर्ताजगी तालिम दिइराख्ने प्रस्ताव गरिएको छ। यसबारे कुनै सार्वजनिक नहुनुले के देखाउँछ भने टिप्पणीकर्ताहरूले यस विषयमा लेखिएका लेखहरू पढेका छैनन् अथवा यस विषयमा माओवादीहरूसित तर्क-वितर्क गर्न चाहँदैनन्।

[११८] “माओवादी सेनाको योग्यताबारे प्रश्न उठाउनु अन्यायपूर्ण”, *गोरखापत्र*, १७ जून २००८।

[११९] “सबै सशस्त्र शक्तिलाई राज्यको मातहत राखिने”, *गोरखापत्र*, १८ जून २००८।

[१२०] भारतको दृष्टिकोण खराब नियतबाट नभई उसको आफ्नै ऐतिहासिक कारणबाट बनेको छ। माओवादीमा सहानुभूति राख्नेलगायत सबै भारतीय राजनीतिज्ञहरू जनमुक्ति सेनालाई राष्ट्रिय सेनामा एकीकृत गर्ने कुरालाई पचाउन सक्दैनन्, किनभने स्वाधीनतापछि भारतको आफ्नै सेनाले पनि “स्वतन्त्रता सेनानीहरू” लाई सैनिक पदहरूमा लिएको थिएन। भारतीय वामपन्थीहरूका लागि यसले विशेष महत्त्व राख्दछ। भारतीय सेनाले लिन अस्वीकार गरेको स्वतन्त्रता सेनानीहरूमा खासगरी सुवासचन्द्र बोसको भारतीय राष्ट्रिय सेनाका जवानहरू थिए। यस सेनाले दोस्रो विश्वयुद्धमा जर्मन र जापानी सहयोग लिएको थियो। यस कुराको भारतीय कम्युनिस्टहरूले तगडा विरोध गरेका थिए। भारतीय कम्युनिस्टहरू आफ्नो राष्ट्रवादी आन्दोलन स्थगित गरेर तथा गान्धीको “भारत छोड” आन्दोलनलाई पन्छाएर भए पनि संयुक्त अधिराज्य (बेलायत) लाई फासीवाद विरुद्धको लडाइँमा सहयोग पुऱ्याउन चाहन्थे।

[१२१] “नेपाली सेनाले मङ्गलबार जनादेशको पालना गर्दै निर्वाचित सरकारको निर्देशनअनुसार चल्ने वचनबद्धता प्रकट गऱ्यो। सेनाको यो प्रतिबद्धता माओवादीले भावी सरकारको नेतृत्व गर्ने निश्चित भएको बेला आएको छ। माओवादीलगायत नेपाली सेना र संयुक्त राष्ट्रसङ्घ पनि रहेको संयुक्त अनुगमन समन्वय समितिको आजको बैठकमा नेपाली सेनाका ब्रिगेडियर जनरल

सामान्यतया बोल्न सङ्कोच नमान्ने खालका प्रधानसेनापतिले यो समय संवैधानिक प्रक्रियाको पुनर्लेखन गर्ने र संविधानसभाको सार्वभौम सत्तालाई गौण तुल्याउने खालको आन्तरिक सैनिक सर्कुलर जारी गर्ने काममा उपयोग गरे।[१२२] उनले संयुक्त राष्ट्रको शान्ति स्थापना कार्यमा योगदान गरेको पचासौँ वार्षिकोत्सवको अवसरलाई उपयोग गर्दै एक जना जनमुक्ति सेना पनि नेपाली सेनामा नमिसाउने आफ्नो भनाइ दोहोऱ्याएका थिए।[१२३] (यसलाई जहिले पनि "निश्चित मापदण्ड पूरा गर्ने कुनै पनि योग्य व्यक्तिका लागि प्रवेश खुला रहेको" भन्ने शब्दावलीमा सजाउने गरिन्छ। तर राजनीतिक दलमा आबद्ध कसैलाई पनि भर्ना नगरिने मापदण्ड भएकाले माओवादी लडाका त्यसै पनि भर्तीका लागि आयोग्य ठहरिन्छन्।) यस्तो भनाइ सेनाप्रति सहानुभूति राख्ने एक टिप्पणीकारको कथनमा खोक्रो ध्वाँसको कुरा मात्रै हुन्।"[१२४] सेनाका कट्टर समर्थकहरू "नेपालको सन्दर्भमा प्रजातन्त्र बाँच्यो भने मात्र सेनाको स्वाधीनता बाँच्छ" भन्ने भनाइमा होइन नेपाली सेनाको स्वायत्तताको संरक्षण नै मुलुकका लागि प्राथमिक लक्ष्य हुनुपर्छ भन्नेमा विश्वास गर्छन्।[१२५] सेनामा सुधार चाहिन्छ भन्ने अन्तर्राष्ट्रिय पक्षधरहरूलाई सुधारका कुनै पनि कदमले नेपाली सेनाको मनोबल कमजोर तुल्याउँछ अनि माओवादीलाई सत्ता कब्जा गर्न सजिलो बनाउँछ भनेर तर्साउने गरिन्छ। यस्तो तर्क हास्यस्पद हो। तर पनि दिल्ली र वासिङ्गटनसमेत त्यो कुरा भनिहाल्न चाहँदैनन्।

शिवराम प्रधानले नेपाली सेनाले अब आउने सरकारका निर्देशनहरूलाई पूर्णरूपमा पालना गर्ने बताए।", ekantipur.com, १५ अप्रिल २००८।

[१२२]प्रधानसेनापतिले जारी गरेको निर्देशपत्र (सर्कुलर) *जनआस्था*मा उद्धृत गरिएअनुसार ("सेनाद्वारा दिनदिनै अनौठो सर्कुलर", ११ जून २००८) "आज जो अर्कालाई हटाएर फाइदा लिन्छन् त्यस्तालाई भोलि अर्काले हटाउनेछ।" यसमा ज्ञानेन्द्रप्रतिको सङ्केत प्रस्ट छ, तर कतै आफ्नै अवस्थाबारेको डरको सङ्केत त होइन?

[१२३]नेपाली सेनाको पाँचखालस्थित तालिमकेन्द्रमा आयोजना गरिएको समारोहमा संयुक्त राष्ट्रले उपस्थित नहुने निर्णय गरेको थियो। किनभने त्यहाँ फेब्रुअरी २००४ मा १५ वर्षे किशोरी मैना सुनुवारलाई यातना दिएर हत्या गरी गाडिएको थियो। यस मामिलामा सर्वोच्च अदालतले सेप्टेम्बर २००७ मा प्रहरी अनुसन्धान गर्न आदेश दिएको थियो। ३१ जनवरी २००८ मा चार जनालाई अभियुक्त बनाई जिल्ला अदालत काभ्रेमा उजुरी दर्ता गरिएको थियो र अभियुक्तहरूलाई अदालतमा हाजिर हुन आदेश दिइएको थियो। हत्याको चौथो वार्षिकीमा राष्ट्रसङ्घ मानवअधिकार उच्चायुक्त लुई आर्बरले अनुसन्धानमा ढिलाइ भइरहेकोले त्यस कार्यमा पूर्ण सहयोग गर्न नेपाली सेनालाई आह्वान गरेकी थिइन्। संयुक्त राष्ट्रसङ्घ मानवअधिकार उच्चायुक्तको कार्यालयको प्रेस विज्ञप्ति, काठमाडौं, १७ फेब्रुअरी २००८। हेर्नुहोस् प्रेस वक्तव्य, एड्भोकेसी फोरम-नेपाल, १७ फेब्रुअरी २००८।

[१२४]टिप्पणीकारले कटवालको "नेपाली सेना प्रजातन्त्रको प्रमुख प्रवर्द्धक र रक्षकका रूपमा रहने र नेपालको शक्तिका रूपमा रहिरहनेछ। त्यसै हुनाले प्रजातन्त्रका नाममा सेनाको शुद्धता, पवित्रता र अखण्डतामा कहिल्यै पनि सम्झौता गरिनु हुँदैन भन्ने कुरामा हामी दृढ विश्वास राख्तछौं" भन्ने कुरालाई उद्धृत गरेका थिए। M.R. Josse, "PLA integration: tough nut to crack", *People's Review*, १९ जून २००८।

[१२५]सिद्धार्थ थापा, "To realise the peaceful middle way", *Newsfront*, १६ जून, २००८।

## ३. निकास के हो त?

तैपनि प्रगति हुने आशा छ। पारस्परिक वैमनस्यता रहँदारहँदै पनि नेकपा (माओवादी) र नेपाली सेनाबीच विभिन्न तहमा वार्ता भएका छन्। यसले सम्झौताको सम्भावनालाई बढाएको छ। यसले शान्ति प्रक्रियामा तथा मुलुकको सुरक्षा फौजमा लोकतान्त्रिक नियन्त्रण रहनुपर्छ भनी विश्वास गर्ने जोसुकैलाई झस्काउनु स्वाभाविक हो। प्रजातन्त्रप्रति जसको प्रतिबद्धता शङ्काको घेरामा छ त्यस्ता दुई सशस्त्र फौजबीच भित्री तवरमा कोठे वार्ता हुनु भनेको मूलधारका दलहरूले शान्ति प्रक्रियामा लिनुपर्ने जिम्मेवारीबाट पन्छिएको दुःखलाग्दो उदाहरण हो।

उत्तरदायित्वपूर्ण र उपयुक्त प्रक्रियाको प्रारम्भिक कार्य गर्न अझै पनि सम्भव छ र त्यसका लागि धेरै दुःख बेसाइरहनु पर्दैन। यस्ता कार्यमा भविष्यमा गरिने व्यवस्थालाई आकार दिने अहिले चलिरहेको युद्धविरामलाई टिकाइराख्ने र सुरक्षा क्षेत्रमा नागरिक नियन्त्रण रहने खालको पूर्वाधार खडा गर्नेतर्फ साना तर व्यावहारिक कदमहरू चाल्ने आदिबारे सम्बद्ध पार्टीहरूबीच संरचनागत छलफलहरू पर्दछन्। यसका लागि रक्षा मन्त्रालयको दरबन्दी र स्रोत थपेर बलियो बनाउनुपर्छ। सबै प्रमुख दलहरूको प्रतिनिधित्व रहने गरी राष्ट्रिय सुरक्षा परिषद्को स्थापना गरिनुपर्छ र त्यसका लागि सचिवालय आदिको व्यवस्था गरिनुपर्छ, जसले गर्दा नेपाली सेनामा विश्वास जगाउन सकिन्छ तथा योजना तयार गर्नमा सेनाको अनुभवको उपयोग गर्न सकिन्छ। यी कुनै पनि काम रकेट विज्ञानका विषय होइनन् र सजिलै गर्न सकिने काम हुन्।

नेपाली सेना र जनमुक्ति सेना एकसाथ बसेर काम गर्न जहाँ बाध्य पारिएका छन्, (संयुक्त अनुगमन समन्वय समितिमा) त्यहाँ तिनीहरूले मिलेर काम गरेका छन्।[१२६] निजी तवरमा कुरा गर्दा नेपाली सेनाका उच्च पदाधिकारीहरू माओवादी लडाकाहरूलाई तल्ला तहमा समायोजन गर्न सहमत पाइन्छन्, तर माओवादी कमान्डरहरूलाई भने सोझै उच्च पदमा लग्न नसकिने बताउँछन्।[१२७] (नेपाली

[१२६]संयुक्त अनुगमन समन्वय समितिको बैठक ७५ पटक बस्यो र यसको काम निकै राम्रो रह्यो। समितिमा रहेका नेपाली सेना र जनमुक्ति सेनाका प्रतिनिधिसँगको क्राइसिस ग्रुपको अन्तर्वार्ता, १८ जून २००८। "शान्ति प्रक्रियाले स्थापित गरेको कार्यमूलक अङ्गको सर्वोत्तम दृष्टान्त", क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालः स्थगित शान्ति*, माथि उल्लेखित, पृ. ९।

[१२७]जनवरी-अप्रिलमा क्राइसिस ग्रुपले विभिन्न स्थानमा लिएको अन्तर्वार्ता। दुई जना ब्रिगेडियर जनरलले भिन्नाभिन्नै ठाउँमा तर उही शब्द दोहोऱ्याएर आफू तीस-तीस वर्षसम्मको सेवा र उच्च योग्यता हासिल गरेपछि मात्र अहिलेको पदमा आइपुगेको बताएका थिए। तिनमा एक जना कट्टर राजावादी थिए र अर्का चाहिँ गणतन्त्र भए पनि फरक नपर्ने विचारका थिए। दुवै जनाले नेपाली सेनाको उच्च तहमा कुनै "अनन्त" वा "पासाङ" (युवा तर जनमुक्ति सेनाका अनुभवी डेपुटी कमान्डरहरू) लाई ल्याउनुपरेमा त्यही नै मुख्य समस्या हुने कुरा बताए। वास्तवमा नेकपा (माओवादी) ले दुई वरिष्ठ अधिकारीहरू बलदेव र पासाङलाई जगेडामा राखेको छ। उनीहरूलाई

सेनाका विदेशी समर्थक जनमुक्ति सेनाका केही हजार सैनिक पस्तैमा नेपाली सेनालाई केही अप्ठेरो नपर्ने ठान्दछन्।[128] क्राइसिस ग्रुपले कनिष्ठ र मध्यम श्रेणीका सैनिक अधिकृतहरूसँग लिएको अन्तर्वार्तामा सेनाले निर्वाचनमा हस्तक्षेप गर्न नपरेकामा उनीहरूले खुसी व्यक्त गरेका थिए। तर सेनाप्रमुखले संस्थाउपर राजनीतिक खेल खेलिरहेकोमा सबैजसोमा चिन्ता पाइयो।[129] नेकपा (माओवादी) ले नेपाली सेनाको मुख्यालयभित्रै २०० मत पाएको तथ्यले के पुष्टि गर्छ भने पहिले युद्ध मैदानमा भिडेका दुश्मनहरू जिन्दगीभरका लागि दुश्मन रहन्छन् भन्ने छैन।[130]

दुवै फौज तीखो सार्वजनिक आलोचनाबाट जोगिएका छन्। यसो हुनुमा एउटा कारण त उनीहरूप्रतिको डर पनि हो। अर्को कारण चाहिँ लामो समयदेखि सैनिक पेसालाई सम्मानजनक व्यवसायका रूपमा हेर्दै आएको छ। अहिलेसम्म एक प्रभावकारी सत्य निरुपण तथा मेलमिलाप आयोगको स्थापना गर्ने वा व्यक्तिगत रूपमा कसैउपर युद्ध अपराध गरेको मुद्दा चलाउने सम्भावना क्षीण छ। यस्तो अवस्थामा कुनै छनोट प्रक्रियाअन्तर्गत कुनै प्रकारको समायोजन सुरु गर्न सकेमा त्यसबाट नेपाली सेना र जनमुक्ति सेना दुवैको सार्वजनिक छविमा सुधार आउन सक्थ्यो।[131] अधिकांश नेपाली जनता यस्तो सेना चाहन्छन् जसले उनीहरूको सुरक्षा गरोस् र जसलाई सम्मान गर्न सकियोस्। दुइटै फौज मिलेर बनेको छरितो आकारको र सबै समुदायको बढी प्रतिनिधित्व भएको तथा लोकतान्त्रिक नियन्त्रणमा रहेको सेना भयो भने त्यो अति महत्त्वपूर्ण राष्ट्रिय सम्पत्ति साबित हुनेछ। अहिलेलाई ती सीमित स्रोत-साधन सिध्याउने हन्तकाली जस्ता छन् र शान्तिका लागि सधैं खतरा बनेर बसेका छन्।

## ख) शान्ति, शासन व्यवस्था र संविधान लेखन

